सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२१ वैशाख २०८०, बिहीबार (4 May 2023, Thursday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

चार महिनामा २५ पाइलट-इन्जिनियर कारबाहीमा



जहाजमा टिकटक बनाउनेदेखि काठमाडौं ल्याउनुपर्ने यात्रुलाई नेपालगन्ज पुऱ्याएर अलपत्र पार्नेसम्मका घटनाका दोषी कारबाहीमा

(विस्तृत पृष्ठ ९)

रुसी राष्ट्रपति पुटिनमाथि ड्रोन आक्रमणको प्रयास



रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको क्रेमलिनस्थित निवासमा 'ड्रोन आक्रमण' भएको छ, रुसले भन्यो- आतंकवादी हमला भयो

(विस्तृत पृष्ठ ७)

नजिकिँदै रास्वपा-जनमत

थालियो कार्यगत एकताको पहल



गत ४ मंसिरको निर्वाचनबाट नयाँ शक्तिका रूपमा उदाएका दुई दल राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीबीच कार्यगत एकताको पहल सुरु

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै एक अर्ब ठगी प्रकरण

पक्राउ पर्न थाले गिरोहका 'हाई प्रोफाइल'

■ प्रहरी प्रवक्ता डिआइजी कुवेर कडायत भन्छन्-



शंकाको भरमा होइन, प्रमाणका आधारमा पक्राउ गरेका हौं

नवराज मैनाली/नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै झन्डै एक अर्ब ठगी गर्ने गिरोहमा 'हाई प्रोफाइल'हरूको संलग्नता देखिएको छ। गृह मन्त्रालयकै सहयोगमा भएको यो ठगी धन्दामा संलग्न सरकारका बहालवाला सचिव टेकनारायण पाण्डे बुधबार पक्राउ परेका छन्। सांसदसमेत रहेका एमाले सचिव टोपबहादुर रायमाझीविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। रायमाझीका छोरा सन्दीपलाई पनि प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेका सचिव पाण्डे उपराष्ट्रपति कार्यालयमा कार्यरत थिए। गृह मन्त्रालयको सचिव हुँदा ठगीमा सघाएको प्रमाण भेटिएपछि अदालतले उनीविरुद्ध केही दिनअघि पक्राउ पुर्जी जारी गरेको थियो। बुधबार आफैं प्रहरी कार्यालय पुगेका पाण्डेलाई प्रहरीले नियन्त्रणमा लिई अदालतमा उपस्थित गराएर तीन दिन थुनामा राख्न म्याद लिएको छ। उनलाई अनामनगरस्थित सिंहदरबार वृत्तको हिरासतमा राखी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी सीताराम रिजालले

» पृष्ठ ११ मा क्रमशः

■ एमाले सचिव तथा पूर्वमन्त्री रायमाझीविरुद्ध पक्राउ पुर्जी, छोरो पक्राउ



टोपबहादुर रायमाझी



सन्दीप रायमाझी

बहालवाला सांसदसमेत रहेका टोपबहादुर रायमाझी र उनका छोरा सन्दीपको भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिन्छु भनेर पैसा उठाउने बिचौलियाद्वय सानु भण्डारी र सन्देश शर्मासँग सम्बन्ध देखिएको छ। भण्डारीको डायरीमा टोपबहादुरलाई पैसा दिएको विवरण भेटिएको छ भने सन्दीपको बैंक खातामै पटक-पटक ठूलो रकम पठाएको अनुसन्धानबाट पत्ता लागेको छ। सन्दीपलाई प्रहरीले बुधबार साँझ बुटवलबाट पक्राउ गरेको छ भने टोपबहादुरलाई पनि पक्रन प्रहरी परिचालित छ। गृहजिल्ला अर्घाखाँचीको छत्रदेव-४ स्थित महेन्द्र विद्याबोध माध्यमिक विद्यालयको हीरक महोत्सवमा बुधबार विशिष्ट अतिथि बनेका टोपबहादुरले काठमाडौं फर्किँदै गरेको बताएका छन्।

■ आईजिपीलाई फुली लगाउने हातमा हत्कडी



टेकनारायण पाण्डे

गृह मन्त्रालयको सचिव हुँदा पन्थी कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्ने आश्वासन बिचौलिया र पीडितलाई दिएका थिए। उनले यही ठगीमा गत वर्ष पक्राउ परेका सानु भण्डारीलाई छुटाउन पहल गरेका थिए भने अर्का बिचौलिया केशव दुलालसँग लेनदेनका विषयमा पटकपटक ह्वाट्सएपमा गरेको कुराकानी प्रहरीले फेला पारेको छ। ठीक एक वर्षअघि तत्कालीन आइजिपी धीर जप्रताप सिंहलाई फुली लगाएका पाण्डेको हातमा अहिले हत्कडी छ।

■ तत्कालीन गृहमन्त्री बादलका सल्लाहकार राई हिरासतमा, छोरो फरार



इन्द्रजित राई



नीरज राई

तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलको सल्लाहकारका हैसियतमा मन्त्रालय छिरेका इन्द्रजित राईले ठगी गिरोहको स्वार्थअनुसार भुटानी शरणार्थी समस्या समाधानसम्बन्धी कार्यदल गठन गराउन पहल गरे। बिचौलिया सानु भण्डारीका साथी गणेश केसीलाई त कार्यदलको सदस्य नै बनाए। कार्यदलको प्रतिवेदनमा नाम थपेको भन्दै गिरोहलाई पैसा असुल्न सहज बनाए। जसमा छोरा नीरजलाई पनि खटाए। राई बाबुछोराले भण्डारीमार्फत पटक-पटक गरेर साढे पाँच करोड बुझेको प्रहरी अनुसन्धानबाट खुलेको छ। इन्द्रजित मंगलबार पक्राउ परिसकेका छन् भने छोरा नीरज पक्राउ पर्ने सुईंको पाएपछि फरार भएका छन्।

■ अन्य 'हाई प्रोफाइल' पनि तानिने सम्भावना

यो ठगी प्रकरणमा अन्य उच्चपदस्थ व्यक्तिहरू पनि तानिने सम्भावना रहेको प्रहरी अधिकारीहरू बताउँछन्। ठगीमा सघाउने मात्र होइन पछि संरक्षण दिने कामसमेत भएको स्रोत बताउँछ।

'अनुसन्धान जारी छ, थप व्यक्तिहरूको संलग्नता रहेको संकेत मिलेको छ। पुष्टि हुँदा उनीहरू पनि पक्राउ पर्छन्,' नेपाल प्रहरीका प्रवक्ता डिआइजी कुवेर कडायतले भने, 'प्रमाण भेटिएमा जो-कोही पनि अनुसन्धानको दायरामा आउँछन्, कानुनले कसैलाई छाड्दैन।'

स्रोतका अनुसार प्रहरीले तीनजनालाई पक्राउ गरेर अनुसन्धान थालेलगत्तै एक पूर्वमन्त्रीले बयानका क्रममा अन्य व्यक्तिको नाम नलिने वातावरण बनाउन सहयोगी खटाएका थिए। ठगीमा संलग्नहरूलाई जोगाउन भनेरसमेत गत वर्ष विभिन्न व्यक्तिहरूले पैसा उठाएको पक्राउ परेकाको भनाइ छ। तर, आफू मात्र फस्ने देखेपछि उनीहरूले पैसा उठाउनेहरूको नाम पनि प्रमाणसहित धमाधम खुलाउन थालेका छन्। केही पीडितहरूले नै अन्य उच्चपदस्थ व्यक्तिविरुद्ध पनि किटानी जाहेरी दिएका छन्।

पाँच बिचौलिया पक्राउ परेपछि खुल्न थाल्यो 'हाई प्रोफाइल'को संलग्नता



केशव दुलाल



सानु भण्डारी



सन्देश शर्मा



सागर राई



टंक गुरुङ

गत ११ चैतमा उपत्यका अपराध अनुसन्धान कार्यालयले तीनजना बिचौलिया केशव दुलाल, सानु भण्डारी र टंक गुरुङलाई पक्राउ गरी अनुसन्धान थालेको थियो। पछि सन्देश शर्मा र सागर राई पनि पक्राउ परे। उनीहरूकै बयानका आधारमा सचिवदेखि पूर्वमन्त्रीसम्मको संलग्नता खुल्यो।

तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलले गठन गरेको कार्यदलमाथि नै प्रश्न

३० जेठ ०७६ मा तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'को निर्णयअनुसार पूर्वसहसचिव बालकृष्ण पन्थीको नेतृत्वमा भुटानी शरणार्थीसम्बन्धी समस्याको स्थायी समाधानका लागि कार्यदल बनेको थियो। कार्यदलको गठन र त्यसको प्रतिवेदन नै ठगीको प्रमुख आधार बनेको अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीहरू बताउँछन्। त्यही प्रतिवेदनमा पैसा बुझाउनेहरूको नाम थपेको विश्वासमा पारी ठगी गरिएको थियो। जसमा गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राईको विशेष भूमिका थियो। ठगीको योजनामा सुरुदेखि नै उनको संलग्नता अनुसन्धानमा देखिएको छ। तत्कालीन गृहमन्त्री बादलका छोरा प्रतीक थापाले पनि आफूहरूलाई सघाएको बयान पक्राउ परेकाहरूले दिएका छन्। 'तत्कालीन गृहमन्त्रीज्यू र छोराको हकमा संलग्नता पुष्टि हुने प्रमाण अझै खोजिरहेका छौं,' काठमाडौं परिसरका एक प्रहरी अधिकारीले भने, 'अप्रत्यक्ष रूपमा त सिंगो गृह मन्त्रालयले नै सघाएको देखिन्छ।'

ट्रक पल्टिएर घरमा ठोक्किँदा स्कुल हिँडेका बालकसहित तीनको मृत्यु



तनहुँमा **उपेन्द्र खनाल**

तनहुँको बन्दीपुर गाउँपालिका- ५ आँधीखोलामा ट्रक पल्टिएर घरमा ठोक्किँदा तीनजनाको मृत्यु भएको छ। पृथ्वी राजमार्गअन्तर्गत डुम्रेबाट मुग्लिन जाँदै गरेको ना.४ख १९७३ नम्बरको ट्रक अनियन्त्रित भई सडकछेउमा रहेको चेतबहादुर घर्ती, सनबहादुर भुजेल र सुनमाया भुजेलको घरमा ठोक्किएको हो।

घटनामा ५० वर्षीय चेतबहादुर र ६९ वर्षीय सनबहादुरको मृत्यु भएको छ। त्यस्तै, स्कुल जान गाडी कुरिरहेका बन्दीपुर गाउँपालिका- १ का १२ वर्षीय आयुष भुजेलको पनि ज्यान गएको जिल्ला प्रहरी कार्यालय तनहुँका डिएसपी मोहनबहादुर खाणले बताए। दुर्घटनामा गम्भीर घाइते भएका तीनैजनाको उपचारका क्रममा चितवनस्थित पुरानो मेडिकल कलेज भरतपुरमा मृत्यु भएको हो।

दुर्घटनामा पाँच स्कुले बालबालिका घाइते भएका छन्। बन्दीपुर- १ का ६ वर्षीया आयुषा भुजेल, १० वर्षीया जस्मिन भुजेल, १० वर्षीय ईश्वर भुजेल, आठ वर्षीय समीर भुजेल र पाँच वर्षीय सन्तोष भुजेल घाइते भएका हुन्। उनीहरूको पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको डिएसपी खाणले बताए।

दुर्घटनामा मृत्यु भएपछि आक्रोशित समूहले ट्रकको सिसा फोडेका थिए। सवारी दुर्घटनाका दोषीलाई कानुनबमोजिम कारबाही गर्ने, घाइतेको उपचारमा पहल गर्ने, दुर्घटनामा मृत्यु भएकालाई कानुनबमोजिम क्षतिपूर्ति उपलब्ध गराउने सहमतिपछि सडक सुरु गरिएको थियो।

पृथ्वी राजमार्ग चार घन्टा अवरुद्ध हुँदा लामो तथा छोटा दूरीमा चल्ने सवारीसाधन रोकिएका थिए।

नवौंपटक विस्तार गर्दा पनि मन्त्रिपरिषद्ले पाएन पूर्णता

■ नवनियुक्त तीन मन्त्रीको शपथ आज ३ बजे



धनराज गुरुङ
कानुनमन्त्री



मोहनबहादुर बस्नेत
स्वास्थ्यमन्त्री



डिगबहादुर लिम्बू
खेलकुदमन्त्री

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

काग्रेसको भागका थप तीन मन्त्री नियुक्त गरेर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नवौंपटक मन्त्रिपरिषद् विस्तार गरेका छन्। तर, मन्त्रिपरिषद्ले भने अझै पूर्णता पाएको छैन। जनमत पार्टी सरकारबाट बाहिरिएपछि खाली रहेको खानेपानी मन्त्रालय र जसपाको भागमा परेको वन मन्त्रालयमा पार्टीले मन्त्रीको नाम नपठाउँदा दुवै मन्त्रालय प्रधानमन्त्री प्रचण्डकै जिम्मामा छन्।

काग्रेस उपसभापति धनराज गुरुङ कानुन, मोहनबहादुर बस्नेत स्वास्थ्य र डिगबहादुर लिम्बू खेलकुदमन्त्री नियुक्त भएका छन्। नवनियुक्त मन्त्रीहरूको शपथ बिहीबार अपराह्न ३ बजे हुने राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले बताए।

■ रास्वपा महामन्त्री मुकुल ढकाल भन्छन्-



सरकारमा रास्वपा सहभागी हुने सम्भावना टरिसकेको छैन, शुक्रबार पार्टीले एउटा निर्णय लिन्छ

■ 'पर्ख र हेर'को अवस्थामा जनमत पार्टी

काग्रेस मुख्य सचेतक रमेश लेखकले छिट्टै मन्त्रिपरिषद् लाई पूर्णता दिन गठबन्धनमा छलफल भएको बताए। 'काग्रेसबाट टुंगो लागिसक्यो। बाँकी मन्त्रालयमा पनि सम्बन्धित दलले छिट्टै नाम पठाउने र मन्त्रिपरिषद्लाई पूर्णता दिने गठबन्धनमा छलफल भएको छ। सरकारले छिट्टै पूर्णता पाउनेछ,' बालुवाटारमा भएको गठबन्धन बैठकपछि लेखकले भने।

जसपाले भने आफूले पाउने मन्त्रालयको विषय टुंगो नलागेको र छलफलकै क्रममा रहेको जनाएको छ। प्रवक्ता मनीष सुमनले मन्त्रालय टुंगिएपछि मन्त्री पनि टुंगिने बताए। 'प्रधानमन्त्रीले नाम माग्नुभएको छैन। उपनिर्वाचनमा व्यस्त हुँदा मन्त्रालयको विषय पूर्ण रूपमा टुंगो लागेको छैन, बिहीबारसम्म टुंगो लाग्ने सम्भावना छ,' प्रवक्ता सुमनले भने। यसअघि सरकार विस्तारका क्रममा रोजेको मन्त्रालय नपाएपछि असन्तुष्टि जनाउँदै खानेपानी मन्त्रालयबाट राजीनामा दिएको जनमत पार्टीसँग पनि छलफल भइरहेको नेताहरू बताउँछन्।

काग्रेसले आठ मन्त्रालय पाउँदा शेखर-गगन समूहका दुई मात्रै मन्त्री

काग्रेसले आठ मन्त्रालय पाउँदा नेता शेखर कोइराला र महामन्त्री गगन थापा समूहबाट दुईजना मात्रै मन्त्री बनेका छन्। बुधबार मन्त्री बनाइएका उपसभापति गुरुङ र लिम्बू

» पृष्ठ ११ मा क्रमशः

■ गठबन्धनमा बजेट विमर्श

सेवाप्रवाह, सुशासन र समृद्धिलाई केन्द्रमा राखेर बजेट ल्याउने



प्रधानमन्त्रीनिवास बालुवाटारमा बसेको सत्तागठबन्धनको बैठक। तस्बिर : रासस

● पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री



अहिलेको चुनौती सामना गर्ने गरी अगाडि बढ्नुपर्नेछ। साझा धारणा तयार गरेर नीति तथा कार्यक्रम र बजेट तयार पार्नौं। जसले जनतालाई परिवर्तनको अनुभूति गरोस्। देशमा केही हुँदै छ भन्ने सन्देश जाओस्। डेलिभरी, सुशासन र समृद्धिमा सरकार गम्भीर भएर लागेको छ। जनताको अपेक्षा र आशा बढेका छन्। त्यसलाई सम्बोधन गरेर जानुपर्छ।

● शेरबहादुर देउवा
सभापति, काग्रेस



देशको अवस्था र जनताको अपेक्षालाई ख्याल गरेर न्यूनतम साझा कार्यक्रम तयार गर्नुपर्छ। सबैका सुझाव समेटेर कार्यान्वयन गर्ने खालको कार्यक्रम बनाउनुपर्छ।

● माधव नेपाल
अध्यक्ष, ए. समाजवादी



देशको अर्थतन्त्रलाई उकास्नुपर्नेछ, जनतालाई प्रत्यक्ष अनुभूति हुने गरी डेलिभरी दिनुपर्नेछ। ठोस परिस्थितिको ठोस विश्लेषण गरेर कार्यक्रम तयार पार्नुपर्छ।

● उपेन्द्र यादव
अध्यक्ष, जसपा



जनताको अपेक्षा ठूलो छैन। साना-साना काममा दुःख नहोस् भन्ने छ। जनतालाई केन्द्रमा राखेर कार्यक्रम आउनुपर्छ।

● महन्थ ठाकुर
अध्यक्ष, लोसपा



जनमुखी नीति तथा कार्यक्रम र बजेट आउनुपर्छ, जसले जनताका आधारभूत आवश्यकता सम्बोधन गर्न सकोस्।

प्रेम गौतम/नयाँ पत्रिका

सत्तागठबन्धनका दलहरूले सेवाप्रवाह, सुशासन र समृद्धिलाई केन्द्रमा राखेर आगामी बजेट ल्याउने गरी छलफल थालेका छन्। नीति तथा कार्यक्रम र बजेटबारे बुधबार पहिलोपटक विमर्श गरेका गठबन्धन दलहरूले यसबारे शुक्रबार विस्तृत छलफल गर्ने निर्णयसमेत गरेका छन्।


» पृष्ठ ११ मा क्रमशः

साढे १५ लाखमा आँखाको समस्या

८० प्रतिशत प्रभावितमा समयमै उपचार गर्दा निको हुन सक्ने मोतियाविन्दु, डायबेटिक रेटिनोप्याथी, ग्लुकोमाजस्ता समस्या

मञ्जु टेलर/नयाँ पत्रिका

नेपालमा १५ लाख ६५ हजार नौ सय सातजना मानिस कुनै न कुनै आँखाको समस्याबाट प्रभावित छन्। 'रेपिड असिस्मेन्ट अफ अभोइडेबल ब्लाइन्डनेस (आरएएबी) २०२२' को तथ्यांकअनुसार ४० हजार दुई सय ३० मा अन्धोपन, ६३ हजार नौ सय ८५ मा दृष्टिमा गम्भीर समस्या, दुई लाख ८५ हजार आठ सय २५ को दृष्टिमा मध्यम खालको समस्या, तीन लाख ९३ हजार एक सय पाँचजनाको दृष्टिमा माइल्ड समस्या र सात लाख ८२ हजार सात सय ६२ जनामा अन्य विभिन्न किसिमको समस्या छ।



अन्धोपन, जलविन्दु, मोतियाविन्दु, डायबेटिक रेटिनोप्याथीलगायत समस्याको समयमै उपचार नपाउँदा ८० प्रतिशत प्रभावित दृष्टिसम्बन्धी समस्या भोगिरहेका छन्। समयमै चस्मा नलगाउँदा र सामान्य सर्जरीको पहुँचमा नहुँदा प्रभावितको ठूलो संख्याले आँखासम्बन्धी समस्या भोगिरहेको हो। तर, सर्जरी र चस्माको माध्यमबाट अधिकांशमा दृष्टिको समस्या निको पार्न सकिने अध्ययनले देखाएको छ।

हाल उपचारको माध्यमबाट निको पार्न सकिनेमध्ये मोतियाविन्दु, डायबेटिक रेटिनोप्याथी, ग्लुकोमालगायत समस्याबाट जनसंख्याको ठूलो समूह प्रभावित भइरहेको छ। आरएएबीको तथ्यांकअनुसार हाल सबैभन्दा बढी मोतियाविन्दुको समस्याबाट प्रभावित छन्। मोतियाविन्दुको शल्यक्रियाको दर तुलनात्मक रूपमा निकै बढी भए पनि प्रभावितको संख्याका आधारमा दृष्टिको समस्या अझैसम्म मोतियाविन्दु मुख्य कारण बन्दै गएको छ।

» पृष्ठ ११ मा क्रमशः

● डा. सविना श्रेष्ठ
काठमाडौं मेडिकल कलेज



केही समस्या आँखा नियमित सफा गर्ने र तातोले सेक्नेजस्ता विधिबाट उपचार गर्न सकिन्छ। यसबाहेक सर्जरीको माध्यमबाट पनि अधिकांशमा समस्या सजिलै समाधान हुन्छ। तर, हामीकहाँ यसबारे पर्याप्त ज्ञान नहुनु, बच्चाहरूमा समयमा रोग पत्ता नलाग्नु, स्क्रिनको बढ्दो प्रयोग आदि दृष्टिदोषका कारक बनिरहेका छन्।

● युद्धध्वज सापकोटा, दक्षिण एसिया क्षेत्रीय संयोजक, इन्टरनेसनल एजेन्सी फर प्रिभेन्सन अफ ब्लाइन्डनेस



नेपालमा मात्रै नभई उपचार अभावमा दृष्टिको समस्यासहित बाँचिरहेकाको संख्या विश्वभरि नै उच्च देखिन्छ। तथ्यांक हेर्दा दृष्टिमा समस्या भोगिरहेका २.२ बिलियन जनसंख्यामध्ये झन्डै एक बिलियनमा उपचारको माध्यमबाट समस्या समाधान गर्न सकिन्छ।

एयरपोर्ट–माइतीघरको फुटपाथ भत्काएर तार भूमिगत गर्न प्राधिकरणको माग

सडक विभाग भन्छ- अनुमति दिन सकिँदैन

शिवहरि घिमिरे/नयाँ पत्रिका

एयरपोर्टदेखि माइतीघरसम्मका फुटपाथ काठमाडौंका अन्य ठाउँका भन्दा राम्रा र चिटिक्क छन्। सडक डिभिजन काठमाडौं र काठमाडौं महानगरले यो खण्डको फुटपाथ मर्मत एक वर्षअघि मात्रै गरेको हो। तर, यही खण्डको फुटपाथ भत्काउन विद्युत् प्राधिकरणले सडक विभागसँग अनुमति मागेको छ। फुटपाथमुनि तार भूमिगत गर्ने भन्दै प्राधिकरणले अनुमति मागेको हो। विभागले भने भर्खर बनेको फुटपाथ भत्काए सर्वसाधारणलाई ओहोरदोहोरमा सास्ती हुने भन्दै अनुमति दिन आनाकानी गरिरहेको छ।

प्राधिकरणले उपत्यकाका केही सडकमा तार भूमिगत गरिरहेको छ। भूमिगत गर्ने क्रममा यात्रु र सवारी आवागमनमा अवरोध भएको भन्दै सर्वसाधारणले गुनासो गरेका छन्। सडक विभागले पनि प्राधिकरणले सम्झौताविपरीत काम गरेको आरोप लगाउँदै आएको छ। प्राधिकरणले हालसम्म मुख्य योजनाको करिब १४ प्रतिशत सम्पन्न गरेको जनाएको छ। कतिपय भित्री सडकमा तार भूमिगत गरेपछि फुटपाथमा धराप थापेजस्तो भएको छ। तार भूमिगत गर्न भत्काएको कालोपत्रे मर्मत नगरिदिने, खाल्डा नपुर्ने र कालोपत्रे गरे पनि भारा टार्ने खालको मात्रै भएको सडक विभागको आरोप छ। जसका कारण उपत्यकाका अधिकांश सडक हिलाम्ये, धुलाम्ये र अस्तव्यस्त छन्।

■ जहाँ-जहाँ तार भूमिगत त्यहाँ-त्यहाँ सडक अस्तव्यस्त

बागमती करिडोर, धोबीखोला करिडोर, अनामनगर क्षेत्र, टेकु कालीमाटी सडक, महाराजगन्ज-बुढानीलकण्ठ, चाबहिल महांकाललगायत सडक विद्युत् प्राधिकरणले तार भूमिगत गर्दा अस्तव्यस्त पारेको छ। सम्झौताअनुसार तार भूमिगत गरिसकेपछि सडकलाई पुरानै अवस्थामा फर्काउने भने पनि त्यसो हुन सकेको छैन। जसका कारण सडकमा अवरोध हुने गरेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। 'उपत्यकाका सडकमा जुन निकायले आ-आफ्नो योजनाको काम गरे पनि सडकमा अवरोध पुऱ्याउनुहुन्न, समयमा काम सक्नुपर्छ,' मन्त्रालयका सचिव केशवकुमार शर्माले भने, 'भत्काएका सडक जस्ताको त्यस्तै पार्नुपर्छ।' उनका अनुसार प्राधिकरण र मेलम्ची खानेपानी आयोजनाका कारण कालोपत्रे भएका उपत्यकाका सडक अस्तव्यस्त हुने गरेका छन्।

■ सरकारी निकायबाटै विरोध

विनासावधानी र जथाभावी सडक भत्काएको भन्दै प्राधिकरण र मेलम्ची खानेपानी आयोजनाको सरकारी निकायले नै विरोध गरिरहेका छन्। नयाँबानेश्वर, तीनकुने, शंखमूललगायत क्षेत्रमा केही समयअघि फुटपाथ निर्माण गरेर चिटिक्क पारिएको थियो। करोडौं रुपैयाँ खर्चेर चिरिच्याट्ट पारिएको फुटपाथमा प्रहार गरेपछि सडक विभागले पनि मुख्य सडकमा तार भूमिगत गर्न अनुमति दिएको छैन। तार, भूमिगत गरेका स्थानलाई व्यवस्थित गरेपछि मात्रै मुख्य सडकमा तार भूमिगत गर्न दिने विभागको अडान छ। विभागका महानिर्देशक सुशीलबाबु ढकालले सडकमा अवरोध नहुने गरी प्राधिकरणले काम गर्नुपर्ने बताए। 'जहाँजहाँ प्राधिकरणले तार भूमिगत गर्दा खनेको छ काम सकाएपछि त्यसलाई व्यवस्थित गर्नु पनि उसैको दायित्व हो,' उनले भने, 'मुख्य सडकमा अवरोध हुने गरी प्राधिकरणले काम गर्नुहुन्न।'



■ **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

हामीले उपत्यकाका मुख्य सडकमा तार भूमिगतको काम सुरु नै गरेका छौंनौं। भित्री सडकमा काम गर्दा पनि विरोध भइरहेको छ। तार भूमिगत गर पनि भन्ने अवरोध पनि भयो भन्ने हो भने काम कहिल्यै सकिँदैन। एयरपोर्टदेखि माइतीघर सडक खण्डमा काम गर्न सडक विभागसँग अनुमति मागिरहेका छौं। तर, पाएका छैनौं।



■ **सुशीलबाबु ढकाल**, महानिर्देशक, सडक विभाग

सडकमा अवरोध नहुने गरी प्राधिकरणले काम गर्नुपर्छ। जहाँजहाँ प्राधिकरणले तार भूमिगत गर्दा खनेको छ काम सकाएपछि त्यसलाई व्यवस्थित गर्नु पनि उसैको दायित्व हो। मुख्य सडकमा अवरोध हुने गरी प्राधिकरणले काम गर्नुहुन्न।

■ अन्धाधुन्ध सडक भत्काउन कसैले पाउँदैन : मेयर महर्जन

उपत्यकाका सडकसँग सम्बन्धित निकायको उपचारात्मक तथा समन्वयात्मक बैठकमा मंगलबार सरोकारवालाहरूले विद्युत् प्राधिकरण र मेलम्ची खानेपानी आयोजनामाथि प्रश्न उठाएका थिए। सडक खनेर अस्तव्यस्त पारेको भन्दै सडक विभाग, काठमाडौं महानगर, ललितपुर महानगर, केयुकेएल, बागमती सभ्यता विकास समिति, नेपाल टेलिकमलगायतले प्राधिकरण र मेलम्चीमाथि प्रश्न उठाएका थिए। ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनले मेलम्ची र विद्युत् प्राधिकरणलाई अनुमतिविना काम नगर्न निर्देशन दिए। 'हामीले व्यवस्थित बनाएका सडकमा आएर अन्धाधुन्ध भत्काउने काम कसैले पनि गर्न पाउँदैन,' उनले भने, 'अनुमति वा समन्वय गरेर काम गर्नुहोला।'

■ प्राधिकरणले मापदण्ड पूरा गरेन : सडक डिभिजन

सडक डिभिजन काठमाडौंका प्रमुख नारायणप्रसाद निहुरेले उपत्यकाभित्र फुटपाथ निर्माण स्थानीय सरकार र सडक डिभिजनले गरिरहेको बताए। तर, निर्माण भएलगत्तै प्राधिकरणले भत्काएपछि फुटपाथ अस्तव्यस्त बनेकाले यसबारे समन्वय हुनुपर्ने उनको भनाइ छ। 'उपत्यकाका धेरै स्थानमा फुटपाथ व्यवस्थित बनेका छन्, कतिपय ठाउँमा स्थानीय सरकार र कतिपय ठाउँमा डिभिजनले काम गरिरहेका छन्,' उनले भने, 'तर विद्युत् प्राधिकरणले समन्वय नै नगरी काम गरेको छ, सम्झौताअनुसारको मापदण्ड पूरा गरेको छैन।

उनका अनुसार हाल सडक डिभिजनले नयाँबानेश्वर, तीनकुने, शंखमूलमा नयाँ फुटपाथ निर्माण गरेको छ। त्यस्तै तीनकुनेको केही भाग, शान्तिनगर, सिनामंगल, नयाँबानेश्वर चोकलगायत सडकमा महानगरले फुटपाथ व्यवस्थित पारेको छ। मुख्य सडकमा फुटपाथ निर्माण आफैं गर्ने भन्दै महानगरले डिभिजनसँग अनुमति मागिरहेको छ।

■ जेठ अन्तिम सातासम्म विकास निर्माण सक्न निर्देशन

सडक विभागले जेठको अन्तिम सातासम्म उपत्यकामा भइरहेका विकास निर्माण सक्न निर्देशन दिएको छ। मेलम्ची, विद्युत् प्राधिकरणलगायतलाई सडकसँग सम्बन्धित काम यसअघि नै सक्न निर्देशन दिएको हो। विभागले साउनसम्मै काम गर्न नदिने निर्णय गरेको छ। 'वर्षाको वेला सडकमा काम गर्न पाइँदैन, काम गर्दा ठाउँठाउँमा अरू पनि क्षति हुन्छ,' डिभिजन कार्यालय प्रमुख निहुरेले भने।

स्थानीय तहलाई कर्मचारी भर्नाको अधिकार दिन माग

भक्तपुर/ भक्तपुर नगरपालिका मेयर सुनील प्रजापतिले संघ, प्रदेश र स्थानीय तह आफैंमा स्वायत्त र स्वतन्त्र निकाय भएकाले अधिकारसम्पन्न बनाई कर्मचारी भर्नाको अधिकारसमेत दिनुपर्ने बताएका छन्। प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका अध्यक्ष सुरेशमान श्रेष्ठसहितको टोलीसँग बुधबार भएको भेटमा उनले यस्तो बताएका हुन्।

उनले प्रदेश लोक सेवाबाट नियुक्त कर्मचारी र सरुवा भई आएका कर्मचारीको अवकाशपछिको निवृत्तिभरण वा उपदानलगायत सुविधा कसले व्यहोर्ने स्पष्ट हुनुपर्ने पनि बताए। स्थानीय तहमा कर्मचारी प्रदेश लोक सेवाले पठाउने व्यवस्था स्थानीय स्वायत्त शासन ऐन, ०५५ भन्दा पनि प्रतिगामी रहेको उनको भनाइ छ। 'स्थानीय सरकार भन्ने, तर कर्मचारीजति प्रदेश लोक सेवा आयोगले पठाउने व्यवस्थाले स्थानीय जनताको भावनाअनुसार काम हुन सक्दैन। स्वायत्तताको पूर्ण कार्यान्वयनका लागि कर्मचारी भर्नाको सम्पूर्ण अधिकार स्थानीय तहलाई नै दिनुपर्छ,' उनले भने। शिक्षकलाई तलब खुवाउने काम स्थानीय तहबाट हुँदै आए पनि संघीय सरकारले जिल्ला शिक्षा समन्वय एकाइमार्फत नियन्त्रण गर्नखोज्नु गलत भएको उनको भनाइ छ।

अरूण बहुद्देश्यीय सहकारी संस्था लिमिटेड
(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)
शान्तिनगर, काठमाडौं ३१, फोन नं. ०१-४१०७७५०

दर्ता नं.६५७/०५७

श्री भरत नेपालकी पत्नी, श्री लक्ष्मी नारायण वास्कोटाकी छोरी झापा जिल्ला, महाभारा गा.वि.स.वडा नं १ स्थायी ठेगाना भएकी श्री मैया कुमारी वास्कोटाको नाममा जारी गरीएको कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सूचना :

तपाईले यस सहकारी संस्थाबाट मिति २०७३ /११/१९ मा कर्जा लिनु भएको अवगतै छ। सो कर्जा चुक्ता गर्ने बिषयमा तपाईलाई जमानी कर्ता मार्फत मौखिक तकेता सहित पत्राचार गरीएको भएतापनि ऋण कर्जा चुक्ता नगर्नु भएकोले मिति २०७९/०४/११ मा कर्जाको २०७९ आषढ मसान्त सम्मको सावाँ ब्याज विवरण सहित अन्तिम पटक ताकेता पत्र लेखी तपाईंका ऋण जमानीकर्ता श्री अमृत कुमार प्रसाईंलाई पठाईएकोमा हाल सम्म पनि ऋण कर्जा चुक्ता नगर्नु भएकोले यो सार्वजनिक सुचना जारी गरीएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी आफुले लिएको कर्जा राफसाफ गर्नुहुन अनुरोध छ। उक्त म्याद भित्र कर्जा चुक्ता नगरेमा ऋण लिँदाका बखत धितो सुरक्षण रहेको तपशिल बमोजिमको अचल सम्पति लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गरीने व्यहोरा अवगत गराइएको छ।

धितोको विवरण

जिल्ला	गापा./नपा.	वडा नं./टोल	क्षेत्रफल	कैफियत
काठमाडौं	**साविक :** बिष्णु(बूढानीलकण्ठ) **हाल :** बूढानीलकण्ठ न.पा.	६ क (पासिकोट) ५	० -१३-२-०रोपनी (४२९.२५ब.मी.)	

जमानी कर्ता
श्री टीकाराम प्रसाईका नाती,श्री नन्दलाल प्रसाईका छोरा जिल्ला झापा दमक न.पा. ६ का श्री अमृत कुमार प्रसाई - तपाईले समेत उल्लेखित व्यहोरा अवगत गर्नु भई कर्जा चुक्ता गराउनु होला।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८०/०१/२१

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाइनान्स लिमिटेड)को शाखा कार्यालय फत्तेपुर, सप्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले **ऋणी राजु मदिरा पसल ढाबा**को हकमा मिति २०७९/१०/१५ को अन्त्यूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना र **ऋणी गिता देवी चौधरी**को हकमा मिति २०७९/११/१२ को अन्त्यूर्ण पोस्ट राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय फत्तेपुर, सप्तरीमा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. **कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा र अल्पकालिन कर्जा**
ऋणीको नाम : राजु मदिरा पसल ढावा
रजिष्टर्ड ठेगाना : कंचनरुप न.पा.-९, सप्तरी
रजिष्ट्रेशन नं. : ९०४६ (कंचनरुप नगरपालिका -९ नं. वडा कार्यालय रुपनगर, सप्तरी, २ नं. प्रदेश, नेपाल)
पान नं. : ६१३८७६२३८

प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना
नाम : राजु मंडल
बाबु : रविलाल मंडल
बाजे : भिखाई मंडल
ठेगाना : तेरहौता गा.वि.स.-४, सप्तरी
हाल : कंचनरुप न.पा.-९, सप्तरी
ना.प्र.नं : ७५४५
जारी मिति : २०६३/०८/१८
जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : मिना कुमारी मण्डल
बाबु : रविलाल मण्डल
पति : राजु मंडल
ससुरा : रविलाल मंडल
ठेगाना : तेरहौता गा.वि.स.-४, सप्तरी
हाल : कंचनरुप न.पा.-९, सप्तरी
ना.प्र.नं : ४२००
जारी मिति : २०५२/०१/२१
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण:
धितो सुरक्षण धनीको नामः- गिता देवी चौधरी

सि.नं.	जिल्ला	न.पा./गा.पा.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	सप्तरी	कन्चनपुर	३/३	९८४	०-०-५-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित।

२. **कर्जा शिर्षक : मोर्गेज लोन - अधिविकर्ष कर्जा**
ऋणीको नाम र ठेगाना
नाम : गिता देवी चौधरी
बाबु : बहुरी लेखी थारु
ससुरा : सुखैर चौधरी
पति : देवकान्त चौधरी
ठेगाना : घोघनपुर गा.वि.स.-४, सप्तरी
हाल : कंचनरुप न.पा.-६, सप्तरी
ना.प्र.नं. : ३२८१४७८२
जारी मिति : २०६१/०३/१७
जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : देव कान्त चौधरी
बाबु : सुखैर चौधरी
बाजे : पुरण चौधरी
ठेगाना : घोघनपुर गा.वि.स.-४, सप्तरी
हाल : कंचनरुप न.पा.-६, सप्तरी
ना.प्र.नं. : ३२८१३३१३
जारी मिति : २०४४/१२/१४
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण:
धितो सुरक्षण धनीको नामः- गिता देवी चौधरी

सि.नं.	जिल्ला	न.पा./गा.पा.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (व.मि.)	कैफियत
१.	सप्तरी	घोघनपुर	३/३	३१	५७४.००	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय वा शाखा कार्यालय फत्तेपुर, सप्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/०२/०५ गते, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय फत्तेपुर, सप्तरी।

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Embassy of Switzerland

INVITATION FOR BID

The Swiss Agency for Development and Cooperation (SDC), in close cooperation with the Government of Nepal (GoN), is planning to implement the upcoming programme Udaya - Innovation and Investment for Economic Development in Koshi Province. Udaya will leverage blended finance instruments to improve access to growth capital and enhance business development services for Small and Medium Enterprises (SMEs) in the Province.

In this context, the SDC invites applications from qualified and experienced bidders to assist the GoN in the implementation of Udaya. Detail information and particular documents can be downloaded from the website www.simap.ch under Running procedures>Confederation>Invitation to Tender. First register for the mentioned project, log in and use the password that will be sent by e-mail to download the documents.

No telephone enquiries will be answered. Any question shall be submitted anonymously by 10.05.2023 in the forum space at www.simap.ch. Questions submitted late will not be answered. Answers will be published on www.simap.ch by 19.05.2023. Potential applicants are themselves responsible for downloading the answers from www.simap.ch and taking them into consideration in the preparation of the application.

The complete application shall be shared by 10.07.2023 until 17:00 hrs.

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/०१/२१)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीफर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने सावाँ किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०९/२७ को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्यौंट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारामसा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा भैरहवा शाखा, रुपन्देहीमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरणः

प्राइभेट फर्म दर्ता ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा मिति २०७७/०८/२८ मा दर्ता नं. २०५६९/०७७/०७८ अन्तर्गत दर्ता भएको **श्री वैष्णो देवी माता इन्जिनियरिङ**।
ठेगानाः रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा वडा नं. ०८, रुपन्देही।

ऋणी फर्मका प्रोपाइटर तथा व्यक्तिगत जमानतकर्ताहरुः

१. रंगबा थारुकी छोरी इन्दर थारुकी बुहारी, बाल नारायण थारुकी श्रीमती रुपन्देही जिल्ला मकहर गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं ८ बस्ने, ना.प्र.नं.२९५९ (जारी मितिः २०४६/०२/१०, स्थान रुपन्देही) भएका **श्रीमती प्रेम कुमारी थारु**।
२. दुलारे थारुका नाति, इन्दर थारुका छोरा रुपन्देही जिल्ला मकहर गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं ८ बस्ने, ना.प्र.नं ८१९२ (जारी मितिः २०४४/११/१३, स्थान रुपन्देही) भएका **श्री बाल नारायण थारु**।
३. इन्दर थारुका नाति, बाल नारायण थारुका छोरा रुपन्देही जिल्ला मकहर गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं ८ बस्ने, ना.प्र.नं ९५७५ (जारी मितिः २०५७/०७/२९, स्थान रुपन्देही) भएका **श्री शिव लाल चौधरी**।
४. इन्दर थारुका नाति, बाल नारायण थारुका छोरा रुपन्देही जिल्ला मकहर गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं ८ बस्ने, ना.प्र.नं १/२१९८३ (जारी मितिः २०६३/०४/२५, स्थान रुपन्देही) भएका **श्री परसुराम चौधरी**।
५. इन्दर थारुका नाति, बाल नारायण थारुका छोरा रुपन्देही जिल्ला तिलोत्तमा न.पा वडा नं. १० स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं ८ बस्ने, ना.प्र.नं ३४-०१-७४-०५०२० (जारी मितिः २०७४/०४/११, स्थान रुपन्देही) भएका **श्री निशान चौधरी**।

धितोको विवरण

रुपन्देही जिल्ला मकहर गाउँ पञ्चायत वडा नं. १ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं ८ बस्ने **श्रीमती प्रेम कुमारी थारु**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न. पा., वडा नं. ८ मा अवस्थित कि.नं. ५ क्षेत्रफल १५६.६० वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा भैरहवा शाखा, रुपन्देहीबाट** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना

नजिकिँदै रास्वपा-जनमत कार्यगत एकताको पहल सुरु

लामिछाने-राउत समर्थनको शृंखला

■ नागरिकता विवादमा अदालतको फैसलापछि लामिछानेको समर्थनमा राउतको अभिव्यक्ति

■ उपराष्ट्रपति निर्वाचनमा जनमतका उम्मेदवारलाई सघाउने रास्वपाको निर्णय



अनिल यादव/नयाँ पत्रिका

गत ४ मंसिरको निर्वाचनबाट नयाँ शक्तिका रूपमा उदाएका दुई दल राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीबीच कार्यगत एकताको पहल सुरु भएको छ। प्रतिनिधिसभामा २१ सिट रहेको रास्वपा र ६ सिट रहेको जनमतबीच राजनीतिक र विकाससँग जोडिएका मुद्दामा सहकार्य गरेर अघि बढ्ने गरी छलफल सुरु भएको हो।

मंगलबारमा रास्वपा सभापति रवि लामिछाने र जनमतका अध्यक्ष सिके राउतबीच भएको भेटवार्तामा पनि यसबारे छलफल भएको थियो। जनताको अपेक्षा पूरा गर्न दुई दल मिलेर अघि बढ्ने भन्ने विषयमा छलफल भइरहेको जनमतका अध्यक्ष राउतले बताए। 'रविजी र मेरो भेटघाट भइरहन्छ,' उनले भने, 'हामीबीच कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भइरहेको छ। जनताको अपेक्षा कसरी पूरा गर्ने भन्नेतिर हामी केन्द्रित छौं। दुवै दल सहकार्य गरौं भन्ने हिसाबले कुरा भइरहेको छ।'

रास्वपा र जनमत दुवै अहिले सरकारबाहिर छन्। तर, दुवैले सरकारलाई दिएको समर्थन फिर्ता गरेका छैनन्। दुवै दलले अहिले सरकारमा जाने या समर्थन फिर्ता गरेर प्रतिपक्ष बस्ने भन्नेबारे सँगै निर्णय लिनुपर्ने पक्षमा रहेको रास्वपाका महामन्त्री मुकुल ढकालले बताए। पुराना दलप्रति मतदाताका देखिएको वितृष्णाका कारण नयाँ आशाका रूपमा उदाएका रास्वपा र जनमतबीच साथीजस्तो सम्बन्ध रहेको ढकालको भनाइ छ।

'जनमत र रास्वपाबीच नजिकको सम्बन्ध छ,' उनले भने, 'हामी साथी दल हौं। अरू दलभन्दा पनि बढी जनमत पार्टीसँग हाम्रो सहकार्य हुने सम्भावना बढी छ। त्यसैले मुद्दाका हिसाबले सहकार्य गरेर अघि बढौं भन्ने विषयमा छलफल भइरहेको छ। सभापतिज्यूसँग भेटघाटमा सरकारमा जाने-नजाने भन्ने निर्णय पनि सँगै गरौं भन्ने कुरा भइरहेको छ। जनताले आशाका रूपमा हेरेका हामी दुवै मिलेर काम गर्नुपर्छ भन्ने पक्षमा छौं।'

मंसिरको निर्वाचनपछि बनेको एमाले-माओवादीसहितको गठबन्धनमा सँगै सहभागी भएका रास्वपा र जनमतबीच त्यतिबेलादेखि नै हार्दिक सम्बन्धको रहँदै आएको छ। चाहे लामिछानेको एकसाथ गृहमन्त्री, सांसद र पार्टी सभापति पद जाँदा होस् या उपराष्ट्रपतिमा जनमतले उम्मेदवार खडा गर्दा, दुवैले एक-अर्कालाई समर्थन गरेका थिए। १३ माघमा लामिछानेको नागरिकता मुद्दामा सर्वोच्च अदालतले पद खारेज हुने फैसला गर्दा राउतले खुलेर लामिछानेको पक्षमा स्टाटस लेखेका थिए। उनले अहिलेको संसद् र सरकार लामिछाने आशाको केन्द्र रहेको भन्दै 'हिरो'का संज्ञा दिएका थिए। 'प्रक्रियागत त्रुटि वा अपराध नै किन नहोस् र कतिपय राजनीतिक एजेन्डाविपरीत नै किन नहोस्, तर अहिलेको संसद् र सरकारमा रविजी मेरो लागि पनि आशाको केन्द्र हुनुहुन्थ्यो। बैठक होस् वा संसद्, रविजीले नयाँ ऊर्जा, जोस र देशमा केही त परिवर्तन होला कि आशा जगाउने गर्नुहुन्थ्यो। कमब्याक हिरो,' उनले सामाजिक सञ्जालमा लेखेका थिए।

त्यस्तै, ३ चैतमा भएको उपराष्ट्रपतिको निर्वाचनमा रास्वपाले जनमत पार्टीका उम्मेदवार ममता झालाई मत दिने निर्णय गरेको थियो। त्यतिबेला सत्तागठबन्धनका तर्फबाट जसपाका रामसहायप्रसाद यादवले उम्मेदवार दिएका थिए भने एमालेका तर्फबाट अष्टलक्ष्मी शाक्यको उम्मेदवारी थियो। जनमत पनि सत्तागठबन्धनमै थियो, तर प्रदेशमा मुख्यमन्त्रीदेखि उपराष्ट्रपतिसम्म जसपालाई दिने निर्णयले सन्तुष्ट थिएन। त्यसकारण उपराष्ट्रपतिमा आफ्नै उम्मेदवार उठाउने निर्णय गरेको थियो। त्यतिबेला जनमतलाई सघाउने एक मात्र दल रास्वपा बन्यो।

जनमत पार्टीका नेता बिपी साहले पनि रास्वपासँग कार्यगत एकता गरेर अघि बढ्नेबारे छलफल भइरहेको बताए। 'नयाँ शक्तिका रूपमा संसद् प्रवेश गरेयता नै रास्वपा र हामीबीच निरन्तर संवाद चलिरहेको छ,' उनले भने, 'कार्यगत एकता गरेर अघि बढ्ने विषयमा छलफल भइरहेको छ, तर ठोस निष्कर्षमा पुगिसकेका छैनौं। कहाँ-कहाँ सहकार्य हुन सक्छ भनेर पटक-पटक छलफल भइरहेको छ। खासगरी राजनीतिक र विकासका मुद्दामा मिलेर जाऔं भन्ने छ। उपराष्ट्रपतिको निर्वाचनमा उहाँहरूले हामीलाई सघाउनुभयो। अहिले हामी पनि सरकार बाहिर छौं, तर समर्थन फिर्ता लिएका छैनौं। उहाँहरू पनि त्यही अवस्थामा हुनुहुन्छ। अहिले उपनिर्वाचनपछि राजनीति नयाँ कोर्सतिर जाने सम्भावना छ। त्यसैले जे निर्णय गरे पनि सँगै गरौं भन्ने छ।'



● **सिके राउत,** अध्यक्ष, जनमत पार्टी

रविजी र मेरो भेटघाट भइरहन्छ। हामीबीच कसरी अघि बढ्ने, जनताका अपेक्षा कसरी पूरा गर्ने भन्नेतर्फ केन्द्रित भएर छलफल हुने गरेको छ। राजनीतिक र विकासका एजेन्डामा दुवै दलबीच सहकार्य गरौं भन्ने हिसाबले कुरा भइरहेको छ।



● **मुकुल ढकाल,** महामन्त्री, राष्ट्रिय स्वतन्त्र पार्टी

जनमत र रास्वपाबीच नजिकको सम्बन्ध छ, हामी साथी दल हौं। दुवै दललाई जनताले आशाका रूपमा हेरेकाले मिलेर काम गर्नुपर्छ भन्ने पक्षमा छौं। सरकारमा जाने/नजाने भन्ने निर्णय पनि सँगै गरौं भन्ने कुरा भइरहेको छ।



मिटरब्याजलाई अपराध मान्ने अध्यादेश जारी



रत्नपार्कको शान्तिबाटिकामा टेन्ट हालेर बसेका मिटरब्याजपीडित। तस्बिर : दिपेन्द्र डुंगाना/नयाँ पत्रिका

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० जारी गरेका छन्। मिटरब्याजलाई अपराध घोषणा गर्ने कानुनी व्यवस्थासहित अध्यादेश जारी भएको हो। अध्यादेश राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयन हुनेछ। मंगलबारको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिसमक्ष अध्यादेश सिफारिस गरेको थियो। सरकारले विधेयकमार्फत नै ऐन संशोधन अघि बढाएकोमा पीडितहरूले ढिलाइ भएको गुनासो गरेपछि अध्यादेश जारी भएको हो। यससँगै उच्च ब्याजदरमा पैसा लगाउनु फौजदारी अपराध भएको छ।

अध्यादेशमा मिटरब्याजलाई अनुचित लेनदेन भनिएको छ। अनुचित लेनदेन गरेमा सात वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ। यसअघि कानुन नहुँदा मिटरब्याजीमाथि कारबाही गर्न समस्या भएको थियो। हालै सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा आयोग गठन गरी थप छानबिन गरिरहेको छ। तर, केही पीडितहरू सरकारसँग सन्तुष्ट नभई विभिन्न जिल्लाबाट काठमाडौं आएर आन्दोलन गरिरहेका छन्।

बजेट अधिवेशन आह्वान

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को बर्खे अधिवेशन आह्वान गरेका छन्। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले २४ वैशाखका लागि संघीय संसद्को बजेट अधिवेशन आह्वान गर्न सिफारिस गरेको थियो। मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले संसद्का दुवै सभाको अधिवेशन गर्ने व्यवस्था छ। राष्ट्रपति पौडेलले बुधबार नै अधिवेशन आह्वान गरेका हुन्।

संसद्का महासचिव भरतराज गौतमले सूचना जारी गरेर संविधानको धारा ९३ (१) बमोजिम राष्ट्रपतिबाट आइतबार अपराह्न ४ बजे बस्ने गरी दुवै सदनको अधिवेशन आह्वान गरेकाले उपस्थित हुन अनुरोध गरेका छन्। यसअघि हिउँदे अधिवेशन २५ पुसमा आह्वान भई १५ वैशाखमा अन्त्य भएको थियो।

प्रतिनिधिसभाको पहिलो अधिवेशनका रूपमा विधेयक अधिवेशनमा २८ बैठक बसेका थिए। राष्ट्रिय सभाको १३ अधिवेशनका रूपमा १९ बैठक बसेका थिए। विधेयक अधिवेशन मानिने हिउँदे अधिवेशनमा एउटा पनि कानुन बनेन। राजनीतिक कार्यसूचीमै अधिवेशन केन्द्रित भएको थियो।

बर्खे अधिवेशन मुख्यतः बजेट निर्माणमा केन्द्रित हुन्छ। सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेटमाथि व्यापक छलफल हुन्छ। यद्यपि, हिउँदे अधिवेशनमा एउटा पनि कानुन नबनेकाले बर्खे अधिवेशनमा महत्त्वपूर्ण कानुन बनाउनुपर्ने दबाब हुनेछ। हिउँदे अधिवेशनमा प्रतिनिधिसभाले नौवटा विधेयक विषयगत समितिमा पठाएको छ। भर्खरै गठन भएको समितिमा दफावार छलफलपछि विधेयकलाई सदनले निष्कर्षमा पुऱ्याउनुपर्नेछ। त्यस्तै, नागरिकता, संघीय निजामती, संघीय शिक्षालगायत महत्त्वपूर्ण विधेयक पनि अगाडि बढाउनुपर्ने कार्यभार बर्खे अधिवेशनलाई हुनेछ।

सुरुङभित्र खसेको ढुंगा लागेर मजदुरको मृत्यु

संखुवासभा/ संखुवासभामा निर्माणाधीन नौ सय मेगागवाटको अरुण तेस्रो जलविद्युत् आयोजनामा कार्यरत एक मजदुरको ढुंगा लागेर मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्। मकालु गाउँपालिका- ५ आमाराडस्थित अडिट- २ को सुरुङभित्र माथिबाट खसेको ढुंगा लागेर सिलिचोङ गाउँपालिका- ५ का २७ वर्षीय प्रेम राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक सरोज खनालले जानकारी दिए। उनका अनुसार मंगलबार राति मकालु- ५ आमाराङमा सुरुङभित्र काम गर्ने क्रममा माथिबाट खसेको ढुंगाले लागेर राई घाइते भएका थिए। उनको उपचारका क्रममा जिल्ला अस्पताल खाँदबारीमा ज्यान गएको हो। ढुंगा लागेर दुई मजदुर घाइते भएका छन्। घाइते हुनेमा भारतको गुवाहाटीका २३ वर्षीय सममती वलिता र २३ वर्षीय साइमुदिन अली छन्। घाइते वलिताको दाहिने खुट्टा र घुँडामा चोट लागेको छ भने अलीको खुट्टा र हातमा चोट लागेको छ। दुवैजनाको जिल्ला अस्पतालमा उपचार भइरहेको छ। अरुण तेस्रो आयोजनामा नेपाली र भारतीयसहित तीन हजारभन्दा बढी मजदुर कार्यरत छन्। अरुण तेस्रो जलविद्युत्को आयोजनास्थलमा स्वास्थ्य संस्था नहुँदा उपचारको समस्या भएको छ। मजदुरलाई चोटपटक लागेर घाइते भएको समयमा उपचार नपाउँदा ज्यान गुमाउनुपर्ने अवस्था छ।

शेरचन हत्याका आरोपी तीनजना जेल चलान

गुल्मी/ मुसिकोट नगरपालिका- ७ वामीमा होटेल सञ्चाल गर्दै आएकी ५८ वर्षीया गंगा भन्ने गोपालकुमारी शेरचनको हत्या आरोप लागेका तीनजना जेल चलान भएका छन्। मकवानपुरका लोकबहादुर दर्लामी, सिन्धुपाल्चोकका शिवबहादुर तामाङ र बाग्लुङका थम्मन घर्ती जेल चलान भएका हुन्। उनीहरूमाथि गत १५ माघमा शेरचनलाई प्लास्टिकको टेपले हातखुट्टा र मुख बाँधेर हत्या गरेको आरोप लागेको छ। हत्या भएको डेढ महिनापछि प्रहरीले बाग्लुङका घर्तीसहित तीनजनालाई पक्राउ गरेर अदालत पेस गरेको थियो। घर्तीको सहयोगमा हत्या गर्न मकवानपुर र सिन्धुपाल्चोकबाट दर्लामी र तामाङ आएको देखिएको छ। तीनैजना संगठित अपराधमा सहभागी भएको पाइएको छ। दर्लामीविरुद्ध ०६५ मा अपहरण तथा शरीर बन्धक कसुरमा जिल्ला प्रहरी परिसर ललितपुरमा मुद्दा चलेको थियो। ०७५ मा चोरी तथा डाका कसुरमा इलाका प्रहरी कार्यालय मेलम्ची सिन्धुपाल्चोकमा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ। तामाङविरुद्ध ०६२ मा डाका चोरी कसुरमा जिल्ला प्रहरी परिसर ललितपुर र ०७८ मा अभद्र व्यवहार कसुरमा इलाका प्रहरी कार्यालय बाह्रबिसेमा मुद्दा दर्ता भएको थियो। शेरचन हत्या घटनामा सहभागी एकजना अझै फरार रहेको र उनको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता डिल्लीनारायण पाण्डेयले जानकारी दिए।

अन्नपुर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी, कास्की, गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

सूचना प्रकाशन मितिः-२०८०/०१/२१

यस कार्यालयबाट मिति २०७९/१२/१३ मा नया पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार निम्नअनुसारको ठेक्कामा निम्न बोलपत्रदाताको बोलपत्र यस कार्यालयको बोलपत्र मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भै आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ । तपसिल

क्र. सं.	ठेक्का नं.	कामको विवरण	स्वीकृत बोलपत्र दाताको नाम र ठेगाना	स्वीकृत रकम रु. (VAT र PS सहित)
1	ARM/W/NCB/Ws/2079/80-11	Nagdada Simpali Rural Water Supply Project	Sundar Pokhara Nirman Sewa , Pokhara-16 , Kaski	6,662,882.82

प्रमुख प्रशासकीय अधिकृत

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८०/०१/२१)

यस कार्यालयको मिति २०७९/१२/१४ गते प्रकाशित सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

क्र. सं.	ठेक्का नं	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1	NEE/NCB-14/079/080	Byapari Bagaicha Water Supply Project	Pyaldor Himal Nirman Sewa, Dhading	59,21,472.77

प्रमुख प्रशासकीय अधिकृत

डोल्पो बुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८०/०१/२१

यस कार्यालयबाट मिति २०७९/११/१७ मा प्रथम पटक प्रकाशित Singal Stage-Two Envelope बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमका कार्यका लागि बिधुतिय खरिद प्रणाली मार्फत दर्ता भएका बोलपत्रहरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्यांकन गर्दा तपशिलका बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको पाईएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सरोकारवालाको जानकारीको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

क्र. स.	बोलपत्र/ठेक्का/प्याकेज न.	कामको विवरण	बोलपत्र दाताको नाम र ठेगाना	कबोल अंक (मु.अ. कर बाहेक)
1	DBRM/DOLPA/WORKS/NCB/09-079/080	क्रिष्टल माउन्टेन मा.वि. भवन निर्माण	श्री OM KARYASHWOR-KIRAN JV, डोल्पा नेपाल	रु.२,३०,२५,५४४।३० (अक्षरेपी दुई करोड तिस लाख पच्चीस हजार पाँच सय चौवालिस रुपैया र पैसा तिस मात्र)
2	DBRM/DOLPA/WORKS/NCB/10-079/080	धो चाङ्ग कल्भर्ट निर्माण	श्री OM KARYASHWOR-KIRAN JV, डोल्पा नेपाल	रु.१,७४,०७,४९५।०० (अक्षरेपी एक करोड चौरहत्तर लाख सात हजार चार सय पन्चानब्बे रुपैया र पैसा शुन्य मात्र)

प्रमुख प्रशासकीय अधिकृत

बाग्मती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मितीः २०८०/०१/२१)

यस कार्यालयबाट मिति २०७९/०९/१८ गते सोमबार नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन् आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित आयोजनामा बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित र सारभुतरुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम निजले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ। यस सुचनामा दावी विरोध गर्न चाहने बोलपत्रदाताहरुले ऐनको दफा ४७ अनुसार यस कार्यालयमा निवेदन दिनु पर्नेछ, अन्यथा दफा २७(३) अनुसार खरिद प्रकिया अगाडि बढाइने व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराईन्छ।

S. N.	Name of Road	Lowest & Responsive Bidder	Bid Price (WithVAT & PS) NRs.	IFB No
1	Dekocha Changu Nyachpauwa Mangaltar Sankhusalambutar Road bhaktapur	M/S Dev &Sayar/ Gyanjyoti/ Kshitiz JV, Koteshwor-32, Kathmandu	395508529.19	49/IDOKAVRE/NCB/W/079/080

कार्यालय प्रमुख
पुर्वाधार विकास कार्यालय, काभ्रे

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

NIC ASIA
एन आई सी एशिया बैंक लि.

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिका मा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्णलेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं. ऋणीको विवरण

१) १) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय मकवानपुर, हेटौंडामा प्रा.फ.र.नं. ३३०१/३४१/२०६८/२०६९ स्था. च्या. अन्तर्गत मिति २०६८/०८/२७ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ स्थित **श्री नवदुर्गा हार्डवेयर स्टोर्स**

प्रोप्राईटर तथा जमानीकर्ता: बिजय गुप्ता कानु

धितोको विवरण

१) प्रभु शरण साहकी छोरी, नवल प्रसाद गुप्ताकी बुहारी, बिजय गुप्ता कानुकी पत्नि, बारा जिल्ला, कलैया न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने लक्ष्मी देवी कानुको नाममा मालपोत कार्यालय मकवानपुर, हेटौंडाको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थित कित्ता नं. २४७७ को क्षेत्रफल ०-०-१५-० (बिगाह) को घर/जग्गा र मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ११ स्थित कित्ता नं. ९७९५ र १३१३९ को क्षेत्रफल क्रमश: ०-०-८.२५-० र ०-१-०-० (बिगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) श्री नवदुर्गा हार्डवेयर स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण

२) बिजय गुप्ता कानु
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. १३
हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
बाबु : नवल प्रसाद गुप्ता
बाजे : अजुदा प्रसाद गुप्ता

धितोको विवरण

प्रभु शरण साहकी छोरी, नवल प्रसाद गुप्ताकी बुहारी, बिजय गुप्ता कानुकी पत्नि, बारा जिल्ला, कलैया न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने लक्ष्मी देवी कानुको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. नं. ०१ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ४२१८, ४२१६ र ४२१४ को क्षेत्रफल क्रमश: ०-०-१०.२५-०, ०-०-१०.७५-०, ०-०-११-० (बिघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

ऋणीको विवरण

३) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २९१९६४/०७८/०७९ अन्तर्गत मिति २०७९/०२/२५ मा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएको मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ स्थित **जय माँ कालि हार्डवेयर प्रा.लि.**

संचालक तथा जमानीकर्ता: बिजय गुप्ता कानु

धितोको विवरण

१) प्रभु शरण साहकी छोरी, नवल प्रसाद गुप्ताकी बुहारी, बिजय गुप्ता कानुकी पत्नि, बारा जिल्ला, कलैया न.पा. वडा नं. १३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने लक्ष्मी देवी कानुको नाममा मालपोत कार्यालय मकवानपुरको लगतमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. नं. ५ (हाल हेटौंडा उ.म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ४३७१ को क्षेत्रफल १-३-०-० (बिघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) जय माँ कालि हार्डवेयर प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) लक्ष्मी देवी कानु
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. १३
हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
बाबु : प्रभु शरण साह
ससुरा : नवल प्रसाद गुप्ता
पति : बिजय गुप्ता कानु

२) बिजय गुप्ता कानु
स्थायी ठेगाना : बारा जिल्ला, कलैया न.पा. वडा नं. १३
हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
बाबु : नवल प्रसाद गुप्ता
बाजे : अजुदा प्रसाद गुप्ता

ऋणीहरुको विवरण

२) १) नेपाल सरकार, , उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा प्रा.फ.र.नं. ४९२/६९५/०६४/६५ अन्तर्गत मिति २०६५/०१/१६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ (सावीक:अनारमनी गा.वि.स. वडा नं. ३) स्थित **अमित कुमार स्टोर्स**
प्रोप्राईटर तथा जमानीकर्ता: गिरी धारी पोद्धार

२) नेपाल सरकार, , वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय झापामा प्रा.फ.र.नं. ६२२/८५५७/२०७२/११/२१ अन्तर्गत मिति २०७२/११/२१ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको झापा जिल्ला, वितामोड न.पा. वडा नं. ६ स्थित **अमित स्टोर**
प्रोप्राईटर तथा जमानीकर्ता: निलम देवी पोद्धार

३) निलम देवी पोद्धार
स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३
हालको ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५
बाबु : गणेश प्रसाद शाह
ससुरा : देवनारायण पोद्धार
पति : गिरी धारी पोद्धार

धितोको विवरण

१) रामेश्वर पोद्दारको नाति, देवनारायण पोद्दारको छोरा, झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बस्ने गिरी धारी पोद्धारको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स. वडा नं. १ (हाल: बिर्तामोड न.पा. वडा नं. १) स्थित कित्ता नं. २४९१ र २४९२ को क्षेत्रफल क्रमश: ०-०-५ र ०-०-५ (बिगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

२) गणेश प्रसाद शाहकी छोरी, देवनारायण पोद्धारकी बुहारी, गिरीधारी पोदारकी पत्नि, झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५ बस्ने निलम देवी पोद्धारको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं.०३ (हाल: बिर्तामोड न.पा. वडा नं. ५) स्थित कित्ता नं. ११२ र ११३ को क्षेत्रफल क्रमश : ३०४.७४ र ३०८.९७ (ब.मि) को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।

३) अमित कुमार स्टोर्स र अमित स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) अमित कुमार पोद्धार
ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं.५
बाबु : गिरी धारी पोद्धार
बाजे : देवनारायण पोद्धार

२) गिरी धारी पोद्धार
स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३
हालको ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५
बाबु : देवनारायण पोद्धार
बाजे : रामेश्वर पोद्धार

३) निलम देवी पोद्धार
स्थायी ठेगाना : झापा जिल्ला, अनारमनी गा.वि.स वडा नं. ३
हालको ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५
बाबु : गणेश प्रसाद शाह
ससुरा : देवनारायण पोद्धार
पति : गिरी धारी पोद्धार

४) गुञ्जन पोद्धार
ठेगाना : झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ५
बाबु : गिरी धारी पोद्धार
बाजे : देवनारायण पोद्धार

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

जंगलमा युवकको शव फेला

धादिङ/ खनियाँबास गाउँपालिका- ४ उइदुङका २५ वर्षीय छिरिङ तामाङ (सुमन) मृत भेटिएका छन् । उनी गंगाजमुना गाउँपालिका- ३ लचेतको जंगलमा झुन्डिएको अवस्थामा मृत भेटिएको खनियाँबास- ४ का वडाध्यक्ष लीलाबहादुर तामाङले जानकारी दिए । दुवै हात डोरीले बाँधिएको र रूखमा झुन्डिरहेको अवस्थामा शव फेला परेको उनले बताए । ट्रेकिङमा भरियाको काम गर्ने सुमन माघको दोस्रो सातादेखि गाउँमा थिएनन् । खनियाँबास गाउँपालिका- ४ का वडासदस्य प्रतापबहादुर तामाङले शव गलेर कुहिसकेको अवस्थामा फेला परेको जानकारी दिए । जिल्ला प्रहरी कार्यालय धादिङका डिएसपी सन्तुलालप्रसाद जैसवारले प्रारम्भिक अनुसन्धानबाट हत्याको आशंका देखिएको बताए । उनले पोस्टमार्टमको रिपोर्ट र अनुसन्धानपछि मात्र थैरै कुरा खुल्ने बताए ।

Sanima Mai Hydropower Limited

Dhumbarahi, KMC-4, Kathmandu, Nepal

Unaudited Financial Reports (Quarterly)

As on 3rd Quarter (2079.12.30) of the Fiscal Year 2079/080

THIRD QUARTER DISCLOSURE AS OF 2079.12.30
AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION
ANNEXURE-14 (RELATED TO SUB REGULATION 1 OF REGULATION 26)

Statement of Financial Position	Un-audited This Quarter Ending	Un-audited Previous Quarter Ending	Un-Audited Corresponding Previous Year Quarter Ending
Assets	**as on 30-12-2079**	**as on 30-09-2079**	**as on 30-12-2078**
Non-Current Assets			
Property Plant & Equipment	12,445,317	13,187,454	14,512,423
Intangible Assets	3,329,341,747	3,367,041,215	3,472,848,528
Right of Use Assets	3,756,737	3,756,737	
Held to Maturity Financial Assets	538,690,000	462,500,000	390,100,000
Investment in associates	3,629,572,000	2,341,850,000	1,225,700,000
Advance towards Investment in Equity	28,500,000	28,500,000	31,750,000
Current Assets			
Other Financial Assets	466,653,756	487,851,318	473,028,967
Other Assets	3,765,936	5,888,670	3,349,966
Inventories	19,954,728	19,512,445	19,662,480
Cash and Short-term Deposits	45,521,883	106,583,190	72,793,616
Current Tax Assets	2,365,594	2,508,687	3,414,863
Total Assets	**8,080,567,697**	**6,839,179,715**	**5,707,160,842**
Liabilities			
Non-Current Liabilities			
Borrowings	1,351,450,097	1,351,450,097	1,687,325,453
Other Financial Liabilities	6,128,340	6,128,340	-
Other Provisions	1,375,916	1,375,916	1,909,111
Current Liabilities			
Borrowings	97,515,515	172,447,437	75,996,141
Other Financial Liabilities	10,117,883	10,861,450	23,276,160
Other Liabilities	8,907,594	8,213,518	1,529,593
Total Liabilities	**1,475,495,344**	**1,550,476,758**	**1,790,036,457**
Equity			
Share Capital	3,089,251,000	3,089,251,000	3,089,251,000
Retained Earnings	1,117,449,290	1,088,801,895	821,326,887
Other Reserves	2,398,372,062	1,110,650,062	6,546,497
Total Equity	6,605,072,352	5,288,702,957	3,917,124,385
Total Liabilities and Equity	8,080,567,697	6,839,179,715	5,707,160,842

STATEMENT OF PROFIT OR LOSS	Un-audited This Quarter Ending	Un-audited Previous Quarter Ending	Un-audited Corresponding Previous Year Quarter Ending
	Chaitra, 2079	**Poush, 2079**	**Chaitra, 2078**
Revenue From Sale of Electricity	620,370,505	504,930,392	740,047,000
Plant Operating Expenses	(68,057,079)	(40,637,072)	(59,488,378)
Gross Profit	**552,313,426**	**464,293,320**	**680,558,622**
Other Income	6,767,129	5,006,489	51,374
Administrative and Other Operating Expenses	(130,323,486)	(87,069,176)	(133,919,839)
Net Operating Profit	**428,757,070**	**382,230,633**	**546,690,157**
Financial Costs	(92,420,485)	(63,625,900)	(108,239,238)
Financial Income	37,448,494	22,850,876	27,347,707
Profit/(Loss) before Tax & Bonus	373,785,078	341,455,608	465,798,626
Provision for Staff Bonus	(7,475,702)	(6,829,112)	(9,315,973)
Profit/(Loss) before Tax	**366,309,377**	**334,626,496**	**456,482,653**
Income Tax Expense	(8,078,875)	(5,043,389)	(6,421,883)
Net Profit for the Year	**358,230,502**	**329,583,107**	**450,060,770**
Other Comprehensive gain/(loss) for the year, net of tax	2,388,872,000	1,101,150,000	-
Total Comprehensive Income for the year, net of tax	**2,747,102,502**	**1,430,733,107**	**-**
Major Financial Highlights			
Earnings Per Share (EPS)	11.60	10.67	14.57
Current Ratio	4.62	3.25	5.68
Return on Assets (ROA)	4.43%	4.82%	7.89%
Net worth Per Share	213.81	171.20	126.80
Market Value Per Share	337	346	375
Price Earnings Ratio	29.06	32.43	25.74

Financial Statements

- The unaudited financial statements for the third quarter have been published along with this report.
- Pursuant to the Life of the project, the company has amortized the intangible assets so that all the investments made on electricity generation, transmission, or distribution are paid back in an average of 30 years from the Commercial Operation Date. In the case of other Fixed Assets, depreciation has been calculated based on Written Down Value as per the provisions of the Income Tax Act, 2058.
- Till the end of Chaitra 2079, Mai Hydropower Plant (22 MW) has generated the invoice of NPR. 463,069,494 and Mai Cascade Hydropower Plant (7 MW) has generated the invoice of NPR. 157,301,011. Besides this, interest on deposits has been reported as Financial Income.
- As per the Posted Rate Facility Agreement for Mai Hydropower Project (15.6MW), the company is eligible to claim the additional rate for 7 years from Baisakh, 2072 to Chaitra 2078. The company has claimed NPR 502,804,068 with Nepal Electricity Authority during the eligible period. Out of the total claimed amount, NPR. 216,809,470 has already been received from NEA on different dates while NPR. 285,994,598 is yet to be received.
- As per Budget for F/Y 2071-72, Under the topic "Urja Ujyalo Nepal Sambhriddha Nepal" point 61 'For Projects completed and connected to National Grid by 2079-80, the Lump sum amount of NPR. 50 lakhs/MW is to be provided as Government Grant. An additional 10% will be provided to those projects which will be completed and connected to National Grid by 2074-75.'
  Mai Hydropower Plant (22MW) and Mai Cascade hydropower plant (7MW) were completed and connected to National Grid on 2071-11-14 and on 2072-10-29 respectively which makes the company eligible for the above-mentioned grant from GON. However, such income has not been included in Revenue/Income since the same has not been received yet.
- Income tax provision on the interest income from term deposit has been accounted @ 25% totaling NPR 8,078,874.
- The list of unclaimed cash dividend for FY 7074-075 and FY 2076-77 has been published on company's website: www.maihydro.com under "News and Reports" section and Sanima Capital's website https://www.sanima.capital/ under result section Pending Cash Dividend. All the shareholders are kindly requested to check the list and reach out to Sanima Capital, Naxal for unclaimed dividend, if any.
- SHPC has committed to invest NPR 1,740,700,000 in the following companies and which have been shown under the heads as "Investment in Associates" & "Advance for Investment" below:

Associate Company	Committed to Investment	Investment at cost in associates	Advance for Investment
Swet Ganga Hydropower & Construction Ltd. (SGHC)	450,000,000	450,000,000	-
Sanima Middle Tamor Hydropower Ltd (TAMOR)	533,200,000	533,200,000	-
Mathillo Mailun Khola Jalvidhyut Hydropower Ltd.	237,500,000	237,500,000	-
Bavari Construction Pvt. Ltd.	20,000,000	20,000,000	-
Sanima Jum Hydropower Limited.	500,000,000	-	28,500,000
Total	**1,740,700,000**	**1,240,700,000**	**28,500,000**

Swet Ganga Hydropower & Construction Ltd. (SGHC) and Sanima Middle Tamor Hydropower Ltd. (TAMOR) have been listed in the share market as public companies. As of Chaitra 30, 2079, the market value per share for SGHC and TAMOR is NPR. 360 and NPR. 321 respectively. Thus, the total investment in the companies (SGHC & TAMOR) have been presented at the fair value of NPR. 3,372,072,000 at the third quarter end, 2079 under the heading investment in associates.

- The previous period's figures are regrouped and re-arranged wherever necessary.

Management Analysis

- Mai and Mai Cascade Hydropower Plant have evacuated its power on the basis of dispatch availability in the 3rd quarter of the fiscal year 2079/80.
- Revenue from the Sale of Electricity has decreased by 16.2% compared to the corresponding previous year's quarter ending. The end of Posted Rate Facility Agreement for Mai Hydropower Project (15.6 MW) owed 7.86% and unfavorable hydrological condition during this quarter owed 8.32% decrease in the revenue from the sale of electricity. As a result, the net profit for the third quarter end of FY 2079/080 has decreased by 20.4% compared to the previous year's quarter ending.
- Financial income has increased by 36.9% compared to the corresponding previous year's quarter ending.
- The plant operating expenses have increased by 14.4% and administrative expenses has decreased by 2.7% compared to the corresponding previous year's quarter ending.
- The financial costs have decreased by 14.6% compared to the corresponding previous year's quarter ending.
- The company has recognized other comprehensive gain of NPR. 2,388,872,000 resulting from fair value measurement of shares invested in Swet Ganga Hydropower and Construction Ltd. and Sanima Middle Tamor Hydropower Ltd. (Listed Associate Companies) as on third quarter end, 2079. The gain has also been shown under other reserves as Fair Value Reserve.

Legal Proceedings

- During the period, no legal cases were raised or pending against the Company and from the company.

Analysis of Company's Share Transaction

- The major highlights of Share transactions duing the quarter are as follows:

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Maximum price NPR.	367	375	482
Minimum price NPR.	300	250	360
Closing price NPR.	337	346	375
Total Turnover NPR.	1,174,414,548	854,704,441	2,245,597,711
Total Transactions	13,158	10,801	24,409
No. of transaction Day	56	52	58
Total traded volume	3,589,210	2,794,909	5,155,708

Problems & Challenges

Internal Challenges

- Retention of skilled human resources.
- To maintain operational efficiency.

External Challenges

- Inconsistent regulatory and policy level commitment from the government regulatory agencies in the development of hydroelectric projects.
- Fluctuating cost of capital and devaluating local currency.
- Delay of statutory approvals.
- Loss due to a natural disaster –flood, Earthquake, drought, force measure issue, etc.
- Lack of domestic suppliers and vendors for hydropower equipment and spare parts.
- Hydrological Risk.

Strategies

- Implementation of HR optimization plan.
- Lobbying with government agencies for investment friendly environment.
- Adequate insurance policies against the loss due to natural disaster.
- Maintenance of stock of spare parts & equipment.

Corporate Governance

The Board of Directors, Audit Committee, other Committees, and Management Team are committed to strengthening good corporate governance within the company. Sanima Mai has written manuals, policies, rules & guidelines for the proper functioning of the operation of the company.

Declaration

I, the General Manager of this Company, take the responsibility for the accuracy of the information and details mentioned in this report for the period up to the 3rd quarter of F.Y 2079/080, hereby declare that the information and details provided in this report are true, based on facts, and complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

Please contact on (977-01)4372828/4373030 for further inquiry about the company.



इराकको हलमा छक्कापञ्जा

इराकको कर्दिस्तानस्थित सुलेमानी सहरमा 'छक्कापञ्जा ४' प्रदर्शन हुने भएको छ। इराकको सिटी सिनेमा हलमा फिल्म देखाइने वितरक रमेश ढकालले बताए। दीपकराज गिरी, केदार घिमिरे, दीपाश्री निरौला, बेनिशा हमाललगायतको अभिनय रहेको 'छक्कापञ्जा ४'लाई हेमराज बिसीले निर्देशन गरेका हुन्।



अफिसरको रोलमा सोनाक्षी

वेब सिरिज दहाडको ट्रेलर रिलिज भएको छ। यस सिरिजमा सोनाक्षी सिन्हा पुलिस अफिसरको भूमिकामा देखिएकी छिन्। उनले एक युवतीको आत्महत्याको अनुसन्धान गर्छिन्। यस क्राइम थ्रिलर सिरिजमा विजय बर्मा सिरियल किलरको भूमिकामा छन्। १२ मेमा यो सिरिज अमेजन प्राइममा रिलिज हुनेछ।

'समयबजी'को लोकप्रियता

नेवारी परिकार भन्नेबित्तिकै मांसाहारी परिकार मात्रै हुन्छ भन्ने बुझाइ थियो, तर नेवारी परिकारमा शाकाहारी परिकार पनि धेरै पाइन्छन्



ललितपुरको पाटनमा 'बुलाल नेवारी खाजाघर' सञ्चालन भएको चार दशकभन्दा धेरै भयो। पहिले यस रेस्टुरेन्टमा नेवारी समुदायकै मानिसहरूको भिड हुन्थ्यो। अहिले अन्य समुदाय र विदेशी ग्राहकको संख्यासमेत ठूलो हुन्छ। खाजाघरमा ३० रुपैयाँदेखि दुई सयसम्मका नेवारी परिकार अलग-अलग अर्डर गर्न सकिने सञ्चालक सानुराज महर्जनले बताए। 'तपाईंलाई खान मन लागेको फरक-फरक परिकार अर्डर गर्न सक्नुहुन्छ। तर, मेनुमा नेवारी परिकार मात्रै हुन्छ,' महर्जनले भने, '२५ थरी परिकार छन्। अधिकांशले छोयला, फिसकरी रुचाउँछन्। आलु-तामा, पिरो कचिला पनि रोजाइमा छ।'

अन्डा बारा, सादा बारा, मिक्स बारा, भुटन, आलु-तामा, च्याउ साँधेको, आलु, भटमास, बदाम, बोडी, चिउरा आदि परिकार मौलिक स्वादमै ग्राहकलाई चखाउने गरेको उनले बताए। 'शाकाहारीका लागि स्पेसल अचार पाइन्छ। गाँजर, मुला, काँक्रालगायत साँधेको आचारको स्वाद चाख्न पाइन्छ। अचारमा चिउरा तथा अरू भेज आइटम मिसाएर खान पनि पाइन्छ,' उनले भने। उनको अनुभवमा जापान, अमेरिका, युरोपका पर्यटकले पिरो नभएको नेवारी परिकार खान रुचाउँछन्। 'तर, नेपालीलाई पिरो भएन भन्ने खल्लो लाग्छ,' उनले भने, 'त्यसैले ग्राहकले जस्तो खोज्छन्, त्यस्तै बनाउँछौं।'

पछिल्लो समय नेवारी समुदायभन्दा पनि अन्य समुदायका ग्राहक आफ्नो रेस्टुरेन्टमा धेरै आउने गरेको थापाथलीस्थित नेवारी किचेनका सञ्चालक राजीव श्रेष्ठले बताए। 'नेवारी परिकार भन्नेबित्तिकै मांसाहारी परिकार मात्रै हुन्छ भन्ने बुझाइ थियो, तर नेवारी परिकारमा शाकाहारी परिकार पनि धेरै पाइन्छन्। त्यसैले भेज र नन-भेज दुवैका लागि स्वादअनुसार अर्डर गर्न सक्नुहुन्छ,' उनले भने।

उनका अनुसार समयबजी खाजा सेटमा शाकाहारीका लागि भेज चटामरी, आलु साँधेको, च्याउ, स्विट कर्न चटामरी, अचारलगायत उपलब्ध छन्। त्यस्तै, ननभेजका लागि बफ छोयला, पोलेको बफ छोयला, साँधेको बफ सुकुटी, तारेको मटन फोक्सो, खसीको भुटन, बफ भुटनलगायत उपलब्ध छ। 'आफ्नो स्वादअनुसारको भेराइटी पाइने भएकाले पनि नेवारी परिकारले लोकप्रियता पाएको हो,' उनले भने। पाटन र सोह्रखुट्टे गरी दुई ठाउँमा रहेको 'नेवा घासा'ले पनि मौलिक स्वाद चखाउँदै आएको छ। यहाँका परिकार नेवारी, नेपाली तथा विदेशीहरूमाझ लोकप्रिय रहेको अपरेसन इन्चार्ज कैलाश केसीले बताए। उनका अनुसार परम्परागत नेवारी सजावटको नेवा घासामा एकैपटक तीन-चार सयजनालाई सर्भ गर्न सक्ने व्यवस्था छ। उनी भन्छन्, 'पाटन र सोह्रखुट्टेको घासामा माहोल निकै शान्त छ। यहाँ पारिवारिक वातावरण छ। नेवारी संस्कृतिसँगै खानपानको स्वाद चाख्न पाइन्छ,' उनले भने। १९ सय रुपैयाँको नेवारी घासा सेटमा १४ थरीका परिकार समावेश हुने उनले बताए।

ग्राहकको रोजाइमा पर्ने परिकार

चटामरी : अन्डा चटामरी, बफ चटामरी, चिकेन चटामरी, अन्डा आलु चटामरी, मिक्स बफ चटामरी, मिक्स चिकेन चटामरी आदि।

बारा : सादा बारा, अन्डा बारा, बफ बारा, चिकेन बारा, बफ कचिला अन्डा बारा, चिकेन कचिला अन्डा बारा, मिक्स बफ बारा, मिक्स चिकेन बारा आदि।

नेवा घासा : थलथले, पिरो थलथले, आलु साँधेको, रक्ति, नेवारी ससेज, छाला साँधेको, उसिनेको बफ छोयला, कुरकुरे हड्डी, चिकेन छोयला आदि।

फ्राई आइटम : खा ग्वः जिब्रो, गिदी, बोन म्यारो, स्यपु म्हिचा, भुटन, पांग्रा सुकुटी, कचिला फ्राई, कचिला र अन्डा फ्राई, चिकेन, फोक्सो, खसीको टाउको आदि।

बालबालिकालाई संगीत किन सिकाउने ?

के तपाईंका बालबालिका गीत-संगीतमा आकर्षित छन् ? यदि छन् भने उनीहरूलाई संगीतमा लाग्न हौसला दिनुस्। किनकि, संगीतले उनीहरूलाई खुसी र सक्षम बनाउन भूमिका खेल्छ। संगीत प्रशिक्षणले उनीहरूको कल्पना शक्ति, शब्द सिक्ने कला र भाषालाई सुधार्न महत्त्वपूर्ण भूमिका खेल्छ, प्रतिफलस्वरूप उनीहरूको पढाइ पनि राम्रो हुँदै जान्छ। यसले उनीहरूमा भावनात्मक विकास, आत्मविश्वास र सामाजिक रूपमा घुलमिल हुन सक्ने खुबी बढाउँछ। टिमवर्कमा उनीहरूलाई विश्वास गर्न सिकाउँछ। अनुशासन, प्रतिबद्धता र समस्या समाधान गर्ने खुबीको पनि विकास गर्छ। त्यसैले समग्र जीवनका लागि संगीत उपयोगी छ। 'संगीतले संसार बदल्छ' त्यसै भनिएको होइन। संगीत सिक्न थालेपछि बालबालिकामा देखिने केही सकारात्मक परिवर्तन यस्ता छन् :



स्मार्ट बनाउँछ

धेरै अध्ययनले बालबालिकाको मानसिक विकासमा संगीत उपयोगी छ भन्ने देखाएको छ। जसकारण बालबालिकाको समग्र विकास राम्ररी हुन पाउँछ। संगीतले बौद्धिक, सामाजिक व्यक्तित्व विकासमा सघाउँछ। बच्चालाई सिर्जनशील, आत्मविश्वासी बनाउँछ। जसकारण, उनीहरू भविष्यमा राम्रो व्यक्ति बन्न सक्छन्। सबैभन्दा राम्रो कुरा, उनीहरू थाहै नपाई राम्रो बाटोमा लागिरहेका हुन्छन्। बच्चाहरू जति धेरै सांगीतिक गतिविधिमा संलग्न हुन्छन्, त्यति नै उनीहरूको समग्र व्यक्तित्व निखारिँदै जान्छ। वाद्यवादन, गायन वा गीत सिर्जना संगीतका जुनसुकै विधामा लाग्दा पनि बालबालिका खुसी र सिर्जनशील हुन्छन्। उनीहरूको धैर्य बढेर जान्छ। नियमित अभ्यास र सांगीतिक गतिविधिमा संलग्न हुँदा उनीहरूको आत्मविश्वास र आत्मजागरण बढेर जान्छ। हुन त संगीतका लागि उमेरको हद छैन, जुनसुकै उमेरका मानिसले पनि संगीतको अभ्यास गरेर आफूलाई शान्त राख्न सक्छन्। तर, बच्चैबाट संगीत सुरु गर्दा यसै क्षेत्रमा करिअर बनाउन पनि सहज हुन्छ।

सिर्जनशीलता : फरक तरिकाले सोच्ने र कल्पना गर्ने बानी बस्छ। पृथक् योजना र दृष्टिकोण बनाउनका लागि यो उपयोगी छ।

सामाजिक बनाउँछ : संगीत समूहमा बसेर सिकिन्छ। समूहमै बसेर प्रस्तुत गरिन्छ। जसकारण सामाजिक रूपमा घुलमिल हुने, समूहमा विश्वास गर्ने र सहकार्य गर्ने खुबी विकास भएर जान्छ।

भावनात्मक विकास : भावनामा संगीतको शक्तिशाली प्रभाव रहन्छ। संगीतमार्फत आफूलाई अभिव्यक्त गर्न सक्ने खुबी बालबालिकामा विकास हुनु भनेको उनीहरूको भावनात्मक बौद्धिकता र बुझाइ विकास हुनु हो।

खुसी : भविष्यमा संगीतमै करिअर बनाउने वा सौखका रूपमा भए पनि यसलाई निरन्तरता दिने बानी विकास हुन्छ। संगीतमा लाग्नेहरू खुसी र भरिपूर्ण हुन्छन्।

सुन्ने कला : संगीतमा लाग्नेमा ध्यानपूर्वक सुन्ने बानीको विकास हुन्छ। त्यस्तै, भाषाको दखल पनि राम्रो हुन्छ। राम्रोसँग सुन्ने र त्यसलाई मस्तिष्कमा पनि राम्ररी स्मरण गर्ने खुबी विकास हुन्छ। उदाहरणका लागि, गीतमार्फत ए, बी, सी, डी वा क, ख, ग, घ सिकाउँदा बालबालिकाले चाँडै सिक्छन् र सम्झन्छन् पनि। अध्ययनहरूले देखाएका छन्, कुनै विदेशी भाषामा बोल्नभन्दा गाउन सहज हुन्छ।

शान्ति : मस्तिष्क, शरीर र आत्माका लागि संगीत लाभदायी छ। यसले मानिसलाई शान्त राख्छ। तसर्थ, बच्चालाई जीवनका महत्त्वपूर्ण पाठ बुझाउनका लागि अभिभावकले उनीहरूको रुटिनमा खेलकुदसँगै संगीतलाई पनि समावेश गराउन जरुरी हुन्छ। उनीहरूको मानसिक, शारीरिक र सामाजिक कला सुधार भएर जान्छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल, ललितपुर

औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी वोलपत्र स्वीकृति आशयको सूचना

प्रकाशित मिति २०८०/०१/२१

यस अस्पतालको गरीब तथा असहाय विरामीहरुका लागि निःशुल्क औषधी तथा सर्जिकल सामान खरिद गर्ने सम्बन्धी मिति २०७९/१२/१० मा ई- विडिङ मार्फत प्रकाशित सूचना बमोजिम पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित बोलपत्र मूल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

सू.नं.	कार्य विवरण	बोलपत्र दाताको नाम	ठेगाना	कवोल अंक रु. (मु.अ.कर वाहेक)
MH/NCB/GOODS/079/80/02	औषधी तथा सर्जिकल सामान खरिद	हेल्पिङ मल्टीपर्पोज प्रा.लि.	कागेश्वरी मनोहरा, काठमाण्डौ	२९९३९७२।५०

नबिल बैंक लिमिटेड, बनेपा शाखा, काभ्रे
तपसिलमा उल्लेखित ऋणीलाई
कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८०/०१/२१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानतकर्ता
राम बहादुर तामाङको छोरी सलाम सिं मोक्तान तामाङको बुहारी, यमराज मोक्तानको श्रीमती रामेछाप जिल्ला मझुवा गा.वि.स वडा नं ५ स्थायी घर भई हाल काभ्रे जिल्ला बनेपा नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. २१३०५३/१० (जारी मितिः २०६३/१०/०६, स्थान रामेछाप) भएको **श्रीमती उर्मिला मोक्तान**।	१. भक्त बहादुर तामाङको नाति सलाम सिं मोक्तान तामाङको छोरा रामेछाप जिल्ला मझुवा गा.वि.स वडा नं ५ स्थायी घर भई हाल काभ्रे जिल्ला बनेपा नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. ४२८८९/२११०५३, (जारी मितिः २०५६/०२/२३, स्थान रामेछाप) भएको **श्री यमराज मोक्तान**। २. सलाम सिं मोक्तान तामाङको नाति यमराज मोक्तानको छोरा रामेछाप जिल्ला खाँडादेवी गा.पा. वडा नं २ स्थायी घर भई हाल काभ्रे जिल्ला बनेपा नगरपालिका वडा नं ७ बस्ने नागरिकता नं. २१-०१-७५-०३६७२, (जारी मितिः २०७५/०७/३०, स्थान रामेछाप) भएको **श्री खड्ग बहादुर मोक्तान**।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना।

(प्रकाशित मिति २०८०/०१/२१)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्बन्धित ऋणी तथा धितो सुरक्षण धनी/धितो जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसंग सम्बद्ध फर्म/कम्पनी समेतलाई यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसंग सम्बद्ध फर्म/कम्पनी समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल-अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा/वा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

तपसिल

१. **ऋणीको नाम** : प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, दाडमा प्रा.फ.र.नं. १२८१९/९० अन्तर्गत मिति २०७६/०४/१२ मा दर्ता भई दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० मा रजिष्टर्ड ठेगाना रहेको आन्तरिक राजश्व कार्यालय दाडमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८८००८६८, मिति २०७५/०८/१२ मा दर्ता भएको **जानका सप्लायर्स** ।

प्रोप्राईटर तथा धितो जमानतकर्ता : पदम लाल आचार्यकी छोरी, मान बहादुर खत्रीकी बुहारी, सन्तोष के.सी.की पत्नी, दाङ जिल्ला, डुरुवा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **प्रमिता के.सी.** (ना.प्र.नं. ५२-०१-६९-०२३३८, जिल्ला प्रशासन कार्यालय, दाङ, जारी मिति २०६९/०३/२०)

व्यक्तिगत जमानतकर्ता : भीम बहादुर खत्रीको नाति, मान बहादुर खत्रीको छोरा, दाङ जिल्ला, डुरुवा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने सन्तोष के.सी (ना.प्र.नं. २०९५/१४३८, जिल्ला प्रशासन कार्यालय, दाङ, जारी मितिः २०६२/०३/२७)

धितो सुरक्षणको विवरणः

क) ऋणी फर्मका प्रोप्राईटर तथा धितो जमानतकर्ता **प्रमिता के.सी.**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय घोराही, दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, नारायणपुर गा.वि.स./न.पा. वडा नं. २/ग स्थित कित्ता नं. १२६२ को क्षेत्रफल २०५.७० व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको लिगलगापात।

ख) ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउन वांकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

२. **ऋणीको नाम** : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, दाडमा प्रा.फ.र.नं. १२२९/३३०/०६५/०६६ (स्था.व्या.) अन्तर्गत मिति २०६५/१०/२१ मा दर्ता भई दाङ जिल्ला, नारायणपुर गा.वि.स./न.पा. वडा नं. १ मा रजिष्टर्ड ठेगाना रहेको आन्तरिक राजश्व कार्यालय दाडमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३९१२८९५ मिति २०६६/१०/१९ मा दर्ता भएको **निर्देश पोल्ट्री सप्लायर्स**।

प्रोप्राईटर : भीम बहादुर खत्रीको नाति, मान बहादुर खत्रीको छोरा, दाङ जिल्ला, डुरुवा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **सन्तोष के.सी** (ना.प्र.नं. २०९५/१४३८, जिल्ला प्रशासन कार्यालय, दाङ, जारी मितिः २०६२/०३/२७)

व्यक्तिगत जमानतकर्ता :

क) धानविर खत्रीको नाति, भिम बहादुर खत्रीको छोरा, दाङ जिल्ला, धर्ना गा.वि.स. वडा नं. ८ बस्ने **मान बहादुर खत्री** (ना.प्र.नं. ५९५/१८, जिल्ला प्रशासन कार्यालय, दाङ, जारी मिति २०४५/०१/१८)

ख) पदम लाल आचार्यकी छोरी, मान बहादुर खत्रीकी बुहारी, सन्तोष के.सी.की पत्नी, दाङ जिल्ला, डुरुवा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १० बस्ने **प्रमिता के.सी.** (ना.प्र.नं. ५२-०१-६९-०२३३८, जिल्ला प्रशासन कार्यालय, दाङ, जारी मिति २०६९/०३/२०)

धितो सुरक्षणको विवरणः

क) व्यक्तिगत तथा धितो जमानतकर्ता **प्रमिता के.सी.**को नाममा भूमिसुधार तथा मालपोत कार्यालय घोराही, दाङको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, नारायणपुर गा.वि.स./न.पा. वडा नं. २/ग स्थित कित्ता नं. १२६२ को क्षेत्रफल २०५.७० व.मि. जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको लिगलगापात।

ख) ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउन वांकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १२५२३
Email: info@laxmibank.com, URL: www.laxmibank.com

अपरिहार्य कम्युनिस्ट एकता

कार्यकर्तामा एकताको चाहना हुँदाहुँदै पनि शीर्ष नेताका स्वार्थ र दम्भका कारण एकता हुन नसकेको अवस्थामा अब सम्पूर्ण कम्युनिस्ट गोलबन्द हुनुको विकल्प छैन



● टेकेन्द्र जोशी

अग्रलेख


नेपालका राजनीतिक दलहरूमा जुट्ने, फुट्ने अनि फेरि जुट्ने प्रक्रिया एक नियमित आकस्मिकता बनेको छ। जब जुट्छन्, पार्टीका विचार, सिद्धान्त, रणनीति र कार्यनीतिमा बहसै नगरी मजुदा विचार सिद्धान्तलाई दराजमा थन्क्याउँछन्, अनि निहित राजनीतिक स्वार्थका लागि एकता गर्छन्। परिणामस्वरूप एकताको जग एकता भएकै दिनदेखि डगमगाउन थाल्छ र ढिलोचाँडो पहिरो नै जान्छ। पार्टी एकताको आधार भनेको विचार र सिद्धान्त हो। एकतापछि फरक-फरक विचारलाई मर्ज गरी नयाँ विचार र सिद्धान्त निर्माण नगरी गरिएका एकता विशेषगरी कम्युनिस्ट पार्टीमा पटक-पटक भत्किएका प्रशस्त उदाहरण छन्। नयाँ विचारलाई सिध्याउने र पुराना विचारलाई छोड्ने प्रवृत्ति कम्युनिस्ट पार्टीमा बढ्दै गएको छ। मार्नै, टुटफुट र पुनः एकता कम्युनिस्टको संरचनागत धर्मै हो। हुन त कम्युनिस्ट पार्टी मात्र नभएर कांग्रेस, राप्रपा, जातीय र क्षेत्रीय नाराबाट उठेका मधेसवादी र अन्य दल पटक-पटक टुटफुट र एकता हुँदै हुर्किएका छन्। नेपालको राजनीतिमा 'राजनीतिको अन्तिम सत्य नै सत्ता प्राप्ति हो' भन्ने भाष्य निर्माण गरिएकाले टुटफुट र एकता हरेक पार्टीमा हरेक समय सम्भव छ।

कम्युनिस्ट पार्टी स्थापनामै फुटको बीजारोपण: नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को स्थापना नै विवादबीच भएको थियो। केशरजंग रायमाझीलगायत केही युवाले 'मार्क्सिस्ट स्टडी सर्कल' गठन गरेका थिए। सर्कलमा वनारसमा अध्ययनरत मनमोहन अधिकारी पनि थिए। यसको उद्देश्य नेपालमा कम्युनिस्ट पार्टी खोल्नु थियो। यसबारे छलफल हुँदाहुँदै पुष्पलालले थाहै नदिई नेकपा स्थापना गरेका थिए। ००६ वैशाख १० गते भारतको कलकत्तास्थित श्यामबजारमा एक बंगालीको घरमा नेकपाको औपचारिक गठन गरिएको थियो। पाँचजना संस्थापक सदस्यबाट सुरु गरिएको नेकपा ढूलो हुँदै गयो र अहिले सात दशकभन्दा बढी समय बिताउँदा दर्जनौंपटक एकता, विभाजन र फेरि एकताको क्रम-उपक्रमबाट गुज्रिएको छ।

प्रजातन्त्र पुनर्स्थापनापछिका निर्वाचन र कम्युनिस्ट : ०४६ को जनआन्दोलनपछि कांग्रेस नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा आन्तरिम सरकार बन्यो। ०४८ को प्रतिनिधिसभा निर्वाचनमा तिनै भट्टराईलाई पराजित गर्दै राजधानीका दुई स्थानबाट एमाले महासचिव मदन भण्डारी विजयी बने। भण्डारीको उदाहरण दिँदै 'न्युज विक'ले लेखेको थियो- 'नेपालमा कार्ल मार्क्स जीवित छन्।' ०५१ को मध्यावधि निर्वाचनमा कम्युनिस्टहरू सर्वाधिक मत प्राप्त गर्न सफल भए र एमाले पार्टी पहिलो कम्युनिस्ट सरकार बनाउन सफल भयो। ०७४ मा कम्युनिस्टका मुख्य ढूला दल एमाले र माओवादी केन्द्रले अप्रत्यासित एकता गरेर दक्षिण एसियाकै ढूलो कम्युनिस्ट पार्टी बनाए। ०७४ को निर्वाचनमा कम्युनिस्टले करिब दुईतिहाइको जनमत प्राप्त गरी एकल स्थायी सरकार बनायो। विश्व कम्युनिस्ट आन्दोलन छिन्नभिन्न र कमजोर हुँदै जाँदा पनि नवउदारतावादको विश्वव्यापी छालले नेपाली जनताको कम्युनिस्टप्रतिको मोह, निकटता, आस र भरोसालाई हल्लाउन सकेन।

कम्युनिस्टको कमजोरी : नेपालका कम्युनिस्ट पार्टीहरू फुट्न धेरै ढूलो राष्ट्रिय मुद्दा वा इस्यु चाहिँदैन। यो उनीहरूको जन्मजात कमजोरी हो। पार्टी स्थापना दिवसको मितिका नाममा पनि उनीहरू फुट्ने डिलमा पुगेका थिए। कुनैले सन् १९४९ अप्रिल २२ लाई स्थापना दिवस मान्छन् भने कुनैले सेप्टेम्बर १५ लाई। मितिबारे कम्युनिस्टभित्र ढूलो किचलो भएको थियो। एमालेको पाँचौं महाधिवेशनले १० वैशाख (२२अप्रिल १९४९) मा कम्युनिस्ट पार्टी स्थापना भएको निष्कर्ष निकालेपछि पछिल्लो समय यसबारे बहस भएको पाइँदैन। तर, भविष्यमा यही निहुँमा पनि कम्युनिस्ट फुट्न सक्ने सम्भावना नकार्न सकिँदैन। ०४६ को जनआन्दोलनपछि संसदीय प्रणालीमा प्रवेश गरेका कम्युनिस्टमा फुट्न, जुट्न र मिल्नका लागि वैचारिक, सैद्धान्तिक र राष्ट्रिय इस्यु चाहिएको देखिएन। कम्युनिस्ट मात्र नभई नेपालका सबैजसो राजनीतिक पार्टी शीर्ष नेताको सत्तास्वार्थ, व्यक्तिगत लाभ-हानि, इगो र जुँगाको प्रतिस्पर्धामा सहजै फुट्न र जुट्न सक्छन्।

एमाले-माले फुट : ०५४ मा एमाले फुटेर माले बन्यो। भारतसँग गरेको महाकाली सन्धिको विषयलाई लिएर एमालेभित्र चर्को मतभेद चल्यो। विगतमा भारतसँग गरिएका कोसी, गण्डकी सन्धिमा नेपाल ठगिएको इतिहास स्मरण गर्दै महाकाली सन्धिमा पनि नेपाल ठगियो भन्ने एमालेभित्रको एक समूहले निष्कर्ष निकाल्यो। सन्धि राष्ट्रघाती हो र यो सन्धि गर्नु हुँदैन भनेर एमालेभित्र चर्को विरोध भयो। अन्य कम्युनिस्ट घटक त यसविरुद्ध थिए नै। संसद्मा मतदान हुँदा एमालेले ह्विप लगाए पनि केही शीर्ष नेता र सांसदले उल्लंघन गरी सन्धिको विपक्षमा मतदान गरे। सन्धि संसद्बाट बहुमतले अनुमोदन गरियो। यसले एमालेलाई विभाजित गऱ्यो। वामदेव गौतमको नेतृत्वमा एउटा ढूलो हिस्सा एमालेबाट बाहिरियो र माले बन्यो। यद्यपि यो वेला पार्टी फुटमा थोरै भए पनि सैद्धान्तिक आधार थियो। राष्ट्र, राष्ट्रियता, प्राकृतिक सम्पदाको संरक्षण र सदुपयोग जस्ता विषयको लेपन थियो। तर फुटेको पार्टी लामो समयसम्म धानिन सकेन। फुटेको चार वर्षपछि ०५८ मा दुवै पार्टी एक भए। वामदेवलगायत धेरै नेता-कार्यकर्ता एमालेमै फर्किए भने



सीपी मैनालीको सानो समूह मालेमै रह्यो।

माओवादी केन्द्रको फुट : ०५२ मा जनयुद्ध सुरु गरेको माओवादी ०६२/६३ को जनआन्दोलनपछि एमाले र कांग्रेससँगै लोकतान्त्रिक संसदीय व्यवस्थामा आइपुग्यो। ०६४को पहिलो संविधानसभा चुनावपछि नारायणकाजी श्रेष्ठको एकता केन्द्र माओवादीमा मिल्यो। मोहन वैद्य र नेत्रविक्रम चन्दले माओवादी छाडेर अर्को पार्टी बनाए। पछि चन्दले छुट्टै पार्टी गठन गरे। बाबुराम भट्टराईले त कम्युनिस्ट आन्दोलन नै छोडेर नयाँ शक्ति नेपाल पार्टीका संयोजक बने र सो पार्टी पनि भंग गरी जनता समाजवादी पार्टीमा पुगे। उनी अहिले नेपाल समाजवादी पार्टीका प्रमुख छन्।

> आफ्ना लागि उर्वर भूमि हुँदाहुँदै पनि नेपालमा करिब ६५ प्रतिशत मतभार भएका कम्युनिस्ट पार्टीहरू सधैं कांग्रेसको पाल्की बोकेर हिँड्नुपर्ने बाध्यता उनीहरूकै पटक-पटकको आपसी टुटफुटले निम्त्याएको हो

शान्ति प्रक्रियामा आइसकेपछि पनि माओवादीभित्र रहेको आन्तरिक संघर्ष कम भएन। पार्टी एक रहुन्जेल प्रचण्ड, डा. भट्टराई र वैद्यबीच त्रिपक्षीय संघर्ष हुन्थ्यो। पालुङटारमा सम्पन्न छैटौं विस्तारित बैठकमा प्रचण्ड, डा. भट्टराई र वैद्यले छुट्टाछुट्टै दस्ताबेज पेस गरे पनि कुनै पनि प्रस्ताव पारित हुन सकेन। अन्ततः अन्तरद्वन्द्व पार्टी फुटमा परिणत भयो। ०६९ असार ४ गते वैद्य-बादल समूह माओवादीबाट अलग भयो। माओवादी फुट्यो। पछि २०७० मंसिरमा वैद्य नेतृत्वको पार्टीबाट विप्लव समूह फुट्यो भने बादल समूह पुनः प्रचण्ड समूहमै मिसियो। बादललगायत पूर्व माओवादी एमालेमा विलय भए। शान्ति प्रक्रियामा आएपछि मात्र होइन, युद्धमै छँदादेखि नै माओवादीबाट विभिन्न समूह निस्किने र जोडिने क्रम चलिरहेको थियो। ०६५ मा एकता केन्द्रसँग र ०७३ मा विभिन्न १० माओवादी घटकबीच एकता भयो। माओवादीमा जति फुट भएको छ त्यति नै एकता पनि भएको छ।

नेकपा एकता र विभाजन : अप्रत्यासित रूपमा एमाले र माओवादीले ०७४ असोज १७ गते पत्रकार सम्मेलन गरी ६ बुँदे सहमति सार्वजनिक गरे। नजिकिँदो संघीय र प्रादेशिक निर्वाचनलाई केन्द्रमा राखेर वाम गठबन्धन गराएर पार्टी एकताको मार्गचित्र कोरियो। ०७५ जेठ ३ मा दुई पार्टीबीच एकता भयो र घोषणासभामा दुवै पार्टीका नेताले यसलाई नेपाली कम्युनिस्ट आन्दोलनको ऐतिहासिक परिघटनाका रूपमा व्याख्या गरे। दुई अध्यक्षीय प्रणालीको थालनी गरियो। केपी ओली र प्रचण्ड एकतापछिको नेकपाका अध्यक्ष रहे।

एकताको उन्मादमा पचासौं वर्ष वामपन्थीले शासन सत्ता चलाउने र समाजवाद ल्याउने घोषणासमेत गरियो। दुई ढूला वामपन्थी पार्टीको एकीकरणसँगै नेपाली कम्युनिस्ट आन्दोलनमा एक नयाँ अध्याय सुरु भयो। पार्टी एकताको वाचासहित दुई ढूला वाम पार्टीबीच गरिएको गठबन्धनले जनतामा उत्साह जगायो। अस्थिर राजनीतिले वाक्क भएका जनताले स्थिर सरकारको अपेक्षा गरी वाम गठबन्धनलाई करिब दुईतिहाई मत दिए। साझा घोषणापत्र बनाएर चुनाव लडेका दुवै दलले अपेक्षित नतिजा पनि ल्याए। प्रतिनिधिसभामा कुल १७४ सिट जिते भने सातमध्ये ६ प्रदेशमा सरकार बनाउन सहज बहुमत पाए। यो सरकारले देश र जनताका लागि केही दीर्घकालीन उच्च महत्त्वका काम गर्छ भन्ने जनताले विश्वास गरे। नेकपाले केपी ओली नेतृत्वमा सरकार बनायो। करिब दुईतिहाइ जनमत प्राप्त पार्टीको सरकार बनेका वेला देश र जनताका लागि धेरै राम्रा काम गर्न सकिन्थ्यो। तर, नेतृत्वमा अहंकार, दम्भ र एकाधिकारवाद हाबी भयो। पार्टीभन्दा प्रधानमन्त्री बलियो हो, राज्य सञ्चालनमा पार्टीको सल्लाह र संलग्नता आवश्यक छैन, प्रधानमन्त्रीले आफ्नो सानो भुन्डको सल्लाहमा आफूखुसी राज्य सञ्चालन गर्न पाउनुपर्छ भन्ने भास्य निर्माण गर्न खोजियो। स्तुतिगानमा रमाउन थालियो, जनमतको अवमूल्यन गरियो। अर्कातिर कम्युनिस्टको यति ठुलो पार्टी भत्काउन देशकै दक्षिणपन्थी पार्टीहरू र बाह्य शक्ति सलबलाउन थाले। देश र जनताको आवाज सुन्न पार्टीले ओली सरकारलाई दबाब दिए पनि सरकारले सुनेन। संविधान मिचेर दुई-दुईपटक संसद् भंग गरियो। तत्कालीन राष्ट्रपति कार्यालयलाई प्रधानमन्त्रीको आदेशपालकका रूपमा गलत प्रयोग गरियो। न्यायापालिकालाई कार्यपालिकाभित्र खेल्न निमन्त्रणा गरियो। फलतः पार्टी फुट्यो। सर्वोच्च अदालतले एमाले र माओवादीलाई पहिलेकै अवस्थामा बस भन्ने आदेश दियो। पूर्व एमालेका केही पुराना र नयाँ नेताहरूले केपी ओलीको अहंकार, दम्भ र सर्वसत्तावादलाई स्वीकार गर्न नसकिने ठहर गर्दै छुट्टै पार्टी एकीकृत समाजवादी पार्टी गठन गरे।

अन्त्यमा : कम्युनिस्टका लागि उर्वर भूमि हुँदाहुँदै पनि नेपालमा करिब ६५ प्रतिशत मतभार भएका कम्युनिस्ट पार्टीहरू सधैं कांग्रेसको पालकी बोकेर हिँड्नुपर्ने बाध्यता उनीहरूकै पटक-पटकको टुटफुटले निम्त्याएको हो। कम्युनिस्ट पार्टीहरू एक ठाउँमा आउन नसकेकाले सिद्धान्त र विचारविहीन नयाँ पार्टीहरू जन्मेर गम्भीर चुनौती दिन थालेका छन्। अब हामिसँग दुई विकल्प छन्, कि एकीकृत हुने र सुध्रिने कि सिद्धिने। आमकम्युनिस्ट कार्यकर्तामा एकताको चाहना छ, तर शीर्ष नेताका स्वार्थ र दम्भका कारण एकता हुन सकेको छैन। अब सम्पूर्ण कम्युनिस्ट गोलबन्द हुनुको विकल्प छैन। एकता मात्र होइन, कम्युनिस्ट सिद्धान्त र विधिअनुसार पार्टी सञ्चालन गर्नुपर्छ। केन्द्रीयता मात्र होइन, सामूहिकता खोजिनुपर्छ। एकताको आधार सैद्धान्तिक र राष्ट्रिय आवश्यकताको हुनुपर्छ। आजको नेपाली समाज पुँजीवादी बनिसकेको छ। त्यसैले, अब कम्युनिस्ट पार्टीको कार्यभार राष्ट्रिय पुँजी निर्माण गर्ने, मौजुदा पुँजीलाई उत्पादक पुँजीमा रूपान्तरण गर्दै श्रमशक्तिलाई उत्पादन र उद्योगसँग जोडेर समाजवादको तयारी गर्नु हो। वामपन्थी पार्टीबीचको एकता आजको अपरिहार्यता हो। वामपन्थी पार्टीहरूसँग कि सुध्रिने, कि सिद्धिनेबाहेक अर्को विकल्प छैन।

३ प्रश्न

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री **शरत्सिंह भण्डारी**लाई



सरकारले अहिलेसम्म पूर्णता पाउन सकेन, किन ?

राष्ट्रपति-उपराष्ट्रपति निर्वाचन र प्रतिनिधिसभाको उपनिर्वाचन पनि यही अवधिमा भयो। प्रक्रियागत काममै केही बढी समय खर्च भयो। अब सत्तारुढ गठबन्धनमा छलफल सुरु भएको छ। केही दिनमै मन्त्रिपरिषद्ले पूर्णता पाउँछ।

गठबन्धन दलका शीर्ष नेताहरूबाटै असन्तुष्टि आएको छ नि ?

गठबन्धनमा सानातिना असन्तुष्टि आइ नै रहन्छन्। हामी सावधानीपूर्वक अगाडि बढेका छौं। प्रधानमन्त्रीले सबैलाई विश्वासमा लिएर अगाडि बढ्नुभएको छ। यो गठबन्धनले स्थायी सरकार दिन्छ। पाँचै वर्ष टिक्छ।

सरकार अहिले के-कस्ता काममा अल्झिरहेको छ ?


हामी नीति तथा कार्यक्रम र बजेट निर्माणको क्रममा छौं। डेलिभरीमा जोड दिएर सुशासन र समृद्धिको आशा जगाउने गरी नीति तथा कार्यक्रम र बजेट तयार पार्दै छौं। भ्रष्टाचार नियन्त्रणमा पनि सरकार गम्भीर भएर लागेको छ। सरकारप्रति जनताले जुन आशा र अपेक्षा गरेका छन्, त्यसलाई चुनौतीका रूपमा लिएर खरो उत्रिँदै छौं। जनताले अनुभूत गर्ने हिसाबले काम गर्नुपर्छ। त्यसमा सरकार अत्यन्तै गम्भीर र चिन्तनशील छ। नेपाली जनताको अपेक्षा र आकांक्षा बढेर गएको छ। यो ढूलो चुनौती हो। सबैसँग सहकार्य गरेर राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा उठेका विषयलाई सम्बोधन गर्ने गरी प्राथमिकता निर्धारण गरेर नीति तथा कार्यक्रम ल्याउँदै छौं। मुख्य कुरा, डेलिभरी, सुशासन र समृद्धि नै हो। त्यसैमा केन्द्रित भएर यो गठबन्धन अगाडि बढेको छ।

प्रेरक प्रसंग

प्रधानमन्त्रीको रेलयात्रा

इंग्ल्यान्डका प्रधानमन्त्री विलियम इवार्ट ग्ल्याडस्टोन एक साधारण किसानका छोरा थिए। उनी अत्यन्त सादा जीवन व्यतीत गर्थे। यहाँसम्म कि उनी आफ्नो लुगा पनि आफैं सफा गर्थे र बिहान-बिहान साइकलमा झोला झुन्ड्याएर सब्जी किन्न निस्कन्थे।

एकपटक रेलमा यात्रा गरिरहेका वेला स्टेसनमा एउटा पत्रिकाका सम्पादक उनलाई भेट्नका लागि आए। उनको विचार थियो, प्रधानमन्त्री अवश्य पनि पहिलो श्रेणीको डब्बामा बसेका होलान्, त्यसैले उनले पहिलो श्रेणीका तीनवटा डब्बामा खोजे तर उनी भेटिएनन्।



तब पहिलो श्रेणीको एउटा झ्यालमा एउटा महँगो लुगा लगाएको नवयुवक उनले देखे। ती नवयुवकसँग सम्पादकले प्रधानमन्त्रीबारे सोधे। ती नवयुवकले उनलाई जवाफ दिए, 'उहाँ यो डब्बामा हुनुहुन्न, उहाँ त द्वितीय श्रेणीको डब्बामा हुनुहुन्छ।' युवकको कुरा सुन्दा ती सम्पादकलाई विश्वास लागेन। उनले भने, 'उहाँजस्तो नेता पहिलो श्रेणीको साटो द्वितीय श्रेणीमा यात्रा गर्ने कुरा मलाई अलि विश्वास लागेन।' ती पत्रकारको कुरा सुनेपछि ती युवकले भने, 'मैले झुटो बोलेको होइन, म उहाँको छोरो हुँ।'

यसपछि सम्पादक दोस्रो श्रेणीको डब्बामा गए। त्यहाँ ग्ल्याडस्टोन सिटमा बसेर पत्रिका पढिरहेका थिए। यो देखेर सम्पादकले सोधे, 'श्रीमान्, तपाईं प्रधानमन्त्री भएर पनि द्वितीय श्रेणीको डब्बामा यात्रा गरिरहनुभएको छ। तर, तपाईंको छोराचाहिँ पहिलो श्रेणीको डब्बामा यात्रा गरिरहेका छन्, यस्तो किन ?' ती पत्रकार महोदयको कुरा सुनेपछि मुसुक्क मुस्कुराउँदै ग्ल्याडस्टोनले भने, 'हेर्नुहोस् म एउटा सामान्य गरिब किसानको छोरो हुँ। त्यसैले दोस्रो श्रेणीको डब्बामा यात्रा गर्दै छु। तर, ऊचाहिँ एक प्रधानमन्त्रीको छोरा हो। त्यसैले ऊ पहिलो श्रेणीमा यात्रा गर्दै छ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेपाली क्रिकेटका बाह्रौं खेलाडी

नेपाली क्रिकेट टिमले एसिसी प्रिमियर कपमा विजय हासिल गरेसँगै अब आगामी सेप्टेम्बरमा पाकिस्तानमा आयोजना हुने एसिया कपमा आयोजक पाकिस्तान र छिमेकी भारतसँग प्रतिस्पर्धा गर्ने निश्चित भएको छ। यो सफलतामा नेपाली क्रिकेट खेलाडी, प्रशिक्षक र क्यान पदाधिकारी जति जिम्मेवार छन्, त्यति नै जिम्मेवार हरेक खेलमा खचाखच भरिने गरी रंगशालामा उपस्थित हुने नेपाली क्रिकेटका बाह्रौं खेलाडी अर्थात् नेपाली दर्शक पनि छन्। त्रिवि मैदानमा प्याराफिटको अभावमा चिसो र ओसिलो भुइँमै बस्न बाध्य भए पनि हरेक अन्तर्राष्ट्रिय म्याचमा रंगशाला पुग्ने दर्शक पनि यो विजयका असली हकदार हुन्।

● **वन्दना बराइली**, कोटेश्वर, काठमाडौं

बेपत्ताको खोजी गर

दार्चुलाको व्यास गाउँपालिकाको बोलिडमा गएको हिमपहिरोका कारण ६ जना बेपत्ता भएको समाचार पढ्दा धेरै दुःख लाग्यो। चर्को गरिबीसित जुध्न ज्यान हत्केलामा राखेर यार्चागुम्बा खोज्न गएका ६ जना स्थानीयवासी बेपत्ता भएको खबर पाएपछि प्रहरीले उद्धार सुरु गरेको त थाहा भयो। तर, अझै पनि ६ जना बेपत्ता रहेको हुनाले तिनको पनि छिटोभन्दा छिटो खोजी गर्नु जरुरी छ। यसका लागि राज्यले आफ्नो सम्पूर्ण शक्ति लगाउनु जरुरी छ। तीनै तहका सरकारको यसतर्फ अविलम्ब ध्यान जाओस्।

● **शम्भु साह**
मलंगवा, सर्लाही

फोहोर वर्गीकरण गरौं

काठमाडौं महानगरपालिकामा नयाँ नेतृत्व निर्वाचित भएर आउनासाथ फोहोर वर्गीकरणको विषय उठेको थियो। महानगर नेतृत्वले वर्गीकरण नगरिएको फोहोर संकलन नै नगर्ने पनि बताएको थियो। हामीले पनि महानगर नेतृत्वको कुरा सुनेर फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गर्न थाल्यौं। तर, महानगरले खटाएका फोहोर संकलक कम्पनीले वर्गीकरण गरेको फोहोरलाई पनि एउटै टिपरमा मिसाएरै लान थाले। जसले गर्दा हाम्रो प्रयास पूर्णतः अर्थहीन भयो। त्यसैले, अब पुनः फोहोर वर्गीकरण नै अभियान सुरु गरौं। फोहोरको सदुपयोग गरौं।

● **भूपालमान थापा**
पकनाजोल, काठमाडौं

'सबका साथ' र 'बेटी बचाओ' नारामा निहित पाखण्ड

राजनीतिक जोडघटाउ हेरेर बलात्कारमा दोषी करार भएका व्यक्तिलाई जेलबाट छुटाउनेहरूको 'छोरीको रक्षा गरौं' भन्ने नारा अस्वाभाविक लाग्छ



देश / विदेश

● आकार पटेल

'सबका साथ' (सबैको साथ) एक झुट वा भ्रम हो ? झुट बढी हो किनभने बहिष्करणलाई नियतवश भारतीय जनता पार्टी (भाजपा)मा लागू एवं संस्थागत गरिएको छ। यो पार्टीमा एकजना सांसद वा विधायक मुसलमान छैनन्, तैपनि पार्टीले 'सबका साथ'को राग अलाप्छ। यस पार्टीका मन्त्री भिडमा अल्पसंख्यकमाथि भौतिक हिंसा गर्ने कसुरदारलाई माला लगाउँछन्, तैपनि पार्टीले 'सबका साथ'को नारा अलाप्न बन्द गर्दैन।

यो पार्टीले कसलाई मूर्ख बनाइरहेको छ ? कसैलाई पनि होइन, तैपनि 'सबका साथ' भन्न छुटाउँदैन किनकि यो पार्टी भित्रभित्रै इमानदार छैन। यो शब्दावली एक चित्ताकर्षक 'जुमला' (ठगी) हो वा पार्टीले आफ्नो असली अडान व्यक्त गर्ने समय नआएको हो ? जेसुकै निष्कर्ष निकाले पनि 'सबका साथ' एक झुटो नारा हो, किनभने संख्याले झुट बोल्दैन।

राजनीतिक जोडघटाउ हेरेर बलात्कारमा दोषी करार भएका व्यक्तिलाई जेलबाट छुटाउनेहरूको मुखबाट 'बेटी बचाओ' अर्थात् 'छोरीको रक्षा गरौं' भन्ने नारा अस्वाभाविक लाग्छ। राष्ट्रका नायिकाहरू (कुस्तीका पहलमान) आफूमाथि उत्पीडन गर्नेमाथि कारबाही गर्न धर्ना दिइरहेका वेला भाजपा समर्थकले 'बेटी बचाओ' भन्ने नारा फलाक्नु ठगी हो। संदिग्ध उत्पीडक लामो समयदेखि पार्टीको सांसद रहेको र कार्बाहीको कदम नचाल्दा राजनीतिक लाभ हुने भएकाले सरकारले कारबाही गरिरहेको छैन। यस अर्थमा भारत सरकार भारतका चेलीमाथि हुने दुर्व्यवहारलाई समर्थन र प्रोत्साहन गर्छ। तैपनि, सरकार 'बेटी बचाओ' रटान लगाउन छोड्दैन र रटान लगाइरहँदा दोषी करार गरिएका बलात्कारीलाई रिहा गर्नुको कारण अदालतलाई बताउँदैन। यहाँनेर पनि भाजपा आफूलाई खुलस्त पार्न हिचकिचाहट महसुस गर्छ।

कति मुलुकमा राजनीतिक भाष्यसँग मुलुकको यथार्थ पूर्ण रूपमा भिन्न भएको पाउनुभएको छ ? बिरलै भेटिएला। तर, राजनीतिमा पाखण्ड हुन्छ, यसमा दुई मत भएन र यसकारण कैयौं मानिस कैयौं ठाउँमा राजनीतिमा आकर्षित छैनन्। तर, जुन स्तरमा नक्कली सद्भाव र अभिनीत आदर्शविपरीत हुने व्यवहार नांगो रूपमा प्रदर्शन भइरहेको छ, त्यो हामीकहाँ नै हुन्छ होला। सधैंभरि बोली र व्यवहार आकाश-पाताल पारेर बस्न सक्छु भन्ने शक्तिको दम्भ भने भ्रम हो। एकातिर मूलधारका सञ्चार माध्यम छन्, जसलाई सरकारको भक्तका रूपमा लिइन्छ, वास्तवमा यी सञ्चार माध्यमलाई सरकारको आधिकारिक 'प्रोपगान्डा मेसिन' भन्दा फरक पर्दैन। यी सञ्चार माध्यमबाट निष्पक्ष मूल्यांकनको अपेक्षा गर्न सकिँदैन। यसमाथि विश्वले रुचाएका सेलिब्रिटी, फिल्म स्टार, गायक क्रिकेटरको बगाल नै छ। यी सेलिब्रेटीहरू आफ्नो समुदायमाथि हमला हुँदा पनि बोल्ने हुती राख्दैनन्। यी सेलिब्रेटी कि निकै भयभीत छन् वा आफ्नो ख्यातिले कमाएको धन गुम्ला कि भन्ने लोभले यिनको मुख टालिएको छ। र, दिनलाई नै रात देखाउने जुन प्रयास भइरहेको छ, त्यसविरुद्ध बोल्न सक्ने बलियो आवाज वा फरक मत पनि देख्न सकिँदैन।

अर्कातिर भाजपाका नेताहरूलाई त्यस्ता व्यक्तिले घेरेका छन्, जसले नेताहरूले नै सुन्न चाहने कुरा बोल्दिन्छन्। यस्तो प्रवृत्ति ती नेतामा देखिन्छ, जो आफूले कहिल्यै नगर्ने ठान्छ। त्यसका लागि यी नेता आफूवरिपरी



तस्बिर : द वायर

आफ्नो बोलीमा लोली मिलाउने मान्छे खोज्छन् र यसका लागि त्यस्ता मान्छेको कमी पनि छैन।

कोभिड-१९ महामारीको दोस्रो लहरका वेला जब कैयौं मानिसको ज्यान गयो, तब नेताहरूले भीमकाय च्याली आयोजना गरे। यस्तो वेला पनि नेताका आसेपासे महामारी फैलिनुमा च्यालीको कुनै भूमिका थिएन भनेर पुष्टि गर्दिन्छन्। भाजपाले कोभिड-१९को दोस्रो महामारी सुरु हुनुभन्दा केही समयअघि प्रधानमन्त्रीले कोभिडमाथि विजय पाए भनेर घोषणा गरेको थियो, तर पछि यस घोषणालाई वेबसाइटबाट डिलिट गरियो।

जब धार्मिक कट्टरता भाजपाको राजनीतिको आधारभूत स्तम्भका रूपमा प्रकट हुन्छ, तब भाजपाका नेताले अधिकारको बाँडफाँडमा पार्टीले अल्पसंख्यकविरुद्ध भेदभाव गर्दैन भनेर देखाउने गर्छन्। यदि करोडौं मानिसले बेरोजगारी र न्यून पारिश्रमिक अनुभव गरिरहेको तथ्य बाहिर आउँछ, भने भाजपाका नेताले तथ्यांकलाई गलत साबित गर्दै भारत वास्तवमा 'अमृत काल'तर्फ अघि मात्रै बढेको नभई पुगिसक्यो भनेर पुष्टि गर्ने गर्छन्।

सरकारको आफ्नै आँकडाले गरिबी बढिरहेको र खाद्यसहितका विभिन्न वस्तुको उपभोग सन् २०१२ देखि २०१८ सम्म घटेको देखाएको छ र अहिले आफूलाई असहज हुने देखेपछि सरकारले यी आँकडा लुकाइरहेको छ। यसका पछाडिका कारण खुलाइएको छैन र निष्कर्ष सार्वजनिक जाँचका लागि उपलब्ध गराइएको छैन।

कोभिड-१९ महामारीअगावै सरकारकै उच्च बेरोजगारीसम्बन्धी अध्ययन सन् २०१९को चुनावअगाडिसम्म खुलाइएन। यो यस्तो नैतिकता र आचारसंहिता हो, जहाँ राजाको कानमा सब ठिकठाक छ भन्ने भरिदिन्छन्। सत्तामा रहेका पुरुष र महिला यो बदमासीमा भागिदारी लिन्छन् र अडानको साटो अपराधमा आफ्नो भागिदारीको दाबी गर्छन्।

यस्तो अवस्थामा प्रमाणले एक कुरा बोले पनि अर्को कुरामा विश्वास गर्न सजिलो हुन्छ। र, 'बेटी बचाओ' र 'सबका साथ' को राग बजिरहन्छ।

(पटेल एम्नेस्टी इन्टरनेसनल भारतका अध्यक्ष हुन्)

द वायरबाट

रास्वपालाई केही सुझाव

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रचण्ड सरकारमा जाने कि नजाने भन्ने विषयमा यतिखेर चौतर्फी बहस चलिरहेको छ। कोही जनतालाई सेवा दिन र काम गरेर देखाउन सरकारमा जानुपर्छ भन्दै छन् भने कोहीचाहिँ सरकारको छवि बिस्तारै बिग्रिँदै गएका वेला सरकारमा गए रास्वपाको छवि पनि बिग्रिने हुँदा किमार्थ जानु हुँदैन भन्दै छन्। सरकारमा गएर पनि काम देखाउन नसकेमा २०८४ को निर्वाचनमा प्रतिकूल असर पर्छ, बरु बाहिरै बसेर जनजीविकाका सवाल उठाउँदै गएमा आगामी निर्वाचनमा बहुमत ल्याउने सम्भावना हुन्छ भन्ने पनि मत सुनिन्छ।

यीमध्ये कुन धार बलियो बन्ने हो, त्यो केही दिनमा प्रस्ट हुने नै छ। तथापि अहिलेको समयमा तत्काले रास्वपा सरकारमा नजानु नै उचित हुन्छ। किनकि प्रचण्ड सरकारले विगत चार महिनामा गरेका कैयौं काम विवादित बनेका छन्। त्यस्ता कामले प्रचण्ड सरकारको छवि खराब बनाएको छ। त्यस्तो सरकारमा जाँदा रास्वपाको छवि पनि स्वतः खराब हुन्छ। अयोग्य लडाकुलाई राहत दिने निर्णय, भ्रष्टाचार मुद्दामा असीमित हदम्याद संशोधन गरी पाँचवर्षे हदम्याद राखी भ्रष्टाचारीलाई उन्मुक्ति दिने विधेयक प्रस्तावित गर्नु, कृषिप्रधान देशमा कृषिलाई प्राथमिकता र बजेट दिन तयार नहुनु (कृषिमन्त्री बेदुराम भुसालको आरोप) जस्ता कामले वर्तमान सरकारको छवि जनमानसमा बिग्रिँदै गएको छ। खराब काममा काँध थाप्न खोज्दा रास्वपाको छवि पनि बिग्रिन्छ। यसर्थ अहिले सरकारमा जानु उचित हुँदैन।

● **गोपाल देवकोटा**, गौरीनगर, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुसी राष्ट्रपति पुटिनमाथि ड्रोन आक्रमणको प्रयास



मस्को/ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको क्रेमलिनस्थित निवासमा 'ड्रोन आक्रमण' भएको छ। आक्रमणलाई रुसले 'आतंकवादी हमला'को संज्ञा दिएको छ। साथै रुसले आफूले चाहेको तरिका, स्थान र समयमा प्रतिकार गर्ने चेतावनी दिएको छ। रुसले युक्रेनले आफ्नो देशका राष्ट्रपतिको हत्या प्रयास गरेको आरोप लगाएको छ। 'मंगलबार राति युक्रेनी मानवरहित 'वायुयान' आक्रमणका समयमा राष्ट्रपति क्रेमलिनमा थिएनन्। उनी अहिले मस्कोनजिकैको आफ्नो निवासमा काम गरिरहेका छन्,' क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भन्ने। रुसी राष्ट्रपति कार्यलय क्रेमलिनले युक्रेनले क्रेमलिनस्थित राष्ट्रपतिको आवासमा क्षति पुऱ्याउने उद्देश्यले रातको समयमा दुईवटा ड्रोन आक्रमण भएको बताएको छ। ड्रोनहरू विद्युतीय उपकरणको प्रयोग गरेर नष्ट गरिएको र कुनै हताहती वा क्षति नभएको जानकारी दिइएको छ।

आक्रमणपछि रसिया टुडेमा प्रकाशित राष्ट्रपति कार्यालयको विज्ञप्तिमा भनिएको छ, 'यस आतंकवादी आक्रमणबाट रुसी महासंघका राष्ट्रपतिलाई कुनै चोटपटक लागेको छैन। उनको कार्यतालिकामा कुनै परिवर्तन भएको छैन।' विज्ञप्तिमा थप भनिएको छ,' हामी यसलाई पूर्वनियोजित आतंकवादी गतिविधि र रुसी राष्ट्रपतिविरुद्धको प्रयास ठान्छौं, यो घटना विदेशी पाहुनाहरू उपस्थित हुने योजना बनाइरहेको समय 'विजय दिवस र मे ९' को परेडको पूर्वसन्ध्यामा भएको छ। उचित समयमा उचित प्रतिरोधात्मक कदम चालिनेछ।'

युक्रेनले भने घटनामा उसको संलग्नता अस्वीकार गरेको छ। युक्रेनी राष्ट्रपति कार्यालयका अधिकारी मिखाइलो पोदोलियाकले रोयटर्स समाचार एजेन्सीसँगको कुराकानीमा घटनामा आफूहरूको कुनै संलग्नता नभएको बताए। एक ट्विट गर्दै उनले घटना युक्रेनमाथि 'आतकंवादी आक्रमण' सञ्चालन गर्ने बहानामा रुस आफैंले घटना घटाएको आरोप लगाएका छन्।

अचानक फिनल्यान्ड पुगे जेलेन्स्की



किभ/ युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की अचानक फिनल्यान्डको राजधानी हेलसिन्की पुगेका छन्। पाँच नर्डिक राष्ट्रका नेताको शिखर सम्मेलनमा सहभागी हुन उनी फिनल्यान्ड पुगेको फिनिस राष्ट्रपति साउली निनिस्टोले बताए। युक्रेनी राष्ट्रपतिले आफ्ना फिनिस समकक्षीसँग भेटवार्ता गर्ने कार्यक्रम छ। उत्तर एट्लान्टिक सन्धि संगठन(नाटो) को कान्छो सदस्य फिनल्यान्डका राष्ट्रपतिसँग उनले जारी युद्ध र प्रतिरक्षा सहयोगबारे छलफल गर्ने अधिकारीहरूले बताएका छन्। युक्रेनी नेताले स्विडेनका प्रधानमन्त्री उल्फ क्रिस्टर्सन, नर्वेका जोनास गाहर स्टोर, डेनमार्कका मेटे फ्रेडरिक्सन र आइसल्यान्डका क्याट्रिन जाकोब्स डोटिरसँग पनि द्विपक्षीय वार्ता गर्नेछन्।

नाटोको सदस्यता प्राप्तिमा नर्डिक मुलुकको सहयोग प्राप्तिलाई पनि युक्रेनी राष्ट्रपतिले आफ्नो भ्रमणको कार्यसूचीमा समावेश गरेको उनका सञ्चार सल्लाहकार डारिया जरिभनाले बताएका छन्।

सुडानमा सात दिन युद्धविराम गर्ने सहमति

खार्तुम/ सुडानमा युद्धरत पक्ष बिहीबारदेखि लागू हुने गरी सातदिने युद्धविराम गर्न सहमत भएका छन्। दक्षिण सुडानका राष्ट्रपति साल्भा किर मेयारदिटसँगको फोनवार्तामा युद्धरत समूहका नेताले उक्त सहमति गरेका हुन्।

दक्षिण सुडानको विदेश मन्त्रालका अनुसार सुडानी सेना (एसएएफ) प्रमुख अब्देल फताह अल बुरहान र अर्धसैनिक बल च्यापिड सपोर्ट फोर्सेस (एसएएफ) प्रमुखले मे ४ देखि सात दिनका लागि युद्धविराम गर्न सहमति जनाएका हुन्। दुवै पक्षले वार्ताका लागि आ-आफ्ना प्रतिनिधि खटाउन सहमत भएको मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। दक्षिण सुडानका राष्ट्रपतिले लामो समयसम्म युद्धविराम हुनुपर्नेमा जोड दिँदै त्यसनिम्ति वार्ता अपरिहार्य भएको बताए। उनले दुवै पक्षलाई वार्ताको मिति प्रस्ताव गर्न आग्रह गर्नुका साथै दुवै समूहलाई मान्य हुने वार्तास्थल निर्धारण गरिने जानकारी दिए। शीघ्र वार्ताका निम्ति प्रतिनिधिको नाम पठाउन पनि उनले आग्रह गरेका छन्।

व्यापार र विकासका लागि आठ अफ्रिकी देशको अन्तरसरकारी मञ्च (आइजिएडी)का प्रमुखसमेत रहेका दक्षिण सुडानका राष्ट्रपतिलाई युद्धरत पक्षलाई वार्ताको टेबलमा ल्याउन तथा युद्धविराम गराउन सम्बद्ध पक्षसँग वार्ता गर्न आइजिएडीले अधिकार प्रत्यायोजन गरेको थियो। भीषण युद्धका कारण राजधानी खार्तुमलगायत सुडानको अवस्था भयावह बनेपछि आइजिएडीले युद्धविरामको पहल गरेको हो।

अप्रिल १५ मा सुरु भएको लडाइँमा ५०० भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ। खार्तुम र ब्लुनाइल राज्य, उत्तरी कोर्डोफान, साथै पश्चिमी क्षेत्र डार्फरमा भएको लडाइँका कारण करिब ७५ हजार विस्थापित भएको राष्ट्रसंघले जनाएको छ। लडाइँले विदेशी र अन्तर्राष्ट्रिय कर्मचारीहरूको ठूलो संख्या पलायन हुन थालेको छ। ५० लाख मानिसको बसोवास रहेको खार्तुम सहर अराजकता र दण्डहीनताले ग्रस्त छ। खार्तुमका अधिकांश मानिस खाना, पानी र बिजुलीको अभावमा आफ्नो घरभित्र बस्न बाध्य छन्।

दसौं हजार मानिस सुडानभित्र विस्थापित भएका छन् भने कोहीले युद्धबाट भाग्न छिमेकी चाड, इजिप्ट, दक्षिण सुडान र इथियोपियाको कठिन यात्रा तय गरेका छन्।

इतिहासमा आज



सन् १९०४ : अमेरिकाले पानामा नहरको परित्यक्त निर्माण कार्यलाई अघि बढायो। सन् १८८१ मा फ्रान्सेली इन्जिनियरले एट्लान्टिक र प्यासिफिक महासागरलाई जोड्ने नहर खन्न सुरु गरे। तर, विभिन्न दुर्घटना र रोगका कारण करिब २२ हजार कामदारको मृत्यु भएपछि उनीहरूले यो परियोजना बीचमै परित्याग गरेका थिए।

सन् १९७९ : मार्गरेट थ्याचर बेलायतको प्रधानमन्त्री हुने पहिलो महिला बनिन्।

सन् १९७० : भियतनाम युद्धका विरुद्ध आयोजित एक प्रदर्शनका क्रममा अमेरिकाको केन्ट राज्यमा सुरक्षाकर्मीको गोली लागेर चार विद्यार्थीको मृत्यु। ओहियोका नेसनल गार्डले केन्ट स्टेट युनिभर्सिटीमा प्रदर्शनरत निहत्था विद्यार्थीमाथि गोली चलाउँदा यी विद्यार्थी मारिएका थिए। यसले भियतनाम युद्धविरुद्धको धारणालाई थप चर्काउने काम गऱ्यो।

सन् १९५६ : अमेरिकाले इनविटेक भन्ने स्थानमा वायुमण्डलमा आणविक परीक्षण गऱ्यो।

सन् १९५३ : अर्नेस्ट हेमिङ्वेको पुस्तक 'द वर्ल्ड म्यान एन्ड द सी'लाई पुलित्जर पुरस्कार प्रदान। पछि यो पुस्तकले नोबेल पुरस्कार पनि प्राप्त गऱ्यो।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय ललितपुर २
लगनखेल, ललितपुर

कर बक्यौता दाखिला गर्ने र मु.अ.कर तथा आयविवरण पेश गर्ने बारे अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मितिः २०८०/०१/२१

यस कार्यालय अन्तर्गतका देहायबमोजिमका करदाताहरुले कर (मु.अ.कर र आयकर) बक्यौता तिर्न बुझाउन बाँकी रहेकोले उक्त कर बक्यौता दाखिला गर्नुहुन वा दाखिला गरेको भए यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र दाखिला गरेको प्रमाण पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा १०४(२) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१)(झ) बमोजिम सूचना प्रकाशन गरिएको छ। तोकिएको अवधि भित्र कर बक्यौता दाखिला नगरेमा आयकर ऐन, २०५८ को दफा १०३ देखि १११ सम्मको तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१) बमोजिमको कुनै एक वा सम्पूर्ण प्रकृया अपनाई कर बक्यौता असुल उपर गरिने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, आयकर ऐन, २०५८ तथा मु.अ.कर ऐन, २०५२ बमोजिम म्यादभित्र आय विवरण र मु.अ.कर विवरण पेश नगर्ने कर बक्यौता रहेकामध्ये देहायका करदाताहरुले नन्-फाईलर अवधिको मु.अ.कर विवरण र आय विवरण समेत यथाशीघ्र पेश गर्नुहुन अन्यथा आयकर ऐन, २०५८ तथा मु.अ.कर ऐन, २०५२ बमोजिम संशोधित कर निर्धारण गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल

सि. नं.	स्था.ले.नं.	करदाताको नाम	ठेगाना	संचालक/प्रोप्राईटर	बक्यौताको प्रकार	मू.अ.कर नन्-फाईलर अवधि (देखि)	आयकर नन्-फाईलर अवधि (देखि)
१	६०९८०७५६३	जय अरस कम्पनी प्रा. लि.	महालक्ष्मी-९, लामाटार	अविनाश गजुरेल	मू.अ.कर	2079/M/8	2077/078
२	५००१९२६९६	एभरेष्ट सेक्यूरिटी जि. एस. (प्रा) लि.	ललितपुर-१४, ताल्छीखेल, सातदोबाटो	जनक प्रकाश थापा	मू.अ.कर	2077/M/4	2073/074
३	३०२०७९४७६	रिसर्च ट्रयागुलर इन्टिच्यूट प्रा.लि.	ललितपुर-१६, गावहाल	सोमनाथ अर्याल	मू.अ.कर	2077/M/5	2068/069
४	६०४३१४३२९	फर्मा प्याक प्रा.लि.	ललितपुर-१४, सभ्यतानगर	भरतराज आचार्य	मू.अ.कर		
५	६०५९७४२०९	सत्यम कन्स्ट्रक्सन	महालक्ष्मी-१९, इमाडोल	अशोक कुमार धनकोटी(यादव)	मू.अ.कर	2079/M/3	2076/077
६	३००३०२४५१	सुप्रिम इण्डष्ट्रिज	ललितपुर-१४, पा.औ.क्षेत्र	महेश्वर श्रेष्ठ	मू.अ.कर		
७	३०००७२७५२	जगकिरण कन्सट्रक्सन	गोदावरी-१४, लार्छी	जगन्नाथ महर्जन	मू.अ.कर		2077/078
८	६०६५६८६१४	गोलन्जोर निर्माण सेवा प्रा. लि.	महालक्ष्मी-२, ईमाडोल	लाल बहादुर थापा	मू.अ.कर	2079/M/2	2077/078
९	३०००४३०००	नेपाल इलेक्ट्रीक कन्स्ट्रक्सन	ललितपुर-१५, खुमलटार	पुष्प बहादुर कार्की	मू.अ.कर	2075/M/3	2074/075
१०	३०५२७३०६८	श्री कृष्ण घिमिरे निर्माण सेवा प्रा.लि.	महालक्ष्मी-२, ललितपुर	माधव प्रसाद घिमिरे	मू.अ.कर	2078/M/4	2078/079
११	६०४०६६१४१	होम सेन्टर नेपाल	ललितपुर-२३, हात्तिवन	सन्ध्या शर्मा	मू.अ.कर	2079/M/4	
१२	६०६५२९८२४	इन्द्र कोशी कन्स्ट्रक्सन प्रा. लि.	ललितपुर-१७, ग्वार्को	इन्द्र देव चौधरी	मू.अ.कर		2076/077
१३	६०३२९९०३६	महामाया ट्रेडर्स	ललितपुर-१०, बज्रबाराही	मिथुन महर्जन	मू.अ.कर	2076/M/2	2072/073
१४	६०१३७१२६८	बज्रसत्व कन्स्ट्रक्सन प्रा. लि.	ललितपुर-२४, धापाखेल	तिलक बहादुर भोलन	मू.अ.कर	2079/M/9	2077/078
१५	६०९५४८५५६	पंचहरि क्लिनिङ्ग सर्भिसेस	गोदावरी-१४, गोदावरी	विक्रम कुमार लो	मू.अ.कर		
१६	६०४२९५८०२	सुप्रेक्षा निर्माण सेवा प्रा.लि.	ललितपुर-१४, महालक्ष्मीस्थान	रमला श्रेष्ठ पहरी	मू.अ.कर	2079/M/3	2077/078
१७	६०९७४८६९७	पेम्परम्याक्स प्रिन्टिङ्ग एंड प्याकेजिङ्ग प्रा. लि.	ललितपुर-१५, खुमलटार	हरि प्रसाद अधिकारी	मू.अ.कर		2078/079
१८	३०२२७४४६४	रघु सुन्दराज्योतीसिंहापूर्णाराजधानी जे.भी.	ललितपुर-१५, सातदोबाटो	राज किशोर गुप्ता	मू.अ.कर	2078/M/11	2064/065
१९	६०६००३५८४	कृष्णा इञ्जिनियरिङ्ग एण्ड डिजाइन कन्सल्टेन्सी प्रा. लि	महालक्ष्मी-२, बालकुमारी	पारस महत	मू.अ.कर		2078/079
२०	३०५२६८०३१	भ्याली स्टार बिल्डर्स प्रा.लि.	ललितपुर-७, ग्वार्को	रमेश अवाले	मू.अ.कर	2079/M/11	2077/078
२१	६०२२४७७५९	विन्धवासिनी कन्स्ट्रक्सन	गोदावरी-११, टाखेल	भाई कृष्ण विष्ट	मू.अ.कर	2076/M/11	2075/076
२२	६००७०३९६३	शिव पशुपति ट्रेड कन्सर्न प्रा.लि.	ललितपुर-९, सुनधारा	संगिता थापा	मू.अ.कर	2073/M/11	2069/070
२३	३०२७७१०३९	स्पर्श प्रिन्टर्स	ललितपुर-२९, साफल टोल	सत्यराम महर्जन	मू.अ.कर		
२४	६०४९२७१५२	सेती देवी सप्लायर्स	बज्रबाराही -११,चापागाउं	जिबन तामाङ	मू.अ.कर	2079/M/2	2078/079
२५	६१००२५५४९	लविदा ट्रेडिङ्ग प्रा.लि.	ललितपुर-१५, ललितपुर	सन्दिप प्रधानाङ्ग	मू.अ.कर	2079/M/4	
२६	३००३००६०६	सगरमाथा स्टोन क्रसर	गोदावरी-१६, टिकाभैरव	विष्णु मान महर्जन	मू.अ.कर	2077/M/12	2074/075
२७	३०१७०६०२७	ज्योति निर्माण सेवा प्रा. लि.	ललितपुर-१५, सातदोबाटो	राज किशोर साह	मू.अ.कर	2079/M/3	2078/079
२८	६०६७९७३५९	एस. बि.एन. इन्फोसिस प्रा. लि.	ललितपुर-१५, सातदोबाटो	सुरेन्द्र महर्जन	मू.अ.कर	2079/M/1	2077/078
२९	३०३८८२६१३	सेभेन गोल्ड फिश प्रा.लि.	ललितपुर-९,बालकुमारी	जिबन राई	मू.अ.कर	2074/M/2	2072/073
३०	६०९९७७७६३	इर्सा ट्रेडिङ्ग प्रा. लि.	ललितपुर-१५, सातदोबाटो	उत्तम लामिछाने	मू.अ.कर	2079/M/3	
३१	३०३४२९३८६	मच्छिन्द्रनाथ मल्टीपर्पोज प्रा.लि.	गोदावरी न.पा.-७	केदारनाथ तिमल्सिना	मू.अ.कर	2079/M/7	2078/079
३२	६०२३१३३६२	श्वेत बाराही निर्माण सेवा	गोदावरी-१४, ललितपुर	जयराज महर्जन	मू.अ.कर	2078/M/3	2073/074
३३	६०२२०८२००	तनिशा इन्टरप्राइजेज	महालक्ष्मी न.पा.-२	तनीशा साह	मू.अ.कर	2076/M/1	2074/075
३४	६०५७२६०९५	आशिष अवाले जे.भी.	ललितपुर-९, खपिन्छे	केशव अवाले	मू.अ.कर	2076/M/4	2073/074
३५	३०४७४४४९५	महालक्ष्मी/सिंह एण्ड ब्रदर्श जे.भी.	ललितपुर-१५, अरुण टोल	कमल उप्रेती	मू.अ.कर	2078/M/12	2075/076
३६	३०१७०४५१३	ॐ शिवशक्ति सेक्यूरिटी सर्भिस प्रा. लि.	महालक्ष्मी-९, डाडांथोक	राधा कृष्ण भण्डारी	मू.अ.कर	2073/M/3	2071/072
३७	६१३२०७०८१	कोशी इन्टरप्राईजेज	महालक्ष्मी-९, लामाटार	मिना कुमारी आडछडब्रो	मू.अ.कर	2079/M/4	2078/079
३८	३०३८८२३१४	विन्दवासिनी क्रकिट इण्डष्ट्रिज	गोदावरी-१६,ललितपुर	कृष्ण प्रसाद तिमल्सिना	मू.अ.कर	2079/M/10	
३९	६०५०८४८४५	मैनापोखरी कन्सट्रक्सन	ललितपुर-८, गुइटोल	लक्ष्मण खड्का	मू.अ.कर	2078/M/4	2077/078
४०	६०६२३८४१०	विशाल एण्ड विराट । अजम्बरी । समृद्धि जे. भी	ललितपुर-१५, सातदोबाटो	दिवाकर थापा	मू.अ.कर	2076/M/2	2075/076
४१	६०५९७७९६७	रुरु निर्माण सेवा प्रा.लि.	ललितपुर-८, सुन्दरटोल	मधु पाण्डे	मू.अ.कर	2078/M/7	2076/077
४२	६०९५६९४९४	सौभाग्य डाइट फूड इण्डष्ट्रिज प्रा.लि.	ललितपुर-१४, बाबाचोक	प्रेम नारयण घिमिरे	मू.अ.कर	2078/M/3	2077/078
४३	६०७६३०२१५	बेन्को मेटल वर्क्स	महालक्ष्मी-१७, इमाडोल	अनिल बस्नेत	मू.अ.कर		
४४	६०२३१८१२९	गुरुङ्ग निर्माण सेवा	गोदावरी, बज्रबाराही	सिता गुरुङ्ग	मू.अ.कर	2077/M/4	2073/074
४५	६०६८८६४७५	एरेक्स कन्स्ट्रक्सन प्रा. लि.	महालक्ष्मी-३, गैरिगाउ	गोपाल उभरकोटी	मू.अ.कर	2077/M/11	2076/077
४६	३०००७४९९६	जे.एम.वि. ओभरसिज लिङ्इस प्रा.लि.	ललितपुर-१२, मंगलबजार	मनोज ताम्राकार	मू.अ.कर		2057/058
४७	६०९७२६९६५	होटल एम.एस एण्ड प्यालेस	गोदावरी-६, फैङोल	दिपक थापा	मू.अ.कर	2079/M/3	2078/079
४८	६०६५४७८८२	शिखर मेसिनरी एण्ड अटोमोबायल प्रा. लि.	ललितपुर-१४, थसिखेल, बैजनाथ	केदार नाथ शर्मा	मू.अ.कर	2079/M/11	
४९	६११४०९५३७	नेपा टप ढुवानी सेवा	महालक्ष्मी-२, शिद्धिपुर	शेर बहादुर कार्की	मू.अ.कर	2079/M/2	2076/077
५०	६०६५७६१४५	जे. डि. लिक्वायर हाउस प्रा. लि.	ललितपुर-१७, सातदोबाटो	दिवाकर श्रेष्ठ	मू.अ.कर	2077/M/11	2076/077
५१	३०४४९८४३५	आई.भि.आर.सि.एल.लिमिटेड	ललितपुर-९, बालकुमारी	अरविन्द कुमार राना	आयकर र मू.अ.कर	2072/M/3	2071/072
५२	३०००४०८१८	पाटन ट्रेड सेन्टर	ललितपुर-१५, सातदोबाटो	गणेश लाल जोशी	आयकर र मू.अ.कर	2075/M/2	2067/068
५३	३०२९७४७३५	शुभम श्री पशुपति ट्रेडर्स	ललितपुर-८, सुबहाल	ज्ञानेश्वर सिंह	आयकर र मू.अ.कर	2068/M/4	2066/067
५४	६०२४७१०१३	स्टार वर्ल्ड ट्रेड एण्ड सप्लायर्स	ललितपुर-९, ग्वार्को	अमृत प्रसाद शर्मा भट्टराई	आयकर र मू.अ.कर	2077/M/10	2077/078
५५	३०२९७९७६९	डिष्ट्रिव्युसन मार्ट प्रा.लि.	ललितपुर-१५, सातदोबाटो	प्रज्ञराज राज भण्डारी	आयकर र मू.अ.कर	2074/M/11	2073/074
५६	६००५९९७५३	संगम अर्डर सप्लायर्स	महालक्ष्मी-१, इमाडोल	महानन्द प्रसाद साह कानु	आयकर र मू.अ.कर	2072/M/11	2069/070
५७	३०३६५९३६५	टि.एस. एन. प्लास्टकेयर इण्डष्ट्रिज प्रा.लि.	ललितपुर-१४, पाटन औद्योगिक क्षेत्र	भरत राज आचार्य	आयकर र मू.अ.कर		
५८	३०४१३८५२८	रेनुश्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि.	ललितपुर-१४, नखिपोट	कुमार खत्री	आयकर र मू.अ.कर	2072/M/9	2071/072
५९	६००४२९२५४	स्ट्रक्टो, उडेको जे भी	ललितपुर-१५, सातदोबाटो	उर्गेन शेर्पा	आयकर र मू.अ.कर		2073/074
६०	३०२०८८०५८	क्वालिटी रोडा ढुंगा उद्योग प्रा.लि.	गोदावरी-१७, लेले	मधुसुदन डोटेल	आयकर र मू.अ.कर		
६१	३००७९८९४०	शुरेस जनरल उड एण्ड स्टील उद्योग	ललितपुर-१४, पाटन औद्योगिक क्षेत्र	शुरेस श्रेष्ठ	आयकर र मू.अ.कर		2078/079
६२	३०१३६०२३४	एसियन पोली पाईप इण्डष्ट्रीज	गोदावरी-१४, मुल सडक	प्रकास महर्जन	आयकर र मू.अ.कर	2076/M/10	2072/073
६३	६०३५१०३०४	सिभिल आर.एम.सि. एण्ड प्रिकास्ट इण्डष्ट्रिज प्रा.लि.	गोदावरी-१४, ठैव	इच्छा राज तामाङ्ग	आयकर र मू.अ.कर		2075/076
६४	६०१८८८३८६	पुजा मार्केटिङ्ग प्रा.लि.	ललितपुर-१७, सातदोबाटो	पुजा खत्री	आयकर र मू.अ.कर	2077/M/11	2075/076
६५	३०३४३२४३६	पप्प/ज्योती जे.भी.	ललितपुर-१५, सातदोबाटो	राज किशोर साह (गुप्ता)	आयकर र मू.अ.कर	2078/M/11	2070/071
६६	३००३०१६५४	चेतनशील/सुमी कन्स्ट्रक्सन कम्पनि प्रा.लि. (जे.भि.)	ललितपुर-२८, हरिसिद्धि	ध्रुब कुमार लम्साल	आयकर र मू.अ.कर	2065/M/5	2058/059
६७	६००६००६०४	यूनियन इम्पेक्स	महालक्ष्मी-१, नयांवस्ती	ईदा खातुन	आयकर र मू.अ.कर	2072/M/10	2069/070
६८	३०२९७९२७७	जिविका स्टोर्स	ललितपुर-१५, सातदोबाटो	हरी प्रसाद अधिकारी	आयकर र मू.अ.कर		
६९	३०२५४६५७६	काष्ठमण्डप/टौदह/राजधानी जे.भी.	ललितपुर-१५, सातदोबाटो	सुवास लामा	आयकर र मू.अ.कर	2071/M/9	2063/064
७०	३०२९८४१५६	सोफिया मेगा मार्ट प्रा.लि.	ललितपुर-१४, नखिपोट	फारुक कैसर	आयकर र मू.अ.कर	2074/M/9	2073/074
७१	३०४२७२३३२	अविरल स्टोन क्रसर प्रा.लि.	गोदावरी-१६, ललितपुर	मधुसुदन डोटेल	आयकर र मू.अ.कर		
७२	६०१२८९१५६	श्री काष्ठमण्डप/अनम्बरी जे.भी.	ललितपुर-१०, बज्रबाराही	ऋषी आचार्य	आयकर र मू.अ.कर	2076/M/2	2075/076
७३	३०१२०७५७५	न्यु हिरा ट्रेडर्स	ललितपुर-१४, महालक्ष्मी स्थान	हिरा नाथ महर्जन	आयकर र मू.अ.कर	2070/M/2	2059/060
७४	६००४२७६०५	चोयाविनायक सप्लायर्स	ललितपुर-२६, चोखेल	कविता गिरि	आयकर र मू.अ.कर		
७५	६०१३८०३९०	लारीब फेब्रिक ईण्डष्ट्रिज प्रा.लि.	ललितपुर-१५, सातदोबाटो	अब्दुल कादिर काजी	आयकर र मू.अ.कर	2076/M/7	2073/074
७६	३०२५४७१९३	श्री काष्ठमण्डप/टौदह/राजधानी/श्यामबाबु/सहयोगी जे.भी.	ललितपुर-१५, सातदोबाटो	सुवास लामा	आयकर र मू.अ.कर	2070/M/4	2065/066
७७	३००३०२३३२	एभरेष्ट कंक्रिट इण्डष्ट्रिज	ललितपुर-१६, टिका भैरव	रघुनाथ खत्री	आयकर र मू.अ.कर		2078/079
७८	३०२५४८७४९	एस.पि. ट्रेडर्स	ललितपुर-७, ग्वार्को	शिशिर मणी प्रधान	आयकर र मू.अ.कर	2071/M/7	2068/069
७९	६०६८९८७४४	सुपर हार्डवेयर प्रा. लि.	महालक्ष्मी-१, ईमाडोल	राजु भट्टराई	आयकर र मू.अ.कर	2078/M/4	2076/077
८०	३०१९८७१२३	एच. वि. ईटा उद्योग	ललितपुर-१६, मंगलबजार	ईश्वर मान प्रधान	आयकर र मू.अ.कर		2077/078
८१	३००३०३४०९	पाथीभरा ट्रेडिङ्ग एण्ड डिष्ट्रिब्युटर्स (प्रा.) लि.	ललितपुर-७, ग्वार्को	दिनेश बहादुर प्रधान	आयकर र मू.अ.कर	2065/M/5	2058/059
८२	६०४१५८४०४	सरस्वतीकुण्ड सप्लायर्स	गोदावरी-५, लेले, सरस्वतीकुण्ड	दीपक मानन्धर	आयकर र मू.अ.कर	2078/M/4	2078/079
८३	६०१८८४७८६	ओपल ग्लोबल प्रा.लि.	गोदावरी-२८, हरिसिद्धि	प्रशान्त कुमार झा	आयकर र मू.अ.कर	2079/M/4	2078/079
८४	६०१२८२९७५	सनरे ट्रेडर्स	ललितपुर-१५, ताल्छिखेल	ललन सहनी मलाह	आयकर र मू.अ.कर	2074/M/11	2074/075
८५	३०१९२७०५१	शुभ सेक्यूरिटी गार्ड सप्लाई सर्भिस प्रा.लि.	ललितपुर-१७, ग्वार्को	दिनेश बहादुर प्रधान	आयकर र मू.अ.कर	2075/M/11	2068/069
८६	३०४४६१५९६	सेन्ट्रल चाइना पावर ग्रिड इन्टरनेशनल इकोनोमिक एण्ड ट्रेड कं.लि.	ललितपुर-१५, खुमलटार	उ लको	आयकर र मू.अ.कर	2078/M/9	2075/076
८७	३०२२७५७११	बिशेष मार्केटिङ्ग प्रा.लि.	ललितपुर-१५, सातदोबाटो	सुरेन्द्र कृष्ण श्रेष्ठ	आयकर र मू.अ.कर		
८८	३०४२७१३५५	गुरु फलफुल खाद्यान्न सप्लायर्स	ललितपुर-१४, वल्खु	शिव शंकर मुखिया विन	आयकर		2067/068
८९	३०२४९६८६४	किष्ट मेडिकल कलेज प्रा.लि.	महालक्ष्मी-१, इमाडोल	हिरेन्द्र मान प्रधान	आयकर		2078/079
९०	६००५९९७६६	गगा फलफुल तथा तरकारी भण्डार	महालक्ष्मी-४, इमाडोल	मोतीलाल राम	आयकर		2069/070
९१	६००५९८७३४	न्यु अस्मि विजनेश ट्रेड लिंक	ललितपुर-१२, ललितपुर	अस्मिता तामाङ	आयकर	2069/T/3	2069/070
९२	३०१२०७२०५	त्रिशक्ति बहुमुखी सहकारी संस्था लि.	ललितपुर-२९, न्हुंगल	पुष्प लाल महर्जन	आयकर		2071/072
९३	५००१९१०५३	गोरखा सेभिङग एण्ड क्रेडिट सहकारी संस्था लि.	ललितपुर-१४, ताल्छीखेल, सातदोबाटो	इमान सि राई	आयकर		
९४	३०४४६२३०६	अंशुल ट्रेडिङ	ललितपुर-१४, सातदोबाटो	संजय कुमार व्याहुत	आयकर	2070/M/10	2069/070
९५	६००५९९१८४	राम ट्रेडर्स	महालक्ष्मी -१, इमाडोल	राज कुमार कुश्वाहा	आयकर		2077/078
९६	३००७९७४६८	राम ट्रेडर्स	गोदावरी -४, बडिखेल	राम नाथ आचार्य	आयकर		2058/059
९७	६००९००७२२	ऊं एस.एम. इन्टरप्राइजेज	ललितपुर-२७, सातदोबाटो	सरोज महर्जन	आयकर	2072/T/2	2070/071
९८	३०००४०८६३	काठमाडौं ब्रिक फ्याक्टी प्रा. लि.	महालक्ष्मी-७, साना गाउभ्	उम्मेद सिंह जैन	आयकर		2057/058
९९	३००३००१८५	जया संतोषीमा ईटा उद्योग	ललितपुर-१८, हरिसिद्धी	राजन कुमार के.सी.	आयकर		2069/070
१००	६००८९५०७५	स्पिड सेल्स	महालक्ष्मी-१, ललितपुर	निरमाया सौमै मगर	आयकर	2074/M/3	2071/072
१०१	३०३४२८१८७	देउति रोडा गिटी उद्योग	गोदावरी, बज्रबाराही	राजाराम प्रसाद सञ्जेल	आयकर		2073/074
१०२	३०२०८५२९७	पर्वत रोडा ढुंगा उद्योग	गोदावरी-१६, बज्रबाराही, लेले	जिबन खत्री	आयकर		2078/079
१०३	३०२५४२३५२	सुपर साईन मार्वल्स एण्ड ग्रेनाईट्स	ललितपुर-८, बालकुमारी	विमल कुमार गुप्त	आयकर	2074/M/6	2066/067
१०४	३०२५४१३२०	प्रगती रोडा ढुङ्गा उद्योग प्रा.लि.	गोदावरी-१६, बज्रबाराही	प्रगती मान देसार	आयकर		2069/070
१०५	३०१९२८६६५	एक्सेल स्टोन क्रसर प्रा.लि.	गोदावरी-११, बज्रबाराही, ताहाखेल	अनिल चरण श्रेष्ठ	आयकर		2062/063
१०६	३०१९२६७९१	दुर्गा रोडा ढुङ्गा उद्योग	गोदावरी-१५, बज्रबाराही, लेले	लक्ष्मण सिलवाल खत्री	आयकर		2071/072
१०७	३०१२०९५५५	श्री रोडा ढुङ्गा उद्योग प्रा.लि.	ललितपुर-१७, ग्वार्को	सुनिल श्रेष्ठ	आयकर		
१०८	३०२७०५४२९	बागमती रोडा ढुङ्गा उद्योग	गोदावरी-१७, बज्रबाराही, लेले	भुप कुमारी श्रेष्ठ	आयकर	2071/M/9	2072/073
१०९	३०१२०८२३७	जगदम्बा रोडा ढुङ्गा उद्योग	महालक्ष्मी-४, टिकाभैरव	अम नाथ उपाध्याय	आयकर		2059/060
११०	५०००९३९९५	पशुपति पावर (प्रा.) लि.	महालक्ष्मी-४, ईमाडोल	मोहन राज शर्मा	आयकर		2057/058

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०१/२१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरिकाले गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

विराटनगर ट्राफिक चोक शाखा, मोरङ्ग

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
धर्मदेव साह ना.प्र.न. ६००१ जारी मिति २०५५/०६/०८, जि.प्र.का. मोरङ्ग बाबुको नाम : विन्देश्वर साह हलुवाई बाजेको नाम : महाविर साह हलुवाई स्थायी ठेगाना : विराटनगर-१६, मोरङ्ग **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**अपसरा साह** ना.प्र.न. ४४६६ जारी मिति २०६१/११/१२, जि.प्र.का. मोरङ्ग बाबुको नाम : चन्द्र ब. कार्की पतिको नाम : धर्मदेव साह ससुराको नाम : विन्देश्वर साह हलुवाई स्थायी ठेगाना : विराटनगर-१६, मोरङ्ग

घोराही शाखा, दाङ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
सुनिल पुन ना.प्र.न. ११६९ जारी मिति २०५९/१०/२६, जि.प्र.का. दाङ बाबुको नाम : काशी राम पुन बाजेको नाम : शिव बहादुर पुन स्थायी ठेगाना : चैलाही-२, दाङ **कर्जा शिर्षक : सवारी साधन कर्जा**	**ज्ञानी पुन** ना.प्र.न. ५२२०१०/१९३८ जारी मिति २०६७/०२/०२, जि.प्र.का. दाङ बाबुको नाम : राज बहादुर बुढा मगर पतिको नाम : सुनिल पुन ससुराको नाम : काशी राम पुन स्थायी ठेगाना : चैलाही-२, दाङ
व्यक्तिगत जमानत दिनेको विवरण	
काशिराम पुन ना.प्र.न. ४५६/७८३ जारी मिति २०४४/११/११, जि.प्र.का. दाङ बाबुको नाम : शिव बहादुर पुन बाजेको नाम : तुले पुन स्थायी ठेगाना : तुल्सीपुर-३, दाङ	**गौसरा पुन** ना.प्र.न. २५१/५९ जारी मिति २०५६/०८/०९, जि.प्र.का. दाङ बाबुको नाम : परसु राम पुन पतिको नाम : काशी राम पुन ससुराको नाम : शिव बहादुर पुन स्थायी ठेगाना : चैलाही-१, दाङ

गाईघाट शाखा, उदयपुर

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय उदयपुरमा सा.फ.द.प्र.प.नं. ५९/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०४ मा दर्ता कायम भएको **केडी स्याण्ड प्रोसेसिङ्ग उद्योग** फर्म दर्ता ठेगाना : चौदण्डीगढी न.पा. -५, उदयपुर
स्थायी लेखा नं. ६०८४८०५३२, मिति २०७५/०६/०४
साझेदारहरु : राजेस कार्की र उमेश प्रसाद दास
कर्जा शिर्षक : ओभरड्राफ्ट र आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

राजेश कार्की **ना.प्र.नं. २९९१४/३१५५** जारी मिति २०५२/०७/२८, जि.प्र.का. उदयपुर बाबुको नाम : बलराम कार्की बाजेको नाम : उत्तर बहादुर कार्की स्थायी ठेगाना : गाईघाट -४, उदयपुर	**उमेश प्रसाद दास** ना.प्र.नं. २२१२६७१/७३७८ जारी मिति २०४२/०८/१६, जि.प्र.का. सप्तरी बाबुको नाम : जदु दास बाजेको नाम : धिलाई दास स्थायी ठेगाना : दोधनपुर -४, सप्तरी
बलराम कार्की ना.प्र.नं. ४४२९७ जारी मिति २०५८/११/२९, जि.प्र.का. उदयपुर बाबुको नाम : उत्तर बहादुर कार्की बाजेको नाम : भक्त बहादुर कार्की स्थायी ठेगाना : त्रियुगा -२, उदयपुर	**शिव कुमारी दास** ना.प्र.नं. ०३२०३८१०/१३८ जारी मिति २०४४/१०/१९, जि.प्र.का. सप्तरी बाबुको नाम : अगेश्वर दास पतिको नाम : उमेश प्रसाद दास ससुराको नाम : जदु दास स्थायी ठेगाना : फत्तेपुर -०८, सप्तरी
तारा कुमारी कार्की ना.प्र.नं. १९०६/१८१४४ जारी मिति २०४५/०२/२८, जि.प्र.का. उदयपुर बाबुको नाम : निल बहादुर कार्की पतिको नाम : बलराम कार्की ससुराको नाम : उत्तर बहादुर कार्की स्थायी ठेगाना : गाईघाट -९, उदयपुर	**सबिता कार्की** ना.प्र.नं. १४१०४५/११३०२२ जारी मिति २०६८/०४/१५, जि.प्र.का. उदयपुर बाबुको नाम : जगदिश प्रसाद काफ्ले पतिको नाम : राजेश कार्की ससुराको नाम : बलराम कार्की स्थायी ठेगाना : त्रियुगा -२, उदयपुर

२. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २९७२८१/०७९/०८० अन्तर्गत मिति २०७९/०५/०८ मा दर्ता कायम भएको **बजरंगवली कसिड उद्योग प्रा.लि.**
(घरेलु तथा साना उद्योग कार्यालय उदयपुरमा मिति २०७४/०९/०६ मा प्रा.फ.र.न. २७७१/०७४/०७५ मा दर्ता भएको **बेल्टार स्याण्ड प्रोसेसिङ्ग उद्योग** लाई सकारेको कम्पनी)
कम्पनी दर्ता ठेगाना : चौदण्डीगढी न.पा. -२, उदयपुर
स्थायी लेखा नं. ३००३७१४६२, मिति २०७४/०९/०६
सञ्चालक अध्यक्ष : राजेश कार्की
कर्जा शिर्षक : सवारी साधन कर्जा

३. राजेश कार्की
ना.प्र.नं. २९९१४/३१५५, जारी मिति २०५२/०७/२८, जि.प्र.का. उदयपुर
बाबुको नाम : बलराम कार्की
बाजेको नाम : उत्तर बहादुर कार्की
स्थायी ठेगाना : गाईघाट -४, उदयपुर
कर्जा शिर्षक : आवधिक कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

तारा कुमारी कार्की ना.प्र.नं. १९०६/१८१४४ जारी मिति २०४५/०२/२८, जि.प्र.का. उदयपुर बाबुको नाम : निल बहादुर कार्की पतिको नाम : बलराम कार्की ससुराको नाम : उत्तर बहादुर कार्की स्थायी ठेगाना : गाईघाट -९, उदयपुर	**सबिता कार्की** ना.प्र.नं. १४१०४५/११३०२२ जारी मिति २०६८/०४/१५ जि.प्र.का. उदयपुर बाबुको नाम : जगदिश प्रसाद काफ्ले पतिको नाम : राजेश कार्की ससुराको नाम : बलराम कार्की स्थायी ठेगाना : त्रियुगा -२, उदयपुर
बलराम कार्की ना.प्र.नं. ४४२९७, जारी मिति २०५८/११/२९, जि.प्र.का. उदयपुर बाबुको नाम : उत्तर बहादुर कार्की बाजेको नाम : भक्त बहादुर कार्की स्थायी ठेगाना : त्रियुगा -२, उदयपुर	

कावासोती शाखा, नवलपरासी

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता.नं. ८४७७८/०६८/०६९ अन्तर्गत मिति २०६८/०४/०६ मा दर्ता कायम भएको **नशीब कन्स्ट्रक्सन प्रा.लि.**
कम्पनी दर्ता ठेगाना : पञ्चकुले -०१, दाङ
स्थायी लेखा नं. ३०४९३८४६१, मिति २०६८/०४/१६
सञ्चालक अध्यक्ष : तुल सिंह खत्री
कर्जा शिर्षक : सवारी साधन कर्जा

संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण

तुल सिंह खत्री ना.प्र.नं. ५०७/४६६ जारी मिति २०६०/०७/२६, जि.प्र.का. दाङ बाबुको नाम : दिल बहादुर खत्री बाजेको नाम : कमल सिंह खत्री स्थायी ठेगाना : पञ्चकुले -१, दाङ	**पूर्ण कुमारी थापा** ना.प्र.नं. ७३८ जारी मिति २०६१/०८/१५, जि.प्र.का. दाङ बाबुको नाम : भुपबहादुर थापा पतिको नाम : तुल सिंह खत्री ससुराको नाम: दिल बहादुर खत्री स्थायी ठेगाना : पञ्चकुले -८, दाङ

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीको धितोमा रहेको सम्पति पुनः लिलाम बिकीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सुचना

(प्रकाशित मिति २०८०/०१/२१ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८० बैशाख २८ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार उद्योग वाणीज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ मा प्राईभेट लिमिटेड कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०६/०२ गतेमा प्रा.लि.नं. २२५० ९२/०७६/०७७ दर्ता भई आन्तरीक राजश्व कार्यालय भैरहवा, रुपन्देहीबाट मिति २०७६/०६/०२ मा स्थायी लेखा नम्बर ६०९६३०२४० प्रमाणपत्र प्राप्त भई नवलपरासी (ब.सु.प.) जिल्ला, रामग्राम नगरपालिका वडा नं. ०४, स्थित रजिष्टर्ड कार्यालय रहेको **उमेश गार्मेन्ट प्रा.लि.**को सञ्चालक पारस पासीको बुहारी, सन्त पासीको छोरी, कन्हैया लाल पासीको पत्नी नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ४ बस्ने **पुनम पासी** (ना.प्र.नं. ३६-०१-७४-०२४५३, जारी मिति २०७४/०४/०९, जि.प्र.का. नवलपरासी) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. रामेश्वर पासीको नाती, रामनाथ पासीको छोरा, दुरपति पासीको पति, नवलपरासी जिल्ला उनवच गा.बि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ४ बस्ने **शिव चरण पासी** (ना.प्र.प.नं. ४०५५८, जारी मिति २०५३/११/०५, जि.प्र.का. नवलपरासी) ।
२. रामनाथ पासीको बुहारी, जगेश्वर पासीको छोरी, शिवचरण पासीको पत्नी, नवलपरासी जिल्ला रामग्राम गा.बि.स./न.पा. वडा नं. ४ बस्ने **दुरपति पासी** (ना.प्र.प.नं. ४२६१४, जारी मिति २०५४/०७/०५, जि.प्र.का. नवलपरासी) ।
३. रामनाथ पासीको नाति, शिव चरण पासीको छोरा, गुलावती पासीको पति, नवलपरासी जिल्ला उनवच गा.बि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ४ बस्ने **पारस पासी** (ना.प्र.प.नं. ३५३८३, जारी मिति २०३९/११/२४, जि.प्र.का. नवलपरासी) ।
४. शिव चरण पासीको बुहारी, रामाश्र पासीको छोरी, पारस पासीको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ बस्ने **गुलावती पासी** (ना.प्र.प.नं. ३५४४५, जारी मिति २०३९/११/२९, जि.प्र.का. नवलपरासी) ।
५. शिव चरण पासीको नाति, पारस पासीको छोरा, पुनम पासीको पति, नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ४ बस्ने **कन्हैया लाल पासी** (ना.प्र.प.नं. ३६-०१-७०-१०२५७, जारी मिति २०७०/०४/२८, जि.प्र.का. नवलपरासी) ।
६. शिव चरण पासीको नाति, पारस पासीको छोरा सुमित्रा पासीको पति, नवलपरासी जिल्ला उनवच गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ४ बस्ने **सरोज पासी** (ना.प्र.प.नं. ४०६७२, जारी मिति २०५३/११/१३, जि.प्र.का. नवलपरासी) ।
७. शिव चरण पासीको नाति, पारस पासीको छोरा, अनिता पासीको पति, नवलपरासी जिल्ला उनवच गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला रामग्राम न.पा. वडा नं. ४ बस्ने **प्रेमलाल पासी** (ना.प्र.प.नं. ४०९४२, जारी मिति २०५३/११/१९, जि.प्र.का. नवलपरासी) ।
८. पारस पासीको बुहारी, सन्त पासीको छोरी, कन्हैया लाल पासीको पत्नी, नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ४ बस्ने **पुनम पासी** (ना.प्र.प.नं. ३६-०१-७४-०२४५३, जारी मिति २०७४/०४/०९, जि.प्र.का. नवलपरासी) ।

लिलाम हुने सम्पत्तिको विवरण :

१. **शिवचरण पासी**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला उनवच गा.बि.स./न.पा. वडा नं. २क स्थित कित्ता नं. ४३ र ७४ को क्षेत्रफल क्रमशः ०-१-३-० र ०-६-०-० (बि.क.धु.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **दुरपती पासी**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता कायम रहेको नवलपरासी जिल्ला उनवच गा.बि.स./न.पा. वडा नं.२क, स्थित कित्ता नं. ७७ को को क्षेत्रफल ०-११-०-० (बि.क.धु.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० बैशाख २७ गते** भित्र बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० बैशाख २८ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० बैशाख २८ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही फोन नं. ०७१-५७१९५२/५३/५४

बजेटको मुखमै अर्थसचिव सरुवा

बजेट पेस गर्न २५ दिन बाँकी रहँदा रायको सरुवा, पोखरेल अर्थमा ल्याइए

पवन तिमिल्सिना/नयाँ पत्रिका

संसद्मा बजेट पेस गर्न २५ दिन मात्रै बाँकी रहँदा बुधबार सरकारले अर्थसचिवसहित ६ जना सचिव सरुवा गरेको छ । गत २१ पुसमा तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेलले तोयम रायलाई अर्थसचिवमा ल्याएका थिए । तर, चार महिनामै उनलाई सरुवा गरिएको छ । मन्त्रिपरिषद्ले रायलाई उपराष्ट्रपति कार्यालय सरुवा गरी प्रधानमन्त्री कार्यालयबाट अर्जुन पोखरेललाई अर्थमा ल्याइएको हो ।


अर्थसचिव अर्जुन पोखरेल

■ बजेटको चटारोमा किन फेरियो सचिव ?

राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा राष्ट्रिय स्रोत अनुमान समितिमा अर्थ मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था छ । बजेटका लागि स्रोत र खर्चको सीमा (सिलिङ) निर्धारण गर्ने यो निकायमाथि अर्थ मन्त्रालयबाटै सिलिङ बढाउनुपर्ने दबाब आइरहेको आयोगका सदस्य रामकुमार फुँयालले बताए । उनले भने, 'प्रधानमन्त्री र अर्थमन्त्रीको तहबाट मौखिक रूपमै बजेटको सिलिङ बढाउनुपर्ने दबाब छ । तर, अहिलेसम्म निर्णय भइसकेको छैन ।'

अर्थसचिवले अर्थ मन्त्रालयको तर्फबाट समितिमा प्रतिनिधित्व गर्ने भएकाले आफूअनुकूल निर्णय गराउन पनि अर्थमन्त्री डा. प्रकाशशरण महतले रायको सरुवा गरेको मन्त्रालयका एक अधिकारीले बताए । उनले भने, 'सिलिङ बढाउन अर्थ मन्त्रालयबाटै दबाब भइरहेको छ । यो समितिले स्रोत अनुमान र खर्चको सीमा (बजेटको सिलिङ) निर्धारणसम्बन्धी प्रतिवेदन तयार पारी अर्थ मन्त्रालयलाई पठाउँछ । समितिमै आफूअनुकूलको सचिव हुँदा यसले सिलिङ संशोधनमा सघाउ पुग्ने भएकाले उनको सरुवा भएको हो ।'

पूर्वसचिव मुकुन्द पौडेलले बजेट निर्माण गर्ने टिमको सुपरभाइजरका रूपमा नेतृत्व गर्ने जिम्मेवारीमा रहेका सचिवलाई बजेट लेखनको अन्तिम घडीमा सरुवा गर्नु शंकास्पद भएको बताए । बजेट लेखनको काम आधाभन्दा बढी रूपमा अघि बढिसकेको अवस्थामा अर्थसचिवको सरुवाले बजेटमा विचलन ल्याउने जोखिम रहेको उनको भनाइ छ । 'राजनीतिक नेतृत्वले क्षणिक स्वार्थपूर्तिका लागि यस्तो सरुवा गर्छन् । बजेटमा अनेक चलखेल गर्नुपर्ने भएकाले आफ्नो अनुकूलका व्यक्तिलाई सरुवा गरी ल्याउन चाहन्छन्,' उनले भने, 'बजेट निर्माणमा सचिवको भूमिका भनेको बजेट निर्माण गर्ने टिमलाई मार्गदर्शन गर्ने हो । अन्तर्राष्ट्रिय अभ्यास र नयाँ विषयवस्तुलाई बजेटमा ढाल्नेसम्मको खुबी अर्थसचिवमा हुनुपर्छ । त्यस्तै, राजनीतिक आकांक्षा र स्रोतको तालमेल मिलाउने दायित्वसमेत अर्थसचिवकै हो । सामान्यतया, अर्थसचिवले अर्थशास्त्र पढेको र बुझेको हुनुपर्छ ।'

■ एक वर्षमा तीनजना अर्थसचिव

२२ माघ ०७६ मा राजन खनाल सेवानिवृत्त भएपछि शिशिरकुमार ढुंगानालाई राजस्वसचिवबाट अर्थसचिव बनाइएको थियो । उनले झन्डै दुई वर्ष अर्थ मन्त्रालयमा सचिवको जिम्मेवारी पूरा गरे । ०७८ असार २९ मा अर्थमन्त्रीमा जनार्दन शर्मा आए ।

पूर्वअर्थमन्त्री डा. युवराज खतिवडाको प्रिय पात्र बनेर लामो समय राजस्वसचिव र अर्थसचिवका रूपमा अर्थ मन्त्रालयको प्रशासकीय नेतृत्व गरिरहेका ढुंगानालाई सरुवा गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइयो । एक वर्षअधि मात्रै बढुवा भएर महालेखा नियन्त्रकको रूपमा काम गरिरहेका मधुकुमार मरासिनी शर्माको रोजाइमा परे । तर, मरासिनीसँगको उनको अभिरुचि एक वर्ष मात्रै टिक्यो ।

बजेट निर्माणमा असम्बन्धित व्यक्तिलाई प्रवेश गराएको आरोप खेपिरहेका तत्कालीन अर्थमन्त्री शर्माविरुद्ध उत्रिएपछि उनी आफैं सरुवा मागी अर्थसचिवबाट बाहिरिए । त्यसपछि मन्त्रालयको सचिवमा कृष्णहरि पुष्करलाई ल्याइयो । जसलाई शर्मा आफैंले राजस्वसचिवमा ल्याएका थिए । अर्थमन्त्रीबाट शर्मा बाहिरिएलगत्तै विष्णुप्रसाद पौडेलले चार महिनाअघि मात्रै तोयम रायलाई अर्थसचिवमा ल्याएका थिए । तर, मन्त्री फेरिएलगत्तै रायको पनि सरुवा भएको छ ।

नेवानि अध्यक्षलाई क्यानले फेरि सोध्यो स्पष्टीकरण

'तपाईंलाई एकाउन्टेबल म्यानेजरबाट किन नहटाउने ?'

नयाँ पत्रिका
काठमाडौं, २० वैशाख

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेवानि)का कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई स्पष्टीकरण सोधेको छ । ग्राउन्ड ह्यान्डलिङसम्बन्धी संशोधित नयाँ सेवा शुल्क तथा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (जिबिआइए)मा संशोधित सेवा शुल्कमा ५० प्रतिशत छुट दिने सरकारको निर्णय कार्यान्वयन नगरेको विषयमा क्यानले बुधबार तीनबुँदे स्पष्टीकरण सोधेको हो ।

काठमाडौंको त्रिभुवन र भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा निगमले कमर्सियल ग्राउन्ड ह्यान्डलिङ सेवा प्रदान गर्दै आएको छ । तर, नियामक निकायको नीतिगत निर्णय कार्यान्वयनमा ढिलासुस्ती तथा अवज्ञा गरेको भन्दै कार्यकारी अध्यक्षलाई निगमको 'अकाउन्टेबल म्यानेजर'बाट किन नहटाउने ? भन्दै स्पष्टीकरण सोधेको हो । यस्तै, मन्त्रिपरिषद् बाट स्वीकृत भएको नियमावलीको नीतिगत व्यवस्था हालसम्म कार्यान्वयन नगर्नुको कारण पनि क्यानले अधिकारीसँग मागेको छ ।

क्यानले स्पष्टीकरणको दोस्रो बुँदामा सोधेको छ- 'नेपालको उड्डयन क्षेत्रको नियामक निकाय क्यानको महानिर्देशकले भूमिस्थ सेवा प्रदायक निकायले अनिवार्य लागू गर्नुपर्ने गरी स्वीकृत गरेको 'ग्राउन्ड ह्यान्डलिङ सर्भिस चार्ज- २०२२' बमोजिमको संशोधित ग्राउन्ड ह्यान्डलिङ शुल्क र सो शुल्कमा ५० प्रतिशत छुट दिई सञ्चालनमा आएका नयाँ अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवालाई आकर्षित गर्न गरिएको प्रयास समयमै कार्यान्वयन नहुँदा वायुसेवा कम्पनी तथा विमानस्थलले व्यहोरेको क्षतिको जिम्मेवारी निगमले लिनुपर्ने वा नपर्ने ? विमानस्थलमा ग्राउन्ड ह्यान्डलिङ सेवा शुल्कसम्बन्धी क्यानले गरेको नीतिगत निर्णय कार्यान्वयन गर्न पत्राचार गर्दा पनि निगमले कार्यान्वयन नगराउनुको कारणसहित तीन दिनभित्र स्वयं उपस्थित भई स्पष्टीकरण पेस गर्न कार्यकारी अध्यक्ष अधिकारीलाई निर्देशन दिइएको छ ।

क्यानको विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम (५)को उपनियम (७)मा भएको 'विमानस्थलमा भूमिस्थ प्रबन्ध सेवा उपलब्ध गराउनका लागि अनुमति प्राप्त संस्थाले संकलन गर्ने भूमिस्थ प्रबन्ध सेवा शुल्क प्राधिकरणले निर्धारण गरेबमोजिम हुनेछ' भन्ने कानुनी व्यवस्था मन्त्रिपरिषद्बाट ३० चैत ०७८ मा स्वीकृत भई १४ जेठ ०७९ बाट कार्यान्वयनमा आएको थियो ।

सोही कानुनी व्यवस्थाबमोजिम त्रिभुवन र गौतमबुद्ध अन्तर्राष

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २१ वैशाख ०८०

चार महिनामा २५ पाइलट-इन्जिनियर कारबाहीमा

जहाजमा टिकटक बनाउनेदेखि काठमाडौं ल्याउनुपर्ने यात्रुलाई नेपालगन्ज पुऱ्याएर अलपत्र पार्नेसम्मका घटनाका दोषी कारबाहीमा

नवीन अर्याल / नयाँ पत्रिका

पछिल्लो चार महिनायता हवाई उडान सुरक्षा मापदण्ड उल्लंघनका घटनाहरूमा नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) कठोर बनेको छ। सन् २०२३ को पहिलो चार महिनामा उडान सुरक्षा मापदण्ड उल्लंघन गर्ने २५ जना पाइलट, इन्जिनियर, एटिसीदेखि फ्लाइट डिसप्याचरसम्म कारबाहीमा परेका छन्। यो संख्या अघिल्ला वर्षहरूको तुलनामा दोब्बरभन्दा पनि बढी हो।

सन् २०२२ मा वर्षभरिमा उडान सुरक्षा मापदण्ड उल्लंघन गर्ने १० जना पाइलट, इन्जिनियर तथा डिसप्याचर कारबाहीमा परेका थिए। क्यानको रेकर्डअनुसार २०२१ मा ६ जना, २०२० सात, २०१९ मा आठ र २०१८ मा १४ जना पाइलट, इन्जिनियर तथा डिसप्याचर कारबाहीमा परेका थिए। यस वर्ष चार महिनामै उडान सुरक्षा मापदण्ड उल्लंघन गर्ने दुई दर्जनभन्दा बढी पाइलट, इन्जिनियरलगायत कारबाहीमा परेको क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले जानकारी दिए। क्यानले सुरक्षा मापदण्ड पालना नगर्ने वायुसेवा कम्पनी र एयरहोस्टेसलाई पनि सचेत गराउँदै आएको छ।

पछिल्लो समय हरेक साताजस्तो उडान सुरक्षा उल्लंघन गर्ने वायुसेवा कम्पनी, पाइलट, इन्जिनियर, एयरहोस्टेस, फ्लाइट डिसप्याचर, एटिसीलगायत जिम्मेवार कर्मचारीलाई निलम्बन गरेर कारबाही अगाडि बढाएको सूचना क्यानको आफिसियल ट्विटर ह्यान्डलमार्फत सार्वजनिक भइरहेको छ। उड्डयन क्षेत्रमा काम गर्न लाइसेन्सप्राप्त जनशक्तिले उडान सुरक्षामा सम्झौता गरेपछि तत्कालै निलम्बन गरेर कारबाही अगाडि बढाउने गरेको सूचना अधिकारी भुलले बताए।

उडान सुरक्षा मापदण्डविपरीत फुटबल चलिरहेको ग्राउन्डमा विनाअनुमति हेलिकोप्टर ल्यान्ड गर्ने, एटिसीको इन्स्ट्रक्सन पालना नगर्ने, रोटोर स्ट्राइक, एसओपी पालना नगर्ने, प्रतिकूल मौसममा उडान गर्ने, दुर्व्यवहार र अव्यावसायिक व्यवहार देखाउने, नेगेटिभ कम्युनिकेसन, खतरनाक उडान व्यवहार, एक्टिभेसन अफ अल्फ फ्लोरलगायत विभिन्न घटनामा इन्जिनियर, पाइलटलगायत जिम्मेवार कर्मचारी कारबाहीमा परेका हुन्।

'कारबाहीमा पर्नेमा पाइलट र इन्जिनियरहरू धेरै छन्, एटिसी र डिसप्याचरको पनि कमजोरी देखिन्छ,' भुलले भने, 'उडान सुरक्षा मापदण्ड उल्लंघन गर्नेहरूलाई नियामकीय कारबाही तीव्र बनाएका छौं।' अघिल्ला वर्षहरूमा उडान सुरक्षा मापदण्ड उल्लंघनका घटनाहरू कम हुने गरेको भने होइन, तर कारबाही कम हुने गर्थ्यो। गम्भीर दुर्घटनाबाहेकका उडान सुरक्षा उल्लंघन र कारबाहीका घटनाहरू पनि सितिमिति सार्वजनिक हुँदैनथे। पछिल्लो समय उडान सुरक्षामा लापरबाही गर्नेहरूमाथि नियमनकारी निकायबाट कारबाहीको रेसियो बढेको भुलको भनाइ छ।

■ क्यानले के गर्छ कारबाही ?



उडान सुरक्षा मापदण्ड उल्लंघन गर्ने पाइलट, इन्जिनियरलगायत कर्मचारीलाई तत्कालै निलम्बन गरेर कारबाही प्रक्रिया अगाडि बढाउने गरेको क्यानको जिकिर छ। 'निलम्बन गर्ने भनेको जागिर नै खोसिदिने भन्ने होइन,' क्यानका सूचना अधिकारी भुलले भने, 'तत्काललाई सक्रिय ड्युटीबाट निलम्बन गरेर अनुसन्धान गर्छौं, उसको गल्तीअनुसारको सजाय वा जरिवाना गरेर निलम्बन फुकुवा गरिदिने गरेका छौं।'

उडान सुरक्षा मापदण्ड मिचेका घटना हुनेबित्तिकै क्यानले आन्तरिक छानबिन समिति बनाउँछ। छानबिन समितिले गरेको सिफारिसका आधारमा कारबाही हुन्छ। 'केस हेरेर कारबाही हुन्छ, कसैलाई १५ दिन, कसैलाई एक महिनासम्म पनि निलम्बन हुन्छ,' उनले भने, 'अलि गम्भीर प्रकृतिको गल्ती भए पेनाल्टी पनि लगाइन्छ, सामान्य गल्तीमा क्लास लिएर सचेत गराई छाड्ने काम हुन्छ। कतिपय केसमा पाइलटलाई सिम्युलेटर र इन्जिनियरलाई ग्राउन्ड क्लासमा सहभागी गराएर मात्र निलम्बन फुकुवा गर्ने गरेको क्यानको भनाइ छ।

'जुन क्षेत्रमा समस्या देखिएको हो, त्यहीसम्बन्धी कारबाही गरिन्छ,' सूचना अधिकारी भुलले भने, 'कस्तो किसिमको कारबाही गर्ने भन्ने कुरा समितिले सिफारिस गर्छ, गम्भीर गल्ती गरेका पाइलटलाई वरिष्ठ पाइलटको रेखदेखमा एक-दुई घन्टा जहाज उडाएपछि मात्र कारबाही फुकुवा पनि गरिएको छ।' छानबिन समितिले दिएको सिफारिस कार्यान्वयन गरेर मात्र 'एक्टिभ ड्युटी'मा खटाइने भुलले बताए।

■ विशिष्ट व्यक्ति पनि निगरानीमा

१९ वैशाखमा जनकपुरबाट फर्किएका पूर्वप्रधानमन्त्री झलनाथ खनाललाई लिन उनको गाडी अनुमति नै नलिई त्रिभुवन विमानस्थलको आन्तरिक एप्रोनमा जहाजको ढोकासम्मै पुग्यो। विनाअनुमति एप्रोन (जहाज पार्किङ)सम्म गाडी पुगेको जानकारी आएपछि क्यानले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयसँग आधिकारिक जवाफ मागेको छ। राजपत्रमा उल्लेखित भिआइपीबाहेक अन्यलाई उडान सुरक्षा संवेदनशीलताका कारण गाडी विमानस्थलको एप्रोनमा लैजान पाइँदैन।

२४ फागुनमा आधिकारिक पास र च्याम्प ज्याकेट नलगाई जहाज पार्किङ क्षेत्र (एप्रोन)मा जम्बो टोलीसहित पुगेको भन्दै क्यानले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई कारबाही गऱ्यो। विमानस्थल प्रमुखको अनुमति नलिई सुरक्षाका हिसाबले अत्यन्तै संवेदनशील मानिने एप्रोनमा पुगेर सेफ्टी प्रोटोकल उल्लंघन गरेपछि क्यानले उनलाई 'च्याम्प सेफ्टी'को तालिम लिन निर्देशन दिएको थियो।

■ यस्ता छन् कारबाहीका घटना

अल्टिच्युड एयरले सुरक्षा मापदण्ड पालना नगरेको भन्दै क्यानले गत साता २७ अप्रिलमा वरिष्ठ क्याप्टेन र मर्मत प्रबन्धकलाई सक्रिय ड्युटीबाट अनिश्चितकालीन निलम्बन गरेको छ। लुक्लामा पर्यटक बोक्न हेलिकोप्टर उड्नुअघि र उडानपछि नियमित चेकजाँच नगरेको भन्दै नियामक कारबाहीमा उत्रिएको हो। ९ अप्रिलमा तारा एयरले उडानमा सुरक्षा प्रोटोकल उल्लंघन गरेपछि प्रशिक्षक पाइलट र को-पाइलटलाई सक्रिय ड्युटीबाट निलम्बन गरी सुरक्षा अनुसन्धान अगाडि बढाएको क्यानले जनाएको छ।

१५ चैतमा दाङबाट काठमाडौं आउनुपर्ने क्रममा सीता एयरको जहाजले नेपालगन्जमा यात्रुलाई पुऱ्याएर अलपत्र पारी अन्य सेक्टरमा उडान गर्न गएको भन्दै क्यानले छानबिन प्रक्रिया अगाडि बढायो। उडिरहेको जहाजमा सुरक्षा प्रोटोकल उल्लंघन गरी टिकटक बनाएको भन्दै ३० मार्चमा हिमालय एयरलाइन्सका तीनजना क्याबिन क्रुलाई निलम्बन गरेर सोधपुछ गरिएको थियो।

त्यस्तै, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका लागि होल्डमा रहँदा एयर इन्डियाका पाइलटले अनुमतिविनै नेपाल एयरलाइन्सको जहाज घुमिरहेको लेबलमै जहाज झारेपछि २६ मार्चमा इन्डियन एयरलाइन्सका पाइलटलाई काठमाडौं सेक्टरको उडानमा तत्काललाई रोक लगाइएको थियो। सो घटनामा तीनजना एटिसीलाई पनि निलम्बन गरेर अनुसन्धान गरिएको क्यानको भनाइ छ। त्यसअघि १५ फागुनमा पनि त्रिभुवन विमानस्थलमा अवतरणका लागि होल्डमा रहेका नेपाल वायुसेवा निगम, बुद्ध एयर र कतार एयरवेजको जहाज झन्डै ठोक्किएका थिए। जहाजलाई विनाअनुमति एक्कासि तल झारेर जोखिम बढाएको भन्दै गरिएको छानबिनमा कतार एयरवेजका पाइलट दोषी ठहरिएका थिए।

२३ मार्चमा उडान सुरक्षा मापदण्ड उल्लंघन गरेको भन्दै क्यानले तीनवटा हेलिकोप्टरका तीन पाइलटलाई निलम्बन गऱ्यो। एयर डाइनेस्टी, फिस्टेल हेलिकोप्टर र अन्नपूर्ण हेलिकोप्टरका पाइलटले उडान सुरक्षा मापदण्ड उल्लंघन गरेपछि कारबाहीमा परेका हुन्। एयरबस ए३२० जहाजको दायाँतर्फ ककपिटको झ्याल रातभर खुलै छाडेको भन्दै क्यानले २० मार्चमा निगमका दुई मर्मत-सम्भार इन्जिनियरलाई निलम्बन गरेको थियो।

निगमको ताप्लेजुङ-काठमाडौं उडानमा ४८ किलो बढी लोड बोकेको भन्दै क्यानले पाइलट, फ्लाइट डिसप्याचरदेखि ग्राउन्ड स्टाफसम्म ६ जनालाई निलम्बन गरेको थियो। साथै, लोड कम देखाउन एकजना पुरुष यात्रुलाई महिला भनेर झुटो विवरणसमेत रेकर्ड गरिएको पनि भेटिएको थियो। १४ मार्चमा पोखरा-जोमसोम उडानका क्रममा समिट एयरको जहाज भिएफआरमा बादलभित्र छिराएपछि क्यानले दुईजना पाइलटलाई निलम्बन गऱ्यो। यस्तै, निगमको क्वालालम्पुर-काठमाडौं उडान आरए ४१६ का चालकदलले विमान परिचारिकामाथि गैरव्यावसायिक काम गरेको आरोप लागेपछि क्यानले २४ फेबुअरी २०२३ मा आवश्यक कारबाहीका लागि भन्दै चालकदलका सम्पूर्ण सक्रिय सदस्यलाई तत्काल उडानमा रोक लगाएको थियो।

श्री एयरलाइन्सको ड्यास क्यू४०० जहाज भैरहवा उडान गर्दा इन्जनबाट फायर वार्निङ आएर आकस्मिक अवतरण गर्नुपरेपछि क्यानले श्रीका सबै जहाज ग्राउन्डेड गरेर प्राविधिक जाँच गरेको थियो। क्यानका प्राविधिकले जाँच गर्दा सबै जहाज उडानयोग्य भेटिएपछि अर्को दिन नै उडान प्रतिबन्ध फुकुवा गरिएको थियो।

■ कुन वर्ष कति कारबाही ?

वर्ष (सन्)	कारबाही संख्या
२०१८	१४
२०१९	८
२०२०	७
२०२१	६
२०२२	१०
२०२३ (जनवरी-अप्रिल)	२५

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

दुई दिन जमुनाहा नाका बन्द

नेपालगन्ज / नेपाल-भारत सीमा जमुनाहा नाका दुई दिनका लागि बन्द भएको छ। २१ वैशाखमा भारतको उत्तर प्रदेश श्रावस्ती र बहराइच जिल्लामा नगर निकाय निर्वाचन (स्थानीय निर्वाचन) हुने भएकाले निर्वाचन हुने समयभन्दा ४८ घन्टाअघि १९ वैशाख बेलुका ६ बजेदेखि २१ गते बेलुका ६ बजेसम्म सीमा बन्द भएको बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी टोपेन्द्र केसीले जानकारी दिए।

त्यसक्रममा हरियो तरकारी, माछा, दूध, पेट्रोलियम पदार्थ, एम्बुलेन्स, शववाहनबाहेक अन्यको हकमा आवतजावत बन्द रहने उनले जानकारी दिए। निर्वाचनका वेला हुन सक्ने आपराधिक घटनालाई लक्षित गरेर दुवै देशले सीमा बन्द गर्दै आएका छन्।

स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न जोड

काठमाडौं / लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठबीच देशको अर्थतन्त्र र विकासका विषयमा छलफल भएको छ। मुख्यमन्त्री चौधरीले स्वदेशी उत्पादनलाई बढवा दिने नीति तथा कार्यक्रम ल्याउनुपर्ने आग्रह गर्दै उपाध्यक्ष डा. श्रेष्ठलाई भेटेका हुन्।

भेटमा उनले स्वदेशी उत्पादन प्रवर्द्धन हुने र रोजगारी सिर्जना हुने कार्यक्रम बनाउनका लागि भूमिका खेल्न आग्रह गरे। मुख्यमन्त्री चौधरीले अहिले विदेशी मदिरा जतातै छ्यापछ्याप्ती रहेको, तर नेपालमै उत्पादन हुने मदिराको भने कुनै मूल्य नरहेको बताए। 'कोरियाबाट आउने छ्याङ हामी किन्छौं, अनि यहाँ थारूको घरमा बनेकोचाहिँ सुरक्षा निकायले पोखिदिने स्थिति छ,' मुख्यमन्त्री चौधरीले भने, 'यसको अन्त्य गरेर मासबेसमा स्वदेशी उत्पादन बढाउने र रोजगारी सिर्जना हुनुपर्छ।' मुख्यमन्त्री चौधरीले स्वदेशी उत्पादन धेरै राम्रा भए पनि बजारीकरण गर्न नसकेको भन्दै अब हरेक स्वदेशी उत्पादनलाईलाई प्राथमिकतामा राख्नुपर्ने बताए।

उपाध्यक्ष डा. श्रेष्ठले आन्तरिक उत्पादन बढाउनु नै आजको आवश्यकता रहेको बताए। स्वदेशी उत्पादन र रोजगारी सिर्जना हुने परियोजनालाई जोड दिएर अर्थतन्त्रलाई बलियो बनाउनुपर्ने उनले बताए। रोजगारी सिर्जना हुने गरी आन्तरिक उत्पादनलाई जोड दिनुपर्छ भन्ने सर्धैं आफ्नो मान्यता रहेको उनको भनाइ थियो। 'मासबेस इन्कम जेनेरेट हुने गरी काम गर्नुपऱ्यो,' उपाध्यक्ष डा. श्रेष्ठले भने, 'भइरहेकोभन्दा केही नयाँ गर्नुपर्छ भन्ने छ, हामी उत्पादन र रोजगारीका लागि केही गर्छौं।'

सनराइज बैंक लिमिटेडमा धितो रहेको सम्पत्ति लिलाम बिक्रीको १५ दिने सार्वजनिक सूचना

यस बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले बैंकसंग गरेको सम्झौता बमोजिम लिएको कर्जाको चुक्ता भुक्तानी मिति समाप्त भई कर्जा चुक्ता भुक्तानी गर्न गराउन पटक पटक लिखित, मौखिक अनुरोधका साथै कर्जा चुक्ता गर्न गराउने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बेवास्ता गरी कर्जा चुक्ता फछ्यौंट नगर्नु नगराउनु भएको हुंदा यो धितो लिलाम बिक्रीको सूचना प्रकाशित गरिएकोछ। तसर्थ कर्जाको सुरक्षण स्वरुप बैंकसमक्ष धितो रहेको तपसिलमा उल्लेखित चल/अचल सम्पत्तिहरु/सवारी साधन/इक्यूपमेण्ट जहाँ जे जस्तो अवस्थामा रहे भएकोछ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति मध्ये कुन सम्पत्ति के, कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०८०/०२/०४ दिनको ३ बजे (सो दिन सार्वजनिक विदा परेमा सो लगत्तै बैंक खुलेको दिन) बैंकको कर्जा असुली विभाग, गैह्विधारा, काठमाण्डौं तथा सम्बन्धित शाखा कार्यालयमा दाखिल गर्नु हुन इच्छुक महानुभावहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १८ औं दिन अर्थात मिति २०८०/०२/०७ (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) गते उपत्यका भित्रको शाखाको हकमा बैंकको कर्जा असुली विभाग, गैह्विधारा, काठमाण्डौं र उपत्यकाको बाहिरको हकमा सम्बन्धित शाखा कार्यालयमा दिनको ठीक ३ बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, ऋणी फर्मका प्रोप्राइटर, जमानतकर्ता, सुरक्षण धनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपशिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति बैंकले प्रचलित कानून बमोजिम सकार गरी लिन सक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सोबाट समेत सम्पूर्ण कर्जा असुल उपर नभएमा ऋणी, ऋणी फर्मका प्रोप्राइटर, जमानतकर्ता तथा निजहरुको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत असुल उपर गर्न आवश्यक कानूनी प्रक्रिया शुरु गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्नेछ।

तपसिल

क.सं.	
	शाखा कार्यालय : मिर्चैया, सिराहा
	ऋणी तथा जमानतकर्ता :
१.	राजेश्वर साह तेलीको बुहारी, राज कुमार साहको पत्नी, सिराहा जिल्ला, राघोपुर वडा नं. ८, स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ३ बस्ने **निर्मला देवी साह** (ना.प्र.नं. २९४८३३९६/४०२५, जि.प्र.का. सिराहा बाट मिति २०६२/११/०१ मा जारी)।
	जमानतकर्ता :
	महाबिरको नाती, राजेश्वर साहु तेलीको छोरा, सिराहा जिल्ला, राघोपुर वडा नं. ८ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ३ बस्ने **राज कुमार साह** (ना.प्र.नं. १५१२२६/१९२५० जि.प्र.का. सिराहाबाट मिति २०५७/०९/०७ मा जारी)।
	महाबिरको बुहारी, राजेश्वर साहु तेलीको पत्नी, सिराहा जिल्ला, राघोपुर वडा नं. ८, स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ३ बस्ने **कारी देवी** (ना.प्र.नं. २८४०/१२२७ जि.प्र.का. सिराहाबाट मिति २०४४/१२/१४ मा जारी)।
	धितो सुरक्षणको विवरण :
	१. राजेश्वर साहु तेलीको नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, राघोपुर न.पा./गा.वि.स. वडा नं १ स्थित कित्ता नं. ३३६ को क्षेत्रफल ०-३-१३ (बिगाहा) भएको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. राजेश्वर साहु तेलीको नाममा मालपोत कार्यालय सिराहामा दर्ता कायम रहेको सिराहा जिल्ला, राघोपुर न.पा./गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. २६३ को क्षेत्रफल ०-४-० (बिगाहा) भएको घर/जग्गा र सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
क.सं.	**शाखा कार्यालय : अत्तरीया, कैलाली**
	ऋणी :
१.	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढी, कैलालीमा मिति २०७३/१२/१६ मा दर्ता नं ७/२०७३/२०७४ अन्तर्गत रजिष्टर्ड भएको कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ मा दर्ता कायम भएको **श्री न्यू चन्द्रमा बेतवास उद्योग**।
	ऋणी तथा जमानतकर्ता :
	मन्नाम पार्कीको नाति, लछुवा पार्कीको छोरा, डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ बस्ने **दिनेश कुमार कैनी पार्की** (ना.प्र.नं. १६५१/१०३९४, जि.प्र.का. डडेल्धुराबाट मिति २०५१/०३/२८ मा जारी)।
	जमानतकर्ताहरु :
	लछुवा पार्कीको बुहारी, दिनेश कुमार कैनी पार्कीको पत्नी, कैलाली जिल्ला, मालाखेती गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ बस्ने **जानकी देवी कैनी** (ना.प्र.नं. ६७१०१२/५३३४, जि.प्र.का. कैलालीबाट मिति २०६६/०१/०३ मा जारी।
	लछुवा पार्कीको नाती, दिनेश कुमार कैनी पार्कीको छोरा, कैलाली जिल्ला, अत्तरिया न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. ३ बस्ने **डेविड कैनी** (ना.प्र.नं. ६७-०१-७३-०१६९३, जि.प्र.का. कैलालीबाट मिति २०७३/०२/०७ मा जारी।
	धितो सुरक्षणको विवरण :
	१. दिनेश कुमार कैनी पार्कीको नाममा मालपोत कार्यालय डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, अमरगढी पोखरा न.पा. वडा नं. ७ क स्थित कित्ता नं. ४६४ को क्षेत्रफल ०-११-३-१ (रो.अ.पै.दा) भएको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण गरिएका ऋणी फर्मको स्टकमा रहेको मालसामानहरुको मौज्दात।
क.सं.	**शाखा कार्यालय : नेपालगंज, बाँके**
	ऋणी तथा जमानतकर्ता : / **जमानतकर्ता :**
१.	गगने रानाको नाती, मान बहादुर रानाको छोरा, सुर्खेत जिल्ला, मैनतडा गा.वि.स./गाउँ पञ्चायत वडा नं. ९ ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २७ बस्ने **विक्रम राना** (ना.प्र.नं. २७८३३/४३, जि.प्र.का सुर्खेतबाट मिति २०५३/०६/२० मा जारी)।
	मान बहादुर रानाको बुहारी, विक्रम रानाको पत्नी, सुर्खेत जिल्ला, मैनतडा गा.वि.स./गाउँ पञ्चायत वडा नं. ९ ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. २७ बस्ने **हेमा राना शाह** (ना.प्र.नं. ५६२५, जि.प्र.का. बाँकेबाट मिति २०६२/११/२१ मा जारी)।
	धितो सुरक्षणको विवरण :
	विक्रम रानाको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, पुरैना न.पा./गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १८३४ को क्षेत्रफल १६९.३२ व.मी. भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

थप जानकारी:

- बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, गैह्विधारा, काठमाण्डौं वा सम्बन्धित शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। साथै बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरु समेत यसै सूचनाको अभिन्न अंङ्ग हुनेछ।
- लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको कर्जा असुली विभाग, गैह्विधारा, काठमाण्डौं वा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

नोट : सूचनामा उल्लेखित ऋणी तथा जमानतकर्ता बाहेक अन्य व्यक्तिहरुको नाम तथा विवरणहरु ऋणी तथा जमानतकर्ताहरुको परिचय खुलाउनको लागि मात्र प्रयोग भएको।

सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED RISING TO SERVE — हामी संग सँगै

प्रधान कार्यालय तथा मुख्य शाखा: गैह्विधारा, काठमाण्डौं
टोल फ्रि नम्बर: १६६००१२२४४४, **फोन:** ४००४५६०-६४
फ्याक्स: +९७७-०१-४४२२४७५, **इमेल:** info@sunrisebank.com.np

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
शाखा कार्यालय : सुरुङ्गा, झापा, फोन: ०२३-५५२८२५

को

शाखा कार्यालय सुरुङ्गा, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८०/०१/२१ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय सुरुङ्गा, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरतकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना मिति २०७९/१२/०२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका प्रकाशित गरि तरतकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, भद्रपुर, झापामा प्राइभेट फर्म राजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/११/२३ मा दर्ता नं. ७००/२८८/१३९२२ कायम भई दर्ता भएको झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ३, बिर्तामोड स्थित **न्यू विर्तामोड टायर रिसोलिङ्ग उद्योग**
प्रोप्राईटर : इन्द्र कुमार निरौला

व्यक्तिगत जमानतकर्ताहरु

नाम : इन्द्र कुमार निरौला बाबु : गुरू प्रसाद निरौला बाजे : प्रर्सुराम निरौला ठेगाना : सुरूङ्गा -९, झापा ना.प्र.प.न. : ९१५२९६७, झापा	**नाम : निर्मला गौतम निरौला** पति : इन्द्र कुमार निरौला ससुरा : गुरू प्रसाद निरौला ठेगाना : सुरूङ्गा-०९, झापा ना.प्र.प.न.: ०४-०१-७०-१५१०१, झापा	**नाम : लिलानाथ निरौला** बाबु : गुरू प्रसाद निरौला बाजे : प्रर्सुराम निरौला ठेगाना : सिजुवा-९, मोरङ ना.प्र.प.न. : ११२५७, मोरङ्ग	**नाम : रमा निरौला** पति : लिलानाथ निरौला ससुरा : गुरू प्रसाद निरौला ठेगाना : सुरूङ्गा -९, झापा ना.प्र.प.न. : ०४/१९२५, झापा
नाम : लक्ष्मी प्रसाद निरौला बाबु : गुरू प्रसाद निरौला बाजे : प्रर्सुराम निरौला ठेगाना : सुरूङ्गा -७, झापा ना.प्र.प.न. : ९१५२२६३१, झापा	**नाम : केशब प्रसाद निरौला** बाबु : गुरू प्रसाद निरौला बाजे : प्रर्सुराम निरौला ठेगाना : सुरूङ्गा -९, झापा ना.प्र.प.न. : ९१५२९६६, झापा	**नाम : गुरू प्रसाद निरौला** बाबु : प्रर्सुराम निरौला बाजे : खडानन्द निरौला ठेगाना : सिजुवा -८, मोरङ ना.प्र.प.न. : ५०५४६, मोरङ	**नाम : बुध माया निरौला** पति : गुरू प्रसाद निरौला ससुरा : प्रर्सुराम निरौला ठेगाना : सिजुवा -८, मोरङ्ग ना.प्र.प.न. : ३२२, मोरङ्ग

धितोमा रहेको सम्पत्तिको विवरण

बुधमाया निरौलाको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, सुरूङ्गा गा.वि.स/न.पा. वडा नं. १ (सिट नं. १७ख) स्थित कित्ता नं. ३८१४ र १९४५ को क्रमश : क्षेत्रफल ०-२-०-० र ०-१-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८०/०१/२१ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, कमलपोखरी, काठमाण्डौ तथा शाखा कार्यालय सुरुङ्गा, झापाबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरूप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२०००००) मा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ

नयाँ स्टक एक्सचेन्जसँग प्रतिस्पर्धा गर्न रणनीति बनाउँदै नेप्से

आइपिओ जारी गर्नेदेखि नयाँ इन्डेक्स र अध्ययन प्रतिवेदन कार्यान्वयनमा ल्याउने तयारी

भोजराज भण्डारी/नयाँ पत्रिका

नयाँ प्रतिस्पर्धी स्टक एक्सचेन्ज आउने भएसँगै सरकारी स्वामित्वमा रहेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) प्रतिस्पर्धा रणनीति बनाउने तयारीमा जुटेको छ। नेपाल धितोपत्र बोर्डमा नयाँ स्टक एक्सचेन्ज खोल्ने आवेदन परेसँगै नेपाल स्टक एक्सचेन्जले प्रतिस्पर्धामा उत्रिने तयारी सुरु गरेको हो।

वर्षौंदेखि एउटै स्टक एक्सचेन्ज भएकाले प्रभावकारी हुन नसकेको, टिएमएस प्रणाली, कारोबारको राफसाफ राम्रो नभएको भन्दै लगानीकर्ता र सरोकारवाला निकायले नै प्रतिस्पर्धी स्टक एक्सचेन्ज ल्याउनुपर्ने माग गरेका थिए। मागलाई सम्बोधन गर्दै गत वर्ष भदौमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको मन्त्रिपरिषद्ले धितोपत्र निष्कासन नियमावली २०६४ लाई संशोधन गर्दै २०७९ जारी गरेसँगै नयाँ स्टक एक्सचेन्ज र धितोपत्र दलाल तथा व्यवसायी (ब्रोकर) लाइसेन्स दिने बाटो खुला गरेको थियो।

नयाँ स्टक एक्सचेन्ज खोल्नका लागि नेपाल धितोपत्र बोर्डमा ठूला घराना जोडिएका कम्पनीको आवेदन परेको छ। आवेदन परेका कम्पनीमा हिमालयन स्टक एक्सचेन्ज, नेसनल स्टक एक्सचेन्ज अफ नेपाल, अन्नपूर्ण स्टक एक्सचेन्ज लिमिटेड रहेका छन्। यीमध्ये कुनै एकले लाइसेन्स पाउने लगभग निश्चित छ। त्यसका लागि धितोपत्र बोर्डले मूल्यांकन समिति बनाएको छ। मूल्यांकन समितिकै आधारमा योग्य कम्पनीले नयाँ लाइसेन्स पाउनेछन्।

हाल नेपाल स्कट एक्सचेन्जमा नेपाल सरकारको ५८ दशमलव ६६ प्रतिशत, नेपाल राष्ट्र बैंकको १४ दशमलव ६० प्रतिशत, कर्मचारी सञ्चय कोषको १० प्रतिशत, राष्ट्रिय वाणिज्य बैंकको ६ दशमलव १५ प्रतिशत, लक्ष्मी र प्रभु बैंकको पाँच-पाँच प्रतिशत र केही पुराना ब्रोकरलगायत अन्यको शून्य दशमलव ६ प्रतिशत सेयर स्वामित्व रहेको छ। नयाँ स्टक एक्सचेन्ज र नयाँ



ब्रोकर लाइसेन्स आउने भएसँगै नेपाल स्कट एक्सचेन्ज (नेप्से)लाई प्रतिस्पर्धामा उत्रिन चुनौती थपिएको हो।

३० प्रतिशत आइपिओ जारी गर्ने

नयाँ स्टक एक्सचेन्ज आउने भएसँगै लगानीकर्ताहरूलाई आकर्षित गर्नका लागि नेप्से आइपिओ जारी गर्ने तयारीमा जुटेको छ। पब्लिक कम्पनीमा गएर लगानीकर्तालाई ३० प्रतिशत सेयर जारी गर्ने तयारीमा जुटेको हो। नेपाल स्टक एक्सचेन्जका कार्यकारी अधिकृत कृष्णबहादुर कार्कीले पाइपलाइनमा भएका कम्पनीमध्ये जुन आए पनि प्रतिस्पर्धा गर्न तयार रहेको बताए। उनले भने, 'हामी प्राविधिक रूपमा सुधार गर्नुपर्ने र लगानीकर्तालाई आकर्षित गर्ने विषयमा कुनै कसर राख्दैनौं, त्यसका लागि सेयर जारी गरेर भए पनि लगानीकर्तामुखी बजार बनाउनेमा जोड हुनेछ।'

नयाँ स्टक एक्सचेन्ज आएसँगै अनिवार्य रूपमा पब्लिक (साधारण) सेयर जारी गर्नुपर्ने नियामावलीमा उल्लेख गरिएको छ। पब्लिक कम्पनीमा गएको दुई वर्षभित्र अनिवार्य रूपमा ३० प्रतिशत सेयर निष्कासन गर्नुपर्नेछ।

नेप्से-३० इन्डेक्स लागू गर्ने योजना

नेप्सेले दोस्रो बजार कारोबारलाई थप सुदृढ बनाउन सहयोग पुग्ने गरी सूचकांकको विकास, सञ्चालन तथा व्यवस्थापन गर्ने उद्देश्यअनुरूप बजारमा तत्काल कारोबारयोग्य सेयरलाई समावेश गरी बजार पुँजीकरणमा आधारित सूचकांकका रूपमा नेप्से-३० ल्याउने तयारीमा जुटेको छ।

उक्त सूचकांकले बजार कारोबार तथा उतारचढावलाई प्रतिबिम्बित गर्नुका साथै डेरिभेटिभ प्रकृतिको निश्चित अवधिको कारोबार उपकरण सञ्चालन, पोर्टफोलियो व्यवस्थापन, एक्सचेन्ज ट्रेडेड फन्ड सञ्चालनलगायतमा सघाउ पुऱ्याउने नेप्सेले अपेक्षा गरेको छ। यसबाट दोस्रो बजार कारोबारमा नयाँ आयाम थपिने र लगानीकर्ताले भविष्यमा थप कारोबारयोग्य उपकरण प्राप्त गर्ने नेप्सेले जनाएको छ। प्रस्तावित नेप्से-३० इन्डेक्समा समावेशका लागि सूचीकृत संगठित संस्था (कम्पनी) छनोटका ६ वटा आधार तय गरिएको छ।

साथै विगत पाँच आर्थिक वर्षमध्ये पछिल्लो आर्थिक वर्षसहित कम्तीमा तीन वर्ष नाफामा रहेको हुनुपर्नेछ। यस किसिमको दीर्घकालीन महत्त्वको सूचकांकको गणना विधि तथा यसमा समावेशका लागि लिइने सूचीकृत संगठित संस्था छनोटको विधि पारदर्शी तथा विश्वसनीय बनाउन सरोकार राख्नेसँग नेप्सेले बुधबार सुझाव पनि मागिसकेको छ।

■ प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने दबाब

नेपाल स्टक एक्सचेन्जलाई पुनः संरचना गर्नुपर्ने भन्दै यसअघि भएका अध्ययन प्रतिवेदनमा आएका कुरालाई कार्यान्वयन गर्नुपर्ने दबाब बढेको छ। यसका लागि नेप्सेका कर्मचारीले नै बुधबार नेप्सेकै अगाडि धर्ना दिएर विरोध जनाएका छन्। ०८० भित्रै नेप्सेको पुनर्संरचना गर्नसमेत माग गरेका छन्। नेप्से कर्मचारी संघका अध्यक्ष नवराज थापाले नयाँ स्टक एक्सचेन्ज आएसँगै नेप्सेलाई बलियो बनाएर लैजानुको विकल्प नभएको भन्दै दबाब दिएको बताए।

कर्मचारीले अध्ययन प्रतिवेदनलाई कार्यान्वयन गर्नुपर्ने माग गरेका छन्। पछिल्लो समय हालका कार्यकारी अधिकृत कृष्णबहादुर कार्कीकै अध्यक्षतामा नेप्से सुधारको प्रतिवेदन बनाइएको छ। पूर्वसचिव हरिप्रसाद बस्यालको संयोजकत्वमा बनाएको उक्त प्रतिवेदनले नेप्सेको पुँजी संरचनालाई वृद्धि गर्नुपर्ने उल्लेख गरिएको छ। प्रतिवेदनमा 'अहिलेको आवश्यकता पुँजी वृद्धिको हो, त्यसलाई तीन अर्ब रुपैयाँ पुऱ्याउनुपर्ने' उल्लेख छ।

त्यस्तै, अर्थविद् तथा नेपाल धितोपत्र बोर्डका पूर्वअध्यक्ष रेवतबहादुर कार्की निजी क्षेत्रबाट आउने कम्पनीले जस्तो रणनीति अपनाउँछन्, अहिले भएका स्टकले पनि सोही फलोअप गर्दै जाने हुँदा भोलिका दिनमा प्रतिस्पर्धा हुने बताउँछन्। दुई स्टक एक्सचेन्ज नेपाल टेलिकम र एन्सेलजस्तै बिस्तारै प्रतिस्पर्धी हुँदै जाने उनको अनुमान छ। त्यसका लागि नेप्सेले पनि तयारी गर्नुपर्ने र आफूलाई प्रतिस्पर्धामा उतार्न सबै हिसाबले तयार रहनुपर्ने कार्कीको भनाइ छ। उनले भने, 'सुरुका दिनमा केही अन्योल भए पनि बिस्तारै प्रतिस्पर्धा हुन्छ, नयाँ कम्पनीले कस्तो रणनीति अपनाउँछ, त्यसैअनुसार अहिलेकाले पनि आफूलाई तयार राख्नुपर्छ।'

सम्पत्ति हस्तान्तरण गर्न स्मार्टलाई निर्देशन

नयाँ पत्रिका
काठमाडौं, २० वैशाख

नेपाल दूरसञ्चार प्राधिकरणले सम्पूर्ण सम्पत्ति हस्तान्तरण गर्न स्मार्ट टेलिकम प्रालिलाई निर्देशन दिएको छ। प्राधिकरणले स्मार्टको अनुमति स्वतः खारेज भएको सूचना जारी गर्दै सम्पत्ति हस्तान्तरण गर्न भनेको हो।

ललितपुरको कुमारीपाटीस्थित स्मार्ट टेलिकम प्रालिले संस्था नवीकरणका लागि नियमानुसार दस्तुरसहित निवेदन पेस नगरेकाले स्वतः खारेज भएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ।

प्राधिकरणले आज सूचना प्रकाशित गरी उक्त सेवाका सम्बन्धमा अनुमतिपत्र बहाल नरहेको दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ९ को उपनियम (१) बमोजिम दूरसञ्चारका पूर्वाधार, संरचना,सञ्जाललगायत सामग्री चालु अवस्थामै प्राधिकरणलाई हस्तान्तरण गर्न पनि भनेको छ।

ब्याजदर घटाउन उद्योग वाणिज्य महासंघले संयुक्त पहल गर्ने



नयाँ पत्रिका
काठमाडौं, २० वैशाख

नेपाल उद्योग वाणिज्य संघ र नेपाल चेम्बर अफ कमर्सबीच आर्थिक मुद्दामा सहकार्य गर्ने समझदारी भएको छ। महासंघका नवनिर्वाचित अध्यक्ष चन्द्रप्रसाद ढकाल, वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठसहित कार्यसमितिलाई बधाई एवं स्वागत गर्ने क्रममा दुई संस्थाबीच उच्च ब्याजदर, अस्थियारसम्बन्धी विधेयकलगायतमा समान धारणा बनाएर अघि बढ्ने समझदारी बनेको हो।

देशको अर्थतन्त्रलाई मजबुत बनाउन र निजी क्षेत्रको आवाजलाई संगठित बनाउन चेम्बर र महासंघले समन्वय गर्नुपर्ने चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले बताए। चेम्बर र महासंघबीच स्थापनाकालदेखि नै नङ र मासुको जस्तो सम्बन्ध रहेको स्मरण गराउँदै अध्यक्ष मल्लले आगामी दिनमा पनि आर्थिक एजेन्डामा साझा धारणा बनाएर अघि बढ्नुपर्नेमा जोड दिए। अध्यक्ष मल्लले भने, 'देशको अर्थतन्त्र र निजी क्षेत्रसँग जोडिएका विभिन्न विषयमा सरकारले आश्वासन दिने, तर कार्यान्वय नगर्ने अवस्था सिर्जना भएको छ। सरकारलाई ध्यानाकर्षण गराउनका लागि पनि निजी क्षेत्रका अग्रणी संस्थाहरूले साझा धारणा तय गरेर अघि बढ्न जरुरी छ।'

देशको अर्थतन्त्र कठिन अवस्थाबाट गुज्रिरहेका बेला अस्थियारसम्बन्धी विधेयकले निजी क्षेत्रमा थप अन्योल र मनोबल गिराउने काम गरेको अध्यक्ष मल्लले बताए। बैंक तथा वित्तीय संस्थामा कायम उच्च ब्याजदरलाई तत्काल घटाउन संयुक्त रूपमा पहल गर्नुपर्ने उनको भनाइ थियो।

महासंघका अध्यक्ष ढकालले पनि आर्थिक मुद्दालाई सम्बोधन गर्न संयुक्त पहल गर्नुपर्नेमा जोड दिए। विद्यमान अर्थतन्त्रको चुनौती सामना गर्न निजी क्षेत्र एक भएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो। मौद्रिक नीतिका केही नीतिगत व्यवस्था हेरफेर गरेर भए पनि ब्याजदर घटाउन पहल गर्नुपर्ने ढकालले बताए। यसका लागि चेम्बर र महासंघले संयुक्त पहल गर्नुपर्ने भन्दै अध्यक्ष ढकालले भने, 'चेम्बर अफ कमर्स र उद्योग वाणिज्य महासंघको आर्थिक मुद्दा एउटै छ। अस्थियार क्षेत्राधिकारसम्बन्धी विधेयक, उच्च ब्याजदरजस्ता विषयमा एउटै स्वर बनाउनसमेत आवश्यक छ।' निजी क्षेत्रले संगठित रूपमा उठाएका विषयलाई सरकारले पनि गम्भीरतापूर्वक लिनुपर्ने उनको भनाइ थियो।

जग्गा तथा आवास विकास संघको अध्यक्षमा धमला

काठमाडौं/ नेपाल जग्गा तथा आवास विकास संघको अध्यक्षमा विदुर धमला चयन भएका छन्। बुधबार सम्पन्न संघको १६औं साधारणसभाले उनलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो।

सभाले अध्यक्षसहित सातजना पदाधिकारी र सातजना सदस्य पनि निर्विरोध चयन गरेको जनाइएको छ। संघको प्रथम उपाध्यक्षमा दीपक कुँवर, द्वितीय उपाध्यक्षमा पुरुषोत्तम पौड्याल, तृतीय उपाध्यक्षमा सुमितकुमार अग्रवाल, महासचिवमा रोशन भोयद्यो, सचिवमा गोविन्दप्रसाद लोहनी र कोषाध्यक्षमा तुलसीप्रसाद अधिकारी चयन भएको संघले जनाएको छ। सदस्यमा बहादुरकृष्ण ताम्राकार, दीपक मलहोत्रा, पूर्णिमा राजभण्डारी, निश्चलबहादुर श्रेष्ठ, बरुणकुमार आचार्य, डेगेन्द्रकुमार श्रेष्ठ, मुनसन वाग्ले चयन भएको जनाइएको छ।

साधारणसभामा संघका अध्यक्ष इच्छाबहादुर वाग्लेले चर्को ब्याजको प्रभावले ८० प्रतिशत व्यवसायीहरू प्रभावित भएको बताए। त्यो अवस्थामा बैंक वित्तीय प्रणालीमा अर्थ मन्त्रालयले हस्तक्षेप गरी लगानीमैत्री बैंकिङ प्रणाली सिर्जना गर्नुपर्ने उनको भनाइ थियो।

यस्तै, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले रियल इस्टेट व्यवसायीहरूको माग सम्बोधन गर्न प्रयासरत रहने बताए। महासंघको तर्फबाट हालको बजार संकुचन हटाउन पहल गर्ने उनले प्रतिबद्धता व्यक्त गरे। महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले नेपाल राष्ट्र बैंकले अर्थतन्त्र संकुचन नहुने नीति अवलम्बन गर्नुपर्ने बताए। सरकारले नीति जारी गर्दा व्यवसायीहरूलाई हैरानी दिन नहुने, घरजग्गाको व्यवसाय अनुत्पादक क्षेत्र नभएकाले यसलाई चलायमान बनाउनुपर्ने धारणा राख्दै एफएनसिसीआई संघसँग हातेमालो गर्दै अगाडि बढ्ने उनको भनाइ थियो।

नबिल बैंक लिमिटेड, सिमरा शाखा, बारा तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०१/२१)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले नबिल बैंक लिमिटेडले नेपाल बङ्गलादेश बैंक लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको साविक नेपाल बङ्गलादेश बैंक लिमिटेड ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचना द्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

जनक भट्टराईको छोरी बोध राज भक्त उप्रेतीको बुहारी, सोमराज उप्रेतीकी श्रीमती मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं. १९/१९४, (जारी मितिः २०५३/०८/३०, स्थान मकवानपुर) भएकी **श्रीमती असिना देवी उप्रेती।**

जमानतकर्ताहरु

१. लक्ष्मण भक्त उप्रेतीको नाति बोध राज भक्त उप्रेतीको छोरा मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं.८५५, (जारी मितिः २०३३/०३/३१, स्थान मकवानपुर) भएको **श्री सोमराज उप्रेती।**
२. बोध राज भक्त उप्रेतीको नाति सोमराज उप्रेतीको छोरा मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं. ७६६, (जारी मितिः २०५९/०७/१३, स्थान मकवानपुर) भएको **श्री दिपेश कुमार उप्रेती।**
३. विष्णु हरी पौडेलकी छोरी, सोमराज उप्रेतीकी बुहारी, दिपेश कुमार उप्रेतीकी श्रीमती मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने , ना.प्र.नं.३१-०१-७३-०००२६ (जारी मितिः २०७३/०१/०५, स्थान मकवानपुर) भएकी **श्रीमती संगिता पौडेल उप्रेती।**
४. बोध राज भक्त उप्रेतीको नाति सोमराज उप्रेतीको छोरा मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने नागरिकता नं. ६६३०, (जारी मितिः २०६०/०५/०३, स्थान मकवानपुर) भएको **श्री विशेष राज उप्रेती।**
५. मान बहादुर श्रेष्ठकी छोरी, सोमराज उप्रेतीकी बुहारी, विशेष राज उप्रेतीकी श्रीमती मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने , ना.प्र.नं.३३३०८१/८७० (जारी मितिः २०६३/११/२, स्थान बारा) भएकी **श्रीमती दिलमाया श्रेष्ठ।**

धितोको विवरणः

धितोमा रहेको घर जग्गाको विवरणः

मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ स्थायी घर भई हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. ०२ बस्ने **श्रीमती असिना देवी उप्रेती**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको बारा जिल्ला पिपरा सिमरा गा.वि.स, वडा नं. २ मा अवस्थित कि.नं. १८९२ क्षेत्रफल ०-०-०-१० विघाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सवारी साधन लिलाम बिक्री सम्बन्धी शीलबन्दी बोलपत्र आह्वानको १५ दिने सूचना

प्रकाशित मिति : २०८०/०१/२१ गते

यस महालक्ष्मी विकास बैंक लि. दरबारमार्ग शाखाबाट तपाई ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०७६/३/१० र मिति २०७८/५/१७ को अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकोले सुरक्षण बापत रहेको सवारी साधनहरु जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) आव्हान समेत गरिएको छ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा सुरक्षण रहेका सवारी साधनहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ बमोजिम आवश्यक कारवाही अगाडी बढाईने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

दरबारमार्ग शाखा :

१) ऋणी : श्री नेपाल डिजिटल सर्भिस प्रा. लि.
दर्ता नं. १५४१७४/०७३/०७४, मिति : २०७३/०५/०१
पान नं. ६०४३०८३५७
(सञ्चालक श्री लक्ष्मी प्रसाद पौडेल)
बाबु : श्री होम प्रसाद पौडेल, बाजे : श्री सुदाखर पौडेल
ठेगाना : का.म.न.पा. ७, मित्रपार्क, काठमाण्डौ
व्यक्तिगत जमानीकर्ता :
क) श्री : लक्ष्मी प्रसाद पौडेल, बाबु : श्री होम प्रसाद पौडेल, बाजे : श्री सुदाखर पौडेल
ख) श्री : दिनेश प्रसाद अर्याल, बाबु : श्री रुद्र प्रसाद अर्याल, बाजे : श्री रेशमी लाल अर्याल

क्र.सं.	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
१.१	Jeep Compass Limited Plus (0) 4*4	इन्जिन नं. : 4015965 च्यासिस नं. : MCANJRCYXJFA29060*45 गाडी दर्ता नं. : बा २० च ७१११ बनेको साल : २०१८	दरबारमार्ग शाखा, काठमाण्डौ

२) ऋणी : श्री इन्द्र बहादुर थापा क्षेत्री
ठेगाना : ज्ञानेश्वर-३३, काठमाण्डौ
बाबु : श्री प्रेम बहादुर थापा, बाजे : श्री डम्बर बहादुर थापा
व्यक्तिगत जमानीकर्ताहरु :
(क) श्रीमती उमा थापा, बाबु : श्री रेशम बहादुर कुवर, ससुरा : श्री प्रेम बहादुर थापा, पति : श्री इन्द्र बहादुर थापा क्षेत्री

क्र.सं.	लिलाम हुने सवारी साधन	स्पेशिफिकेशन	सवारी साधन रहेको स्थान
२.१	TATA Moters Ace Mega	इन्जिन नं. : 0.8LTDICRAIL06NTYSC3658 च्यासिस : MAT535002GVN57092 गाडी नं. : बा १७ च ९४३ बनेको साल : २०१७	दरबारमार्ग शाखा, काठमाण्डौ

शर्तहरु:

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय, काठमाण्डौ, कर्जा असुली विभागबाट प्रति बोलपत्र फारम रु.५००/(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ।
२. व्यक्ति, फर्म, कम्पनी वा संस्थाले छुट्टा छुट्टै आवेदन दिन पनि सकिनेछ।
३. बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस बैंकको केन्द्रीय कार्यालय स्थित विविध खाता नं.९९९२०४०१०१०२०१ मा धरौटी स्वरुप जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ।
४. शीलबन्दी बोलपत्रहरु मिति २०८०/२/०४ गते बिहीबार कार्यालय समय भित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभागमा दर्ता भई सक्नुपर्नेछ। म्याद नाघी आएका वा रीत नपुगेका वा शर्त सहित प्राप्त बोलपत्र उपर कारवाही गरिने छैन।
५. प्राप्त बोलपत्रहरु मिति २०८०/२/५ गते शुक्रबार अपहरान्ह १.०० बजे यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभागमा बोलपत्रदाता वा निजको प्रतिनिधी तथा अन्य पदाधिकारीहरुको रोहबरामा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र पेश गर्ने अन्तिम दिन वा खोलिने दिन आकस्मिक सार्वजनिक बिदा पर्न गएमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिनमा उपरोक्त कार्यहरु गरिने छ।
६. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र यस बैंकमा नगद दाखिला गरी सवारी साधन आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सवारी साधन नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी राजश्व तथा अन्य खर्च सकार गरीलिने बोलपत्रदाताले नै व्योहोर्नु पर्नेछ।
७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभएमा धरौटी रकम स्वतः जफत हुनेछ। बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात धरौटी बापत राखेको रकम भुक्तानी गरिनेछ। साथै धरौटी रकममा कुनै ब्याज प्रदान गरिने छैन।
८. लिलाम बिक्री हुने सवारी साधन हेर्न/बुझ्न चाहनेले कार्यालय खुलेको दिन बिहान १०:०० बजे देखि दिनको ३:०० बजेसम्म यस बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी हेर्न/बुझ्न सकिनेछ।
९. बोलपत्र फारमसाथ बोलपत्रदाताको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र फर्म वा कम्पनी भएमा नबीकरण सहितको दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।
१०. बैंकको हितमा कुनै पनि बोलपत्र कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
११. यस सम्बन्धमा थप केही जानकारी आवश्यक भएमा यस बैंकको कर्जा असुली विभाग, थापाथलीमा सम्पर्क गर्न सकिनेछ।

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौं फोन नं. ०१-५३६८१५३, ५३६८७१९ | कर्जा असुली विभाग थापाथली, काठमाण्डौं फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य www.mahalaxmibank.com

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०१/२१

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय विरगंज, पर्साबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋण कर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले

पक्राउ पर्न...

पृष्ठ १ बाट क्रमशः

बताए। त्यस्तै, पूर्वमन्त्री रायमाझीको पनि ठगीमा संलग्नताको प्रमाण भेटिएको प्रहरीले जनाएको छ। उनलाई पक्राउ गर्नुपर्ने दुई प्रमाण प्रहरीसँग छ। अभियुक्त सानु भण्डारीले बयानमा उनलाई पैसा बुझाएको बताएका छन्। साथै डायरीमा पनि उनलाई पैसा बुझाएको विवरण फेला परेको छ भने अर्कोतर्फ उनका छोरा सन्दीपको बैंक खातामै पटक-पटक पैसा पठाएको पुष्टि भएपछि बाउ-छोराविरुद्ध अदालतले पक्राउ पुर्जी जारी गरेको हो।

उनका छोरा सन्दीपलाई साँझ बुटवलबाट पक्राउ गरिएको छ। उनलाई काठमाडौं पठाइने जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता डिएसपी श्यामु अर्यालले बताए। पीडितबाट उठाएकोमध्ये केही पैसा रायमाझी बाउछोराले लिएको पीडितको बयानका आधारमा उनीहरू पनि अनुसन्धानमा तानिएका हुन्। पक्राउ परेका पाँच बिचौलियामध्ये सानु भन्डारी र सन्देश शर्मासँग उनीहरूले पैसा लिएको प्रहरीको दाबी छ।

सचिव पाण्डेको यसअघि नै प्रहरीले पक्राउ गरेका केशव दुलाल र सन्देश शर्मासँग निकटतम सम्बन्ध देखिएको छ। भुटानी शरणार्थीसम्बन्धी कार्यदलको प्रतिवेदन कार्यान्वयन गराउने आश्वासन पीडितलाई दिएर सहजीकरण गरेको तथा बिचौलियाहरूलाई संरक्षणको भूमिका पाण्डेको छ। 'भुटानी शरणार्थी प्रकरण मात्र होइन, सिडिओको सरुवादेखि भिजिट भिसासम्म अभियुक्त दुलालले सचिव पाण्डेसँग मिलेर पैसा उठाउने गरेको देखियो,' जिल्ला प्रहरी परिसर काठमाडौंका एक अधिकारीले भने। कांग्रेस नेतृ सुजाता कोइराला परराष्ट्रमन्त्री हुँदा उनका पिए रहेका दुलालको कर्मचारी प्रशासनमा राम्रो सम्बन्ध छ। खासगरी बिचौलियाका रूपमा उनले कर्मचारीको विश्वास जितेका थिए। पाण्डे र दुलालबीच लेनदेनका विषयमा भएको लामो ह्वाट्सएप च्याट प्रहरीले भेट्टाएको छ।

मंगलबार मात्र प्रहरीले तत्कालीन गृहमन्त्री रामबहादुर थापा 'बादल'का सुरक्षा सल्लाहकार डा. इन्द्रजित राईलाई पक्राउ गरेको थियो। यसअघि पक्राउ परेका बिचौलियाको बयानका आधारमा उच्चपदस्थहरू तानिएका हुन्। ठगी धन्दामा संलग्न रहेको अभियोगमा प्रहरीले केशव दुलाल, सानु भण्डारी, टंककुमार गुरुङ, सागर राई र सन्देश शर्मालाई पक्राउ गरेको थियो। उनीहरू सबैको नेता तथा कर्मचारीतन्त्रमा निकटतम सम्बन्ध थियो।

यो गिरोहले करिब नौ सयजनालाई ठगी गरेको र प्रतिव्यक्ति कम्तीमा दश लाखका दरले रकम उठाइएको प्रहरीको प्रारम्भिक आकलन छ। फसिने भएपछि कतिपयको रकम फिर्ता पनि गरिएको छ। जाहेरी आउने क्रम जारी रहेको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी सीताराम रिजालका अनुसार हालसम्म २० वटा जाहेरी परेका छन्, जसमा २३ करोड २५ लाख रुपैयाँ ठगी गरेको विवरण उल्लेख छ। ठगी र संगठित अपराध कसुरमा प्रहरीले यो प्रकरणमा अनुसन्धान गरिरहेको छ। जस क्रममा धमाधम उच्चपदस्थहरू अनुसन्धानको दायरामा तानिएका छन्।

किन दुई वर्षपछि मात्र पक्राउ परे ?

दुई वर्षअघिदेखि नै पीडितहरू आफू ठगिएको महसुस गरी न्यायका लागि प्रहरीकहाँ धाउन थालिसकेका थिए। तर, उच्चपदस्थ व्यक्तिहरू जोडिएकाले प्रहरीले आँट गरेको थिएन। ठीक एक वर्षअघि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सानु भण्डारीलाई पक्राउ गरेको थियो। तर, गृह मन्त्रालयकै दबाबमा उनी केही घन्टामै छुटे। त्यतिवेला गृहमन्त्री बालकृष्ण खाण र गृहसचिव बुधबार पक्राउ परेका टेकनारायण पाण्डे थिए। 'माथिको' दबाबका अगाडि प्रहरीको केही लागेन।

पक्राउ परेकामध्ये दुलाल र भण्डारीसँग सचिव पाण्डेको निकटता थियो। एकपटक भेट्न आएका पीडितहरूसँग उनले 'पैसा फिर्ता गर्न भण्डारीलाई भनिदिने' आश्वासनसमेत दिएका थिए। तर, गृह मन्त्रालयले अनुसन्धान अघि नबढाउन प्रहरीलाई निरन्तर दबाब दियो। त्यसकै लागि गिरोहले गृह प्रशासनलाई आर्थिक प्रभावमा पारेको थियो। भण्डारीले नै यस्तो बयान दिएपछि प्रहरी अनुसन्धान उच्चपदस्थसम्म पुगेको हो।

गत ११ चैतमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले यो प्रकरणको फेरि अनुसन्धान सुरु गऱ्यो। सुरुमा तीनजनालाई पक्राउ गरी प्रहरीले अनुसन्धान अघि बढाएको थियो। तर, भोलिपल्टैदेखि अनुसन्धानमा चलखेल सुरु भयो। सामान्य ठगी मुद्दा चलाउने र त्यसमा संलग्न उच्चपदस्थलाई जोगाउन केही प्रहरी अधिकारी र राजनीतिक नेतृत्व नै सक्रिय बने। प्रहरीले संगठित अपराध (नियन्त्रण) ऐनअन्तर्गत अनुसन्धान गर्नुपर्ने बताएपछि जिल्ला सरकारी वकिल कार्यालयले अस्वीकार गरेको थियो। प्रहरीले मुद्दा बुझाउने तयारी गरिरहेका वेला सन्देश शर्मा पक्राउ परेपछि अनुसन्धान लम्बिएको थियो। त्यसपछि बल्ल संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान अघि बढेको हो।

यो ठगी योजनाको सुरुवात ०७४ देखि नै भएको थियो। गृह मन्त्रालयमा सेटिङ मिलाई शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै एक समूहले पैसा उठाउन थालिसकेको थियो। ०७६ को जेठमा गृह मन्त्रालयले भुटानी शरणार्थीको समस्या समाधानका लागि पूर्वसहसचिव बालकृष्ण पन्थीको अध्यक्षतामा कार्यदल गठन गरेको थियो। सो कार्यदल बनेपछि पीडितहरूले ढुक्क भएर पैसा बुझाउन थालेका थिए।

पन्थी कार्यदलको प्रतिवेदनमा चार सय २९ जना भुटानी शरणार्थी प्रमाणीकरणमा छुटेको उल्लेख छ। यद्यपि, प्रतिवेदनमा पैसा उठाइएका व्यक्तिहरूको नाम पनि राखिएको थियो। तर, गृहले प्रहरीमा बुझाएको प्रतिवेदनमा भने पीडितहरूको नाम उल्लेख छैन। त्यसकारण प्रतिवेदनमा किर्ते गरेको आशंका गरिएको छ। गोप्य रहेको प्रतिवेदन गृहकै अधिकारीले ठगीमा संलग्नलाई दिएका थिए। सोही प्रतिवेदन उनीहरूको ठगीको हतियार बन्यो। ठगी गिरोहका सदस्यहरूले गृह मन्त्रालयमै लगेर उच्चपदस्थ व्यक्तिलाई भेटाउने गरेकाले आफूहरू विश्वस्त भएर पैसा बुझाएको पीडितहरूको भनाइ छ।

सो कार्यदलको सदस्यमा इन्द्रजित राईका निकट गणेशबहादुर केसीलाई राखिएको थियो। केसी हाल पक्राउ परेका भण्डारीका साथी हुन्। यसले कार्यदल गठनमै ठगी गिरोहको चलखेल प्रस्ट हुन्छ। केसी हाल ललितपुरको महांकाल गाउँपालिकाको अध्यक्ष छन्। उनी कांग्रेसमा प्रवेश गरेका छन्। समितिको सदस्यसचिवमा गृहकै तत्कालीन अधिकृत दीपक न्यौपाने छन्, जो हाल उपसचिव छन्।

शंकाको भरमा होइन, प्रमाणका आधारमा पक्राउ गरेका हौं

डिआइजी कुवेर कडायत, प्रवक्ता नेपाल प्रहरी

यो ठगी मुद्दामा सबैजना प्रमाणकै आधारमा पक्राउ परेका हुन्। आशंकाका आधारमा कसैलाई पक्राउ गर्न मिल्दैन र पक्राउ पुर्जी पनि प्रहरीले चाहेर मात्र जारी हुने होइन। अनुसन्धानका क्रममा जुटेका प्रारम्भिक प्रमाणका आधारमा न्यायाधीशबाट पक्राउ पुर्जी जारी हुने हो। अदालतले त्यत्तिकै पक्राउ पुर्जी जारी गर्दैन, प्रमाण केलाएर हेर्छ। पक्राउ परेपछि प्रहरीले थप प्रमाणहरू खोज्नेछ, त्यसक्रममा अरू थप व्यक्तिहरूको संलग्नता खुल्दै जाँदा उनीहरू पनि पक्राउ पर्नेछन्। माननीय (टोपबहादुर रायमाझी)को हकमा पक्राउको आफ्नै प्रक्रिया छ। पक्राउअघि संसद्लाई जानकारी दिनुपर्छ। अनुसन्धान अधिकृतले सायद प्रक्रिया अघि बढाएको छ।

साढे १५...

पृष्ठ १ बाट क्रमशः

प्रभावितको ६५.३ प्रतिशतमा मोतियाविन्दुको समस्या देखिएको छ। यसबाहेक कर्नियामा समस्याबाट ६.१ प्रतिशत, ग्लुकोमाबाट ५.८ प्रतिशत, आँखाको पछाडिको भागका देखिने विभिन्न रोगबाट ९.२ प्रतिशत प्रभावित भइरहेका छन्। आँखाको पछाडिको भागका देखिने समस्या अर्थात् रेटिना, कोरोइड र अप्टिक नर्भलाई असर गर्ने रेटिनोप्याथी, अप्टिक न्युरिटिस, म्याकुलर डिजेनेरेसन, इन्ट्राभिट्रेस हेमोरेज र रेटिनल डिटेचमेन्ट पनि धेरै मानिस प्रभावित बनेका छन्।

आँखाको ग्लोबमा देखिने समस्याबाट ३.३ प्रतिशत, उमेर बढ्दै जाँदा दृष्टिमा आउने विभिन्न समस्याबाट ५.३ प्रतिशत, मधुमेहका कारण हुने डायबेटिक रेटिनोप्याथीबाट ०.८ प्रतिशत, आँखामा फुलो पर्ने समस्याबाट १.८ प्रतिशत, कर्नियामा हुने सुजनका कारण ०.३ प्रतिशत, मोतियाविन्दुको शल्यक्रियापछि हुन सक्ने जोखिमबाट १.८ प्रतिशत र रेफरेक्टिभ इरर अर्थात् आँखाले प्रकाशलाई सही तरिकाले रेफरेक्ट नसक्दा धमिलो देखिने समस्याबाट ०.६ प्रतिशत प्रभावित रहेको पाइएको छ। जसमध्ये ९० प्रतिशत प्रभावित ग्रामीण भेगमा बसोवास गर्नेमा रहेकाले समयमा उपचारसम्मको पहुँच न्यून पाइएको इन्टरनेसनल एजेन्सी फर प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी)का दक्षिण एसिया क्षेत्रीय संयोजक युद्धध्वज सापकोटाले जानकारी दिए। उनका अनुसार आँखाको सामान्य समस्या देखिँदा उपचार गर्न सकेमा पूर्णतया निको हुने रोगहरूको समेत उपचार नहुँदा र कतिपय अवस्थामा चिकित्सकको सल्लहबमोजिम चस्मा लगाएर नियन्त्रणमा राख्न सकिने दृष्टिसम्बन्धी समस्याबाट केही मानिस दृष्टि गुमाउन बाध्य भइरहेका छन्। 'नेपालमा मात्रै नभई उपचार अभावमा दृष्टिको समस्यासहित बाँचिरहेकाको संख्या विश्वभरि नै उच्च देखिन्छ। तथ्यांक हेर्दा दृष्टिमा समस्या भोगिरहेका २.२ बिलियन जनसंख्यामध्ये झन्डै एक बिलियनमा उपचारको माध्यमबाट समस्या समाधान गर्न सकिन्छ,' सापकोटाले भने।

विभिन्न कारणले हुने अन्धोपन र धमिलो दृष्टि हाल मुख्य समस्याका रूपमा देखिएको चिकित्सकहरूको भनाइ छ। मोतियाविन्दुको उपचार बर्सेनि बढिरहे पनि अझै पर्याप्त नभएको उनीहरू बताउँछन्। आँखामा देखिने समस्याबारे ज्ञान नहुनु र विशेष गरी बालबालिकाका आँखामा हुने समस्या समयमा पत्ता नलाग्नुले समेत समस्या भइरहेको काठमाडौं मेडिकल कलेजकी प्राध्यापक डा. सविना श्रेष्ठले बताइन्। तर, रेफरेक्टिभ इरर, मोतियाविन्दु, जलविन्दुलगायत समस्याको उपचारमा भने बिस्तारै वृद्धि भइरहेको चिकित्सकहरू बताउँछन्। तथ्यांकका अनुसार बढी समस्या निम्त्याइरहेको मोतियाविन्दुको उपचारको पहुँचमा ८२.७% मानिस छन्। अस्पतालहरूले एनएचआरसीको सहयोगमा गरेको अध्ययनले देशभर मोतियाविन्दुबाट प्रभावितमध्ये ८०.९% महिला र ८४.७% पुरुषमा सर्जरीको माध्यमबाट उपचारको पहुँचमा छन्। जसमध्ये ७८.२% मा आँखाको दृष्टि पूर्णतया सामान्य अवस्थामा फर्किएको पाइएको छ।

दुर्गम क्षेत्रका अधिकांश स्थानमा आँखा उपचार सेवाको पहुँच पर्याप्त नहुनु तथा विशिष्टीकृत आँखा स्वास्थ्य उपचार केन्द्रित उपचार गर्ने अस्पतालहरूको मात्र विस्तार हुनु र आवश्यकताअनुसार उपलब्ध आँखा स्वास्थ्य जनशक्तिको समतामूलक वितरण हुन नसक्नुलगायत कारणले उपचारमा पहुँच कम भएको भन्दै स्वास्थ्य मन्त्रालयले राष्ट्रिय आँखा स्वास्थ्य रणनीति- २०६९-८६ ल्याएको छ। सेवाको गुणस्तर मापन र नियमन गर्न चुनौतीपूर्ण रहेको र आँखा स्वास्थ्य सेवामा सार्वजनिक, निजी साझेदारीको अवधारणालाई प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त संयन्त्रको विकास गर्न नसक्दा समस्या भइरहेकाले रणनीति ल्याइएको मन्त्रालयअन्तर्गत नीति तथा अनुगमन महाशाखाका वरिष्ठ अधिकृत रवि मिश्रले जानकारी दिए। उनले न्यूनदृष्टि एवं दृष्टिविहीनहरूलाई समुदायमा आधारित दृष्टि पुनर्स्थापना सेवामा पहुँच पुऱ्याउने र संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमार्फत आँखा स्वास्थ्य सेवालाई वडास्तरसम्म विस्तार गर्ने पहल भइरहेको बताए।

नवौंपटक...

पृष्ठ १ बाट क्रमशः

शेखर-गगन समूहका हुन्। यो समूहले तीन मन्त्रालयमा अडान राख्दै आएको थियो। कोइरालाले सभापति शेरबहादुर देउवासँग तीन मन्त्री र एक राज्यमन्त्री पाउने गरी नाम पठाउन सहमति गरेका थिए। यस्तो सहमतिबारे इतर समूहमा कोइराला र थापाले ब्रिफिङ नै गरेका थिए। तर, अन्त्यमा इतर समूह पछाडि हटेर दुई मन्त्रीमा सहमति बनेपछि मन्त्रिपरिषद् विस्तार भएको हो।

उपनिर्वाचनको मुखमा कांग्रेसभित्र विवाद हुने देखेपछि सभापति देउवाले उपनिर्वाचनसम्म मन्त्रिपरिषद् विस्तार थाती राखेका थिए। स्रोतका अनुसार सहमतिअनुसार कोइरालाले केही दिनअघि नै आफ्नो समूहबाट सरकारमा सहभागी हुने चारजनाको नाम पठाएका थिए। तर, केही दिन ढिलो गरी देउवाले संस्थापन पक्षका मोहनबहादुर बस्नेतसहित इतरका दुई नाम मात्रै प्रधानमन्त्रीलाई बुझाएका थिए।

महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले युवा नेता प्रदीप पौडेललाई मन्त्री बनाउन जोडबल गरेका थिए। तर, पौडेलको नाम मन्त्रीको लिस्टमा अटाउन सकेन। साथै, राष्ट्रपति रामचन्द्र पौडेलनिकट सुरेन्द्र आचार्यको नाम पनि चर्चामा थियो। तर, अन्त्यमा उनको नाम पनि मन्त्री बन्ने सूचीमा परेन। १० पुसमा प्रधानमन्त्री नियुक्त भएपछि प्रचण्डले १० पुस, ३ माघ, १४ माघ, २३ माघ, १४ फागुन, १६ फागुन, १७ चैत र ३ वैशाखमा गरी आठपटक मन्त्रिपरिषद् विस्तार गरेका थिए। कांग्रेसले १७ चैतमा चार र ३ वैशाखमा एक मन्त्रीलाई सरकारमा सहभागी गराएको थियो।

रास्वपा महामन्त्री ढकाल भन्छन्- सरकारमा रास्वपाको सहभागिता सम्भावना टरेको छैन

राष्ट्रिय स्वतन्त्र पार्टीले सरकारमा जाने या समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्ने भन्नेबारे शुक्रबार निर्णय गर्दै छ। रास्वपाका महामन्त्री मुकुल ढकाल बुधबारको मन्त्रिपरिषद् विस्तारले रास्वपाको सहभागिताको सम्भावना नटर्ने बताउँछन्। 'प्रधानमन्त्रीज्यू हामीलाई रोजेको मन्त्रालय दिन तयार हुनुहुन्छ,' उनले भने, 'गठबन्धनमा कुरा मिलाउने जिम्मा मेरो हो भन्नुभएको छ। शुक्रबार हामीले सरकारमा जाने निर्णय गरेको अवस्थामा भागबन्डामा समस्या हुँदैन। यसमा हामी प्रस्ट छौं। जाने-नजाने भन्ने नै हाम्रा लागि अहिले मुख्य विषय हो।'

'पर्ख र हेर'को अवस्थामा जनमत

प्रधानमन्त्रीले आश्वासन दिएको मन्त्रालय नदिएपछि खानेपानी मन्त्रालयबाट राजीनामा दिएर सरकारबाहिर बसेको जनमत पार्टी अहिले 'पर्ख र हेर'को अवस्थामा छ। मधेस प्रदेश सरकारमा आफ्नो सहभागिता रहेका कारण केन्द्र सरकारलाई दिएको समर्थन उसले कायमै राखेको छ। जनमतको आगामी कदम प्रधानमन्त्रीको व्यवहारमा निर्भर हुने जनमतका नेता बिपी शाहले बताए।

सेवाप्रवाह...

पृष्ठ १ बाट क्रमशः

बैठकको सुरुमै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नीति तथा कार्यक्रम र बजेटमा सुझाव मागेका थिए। 'अहिलेको चुनौतीको सामना गर्ने गरी अगाडि बढ्नुपर्नेछ। साझा धारणा तयार गरेर नीति तथा कार्यक्रम र बजेट तयार पारौं। जसले जनतालाई परिवर्तनको अनुभूति गरोस्। देशमा केही हुँदै छ भन्ने सन्देश जाओस्। डेलिभरी, सुशासन र समृद्धिमा सरकार गम्भीर भएर लागेको छ। जनताको अपेक्षा र आशा बढेका छन्। त्यसलाई सम्बोधन गरेर जानुपर्छ,' उनले भनेका थिए।

त्यसपछि शीर्ष नेताहरूले पनि जनताका आशा, अपेक्षा सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम र बजेट आउनुपर्ने मत राखे। कांग्रेस सभापति शेरबहादुर देउवाले अर्थतन्त्र सुधार गर्दै जानुपर्ने सुझाव दिएका छन्। 'देशको अवस्था र जनताको अपेक्षालाई ख्याल गरेर कार्यक्रम तयार गर्नुपर्छ। न्यूनतम साझा कार्यक्रमका आधारमा सबैका सुझाव समेटेर कार्यान्वयन गर्ने खालको कार्यक्रम बनाउनुपर्छ,' छलफलमा उनको धारणा थियो।

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जनताका आशा र अपेक्षा धेरै रहेको भन्दै त्यसलाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम र बजेट आउनुपर्ने सुझाव दिए। 'अर्थतन्त्रलाई उकास्नुपर्नेछ, जनतालाई प्रत्यक्ष अनुभूति हुने गरी डेलिभरी दिनुपर्नेछ। ठोस परिस्थितिको ठोस विश्लेषण गरेर कार्यक्रम तयार पार्नुपर्छ,' उनले भनेका थिए।

नागरिकता विधेयकमा चासो

संघीय संसद्बाट पारित भएर राष्ट्रपति कार्यालयमा रहेको नागरिकता विधेयकबारे पनि बैठकमा छलफल भएको छ। नागरिकता विधेयक राष्ट्रपतिबाट जारी गर्नुपर्नेमा नेताहरूले जोड दिएका छन्। बैठकमा जसपा र लोसपाका नेताहरूले नागरिकता विधेयकबारे चासो राखेका थिए। नागरिकता विधेयक तत्काल अघि बढ्नुपर्ने उनीहरूको भनाइ थियो।

प्रधानमन्त्रीले संसद्बाट पारित भएर राष्ट्रपति कार्यालयमा रहेको विधेयकबारे छलफल गरेर अघि बढ्ने बताएको मन्त्री भण्डारीले बताए। 'नागरिकता विधेयक संसद्बाट पारित भएर राष्ट्रपति कार्यालयमा विचाराधीन अवस्थामा भएकाले निर्णय पर्खिने कुरा भएको छ। आशा छ, छिट्टै राष्ट्रपतिबाट प्रमाणीकरण हुनेछ।'

Sharada Municipality
Office of Municipal Executive
Khalanga, Salyan
Karnali Province, Nepal

Invitation for Sealed Quotation for the procurement of Procurement of Medicine for Health post

Sealed Quotation No: SMO/SQ/GOOdS/01/2079/089

Date of Publication :04-05-2023

1. The Sarada Municipality, Khalanga, Salyan invites sealed quotations from registered Suppliers for the Procurement of Medicine for Health post.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Khalanga, Salyan Sharada Municipality Salyan , 088520138, , ito.shaaradamun@gmail.com.
   OR
   [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Sarada Municipality, Khalanga, Salyan Khalanga, Salyan Sharada Municipality Salyan and the office Sarada Municipality, Khalanga, Salyan Khalanga, Salyan Sharada Municipality Salyan by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.00 till 19-05-2023 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :Nepal Bank Ltd. **ii. Name of Office :Sarada Municipality, Khalanga, Salyan**
   iii. Office Code no :GA.1.1.0.1 **iv. Office Account No :07403000001001000001**
   v. Rajaswa (revenue) Shirshak No :
5. Sealed bids must be submitted to the office Sarada Municipality, Khalanga, Salyan Khalanga, Salyan Sharada Municipality Salyan by hand or through e-GP system i.e www.bolpatra.gov.np/egp on or before 19-05-2023 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 19-05-2023 14:00 at the office of Sarada Municipality, Khalanga, Salyan Khalanga, Salyan, Sharada Municipality, Salyan, Karnali Province Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 61250 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[07403000003000000001] at [Nepal Bank Ltd., Khalanga, Salyan] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

नबिल बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८०/०१/२१)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिादा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०७९/०९/०६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साबाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व पछ्युाँट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा घोराही शाखा कार्यालय दाङमा** आईपुग्ने गरी गोप्य सिलवन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बांकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनी तथा जमानतकर्ताहरुको विवरण

नर सिं घर्ति मगरकी छोरी, खड्क बहादुर घर्ति मगरकी बुहारी, लक्ष्मण घर्तिकी श्रीमती, दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स, वडा नं. ०३ स्थायी घर भई हाल दाङ जिल्ला, घोराही नगरपालिका, वडा नं. १० बस्ने, ना.प्र.नं. १४३६/१८०६(जारी मितिः २०६०/०१/२८, स्थान दाङ) भएकी **श्रीमती दुर्गा कुमारी घर्ति।**

व्यक्तिगत जमानतकर्ताः

खड्क बहादुर घर्ति मगरका नाती, लक्ष्मण घर्तिका छोरा, दाङ जिल्ला, घोराही न.पा., वडा नं. १० बस्ने, ना.प्र.नं. ५२-०१-७४-०६६१२ (जारी मितिः २०७४/०९/२४, स्थान दाङ) भएको **श्री भुवन घर्ति मगर।**

धितोको विवरण

दाङ्ग जिल्ला, नारायणपुर गा.वि.स, वडा नं. ०३ स्थायी घर भई हाल दाङ जिल्ला, घोराही नगरपालिका, वडा नं. १० बस्न **श्रीमती दुर्गा कुमारी घर्ति**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको साविक दाङ जिल्ला, नारायणपुर गा.वि.स., वडा नं. २ ग मा अवस्थित कि.नं. २०५८ क्षेत्रफल ४१२ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा घोराही शाखा कार्यालय दाङबाट** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/०२/०४ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा घोराही शाखा कार्यालय दाङमा** बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/०२/०५ गते ३:०० बजे बैंकको घोराही शाखा कार्यालय दाङ मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य र

बिहीबार २१ वैशाख ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

क्रिकेट खेलाडी र प्रशिक्षकलाई सरकारले जनही ६ लाखसहित पुरस्कृत गर्ने

नयाँ पत्रिका
काठमाडौं, २० वैशाख

नेपाल सरकारले एसिसी प्रिमियर कप विजेता नेपाली टोलीलाई नगदसहित पुरस्कृत गर्ने भएको छ। बुधबार बसेको मन्त्रिपरिषद् बैठकले खेलाडी र प्रशिक्षकलाई जनही ६ लाख र अफिसियललाई ३ लाख रुपैयाँसहित पुरस्कृत गर्ने सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी गराइन्।

मंगलबार नेपालले संयुक्त अरब इमिरेट्स (युएई)लाई सात विकेटले हराउँदै प्रिमियर कपको उपाधि जितेको थियो। नेपालको जितमा अलराउन्डर गुल्सन झाले सानदार प्रदर्शन गरेका थिए। दुई दिनसम्म चलेको फाइनल खेलमा नेपाली खेलाडीको प्रदर्शन उत्कृष्ट रहेको थियो। घरेलु मैदानमा उपाधि जितेसँगै नेपालले आगामी सेप्टेम्बरमा पाकिस्तानमा हुने एसिया कपमा स्थान बनाएको थियो। समूह 'ए'मा नेपालले भारत र पाकिस्तानसँग खेल्ने पक्का भएको हो। नेपालले २१ वर्षपछि एसिया कपमा स्थान बनाएको हो। सन् २००२ मा नेपाल छनोट भए पनि भारत र पाकिस्तानको अन्तरिक द्वन्द्वका कारण प्रतियोगिता आयोजना हुन सकेन।

राष्ट्रिय खेलकुद परिषद् राखेपको खेलकुद पुरस्कार कार्यविधिअनुसार एसिसी प्रिमियर कप विजेता खेलाडीले जनही पाँच लाख पाउने थिए। राखेपले हरेक खेलका अन्तर्राष्ट्रिय स्वर्ण पदक विजेता खेलाडीलाई पाँच लाख दिने कार्यविधि बनाएको छ। तर, मन्त्रिपरिषद्ले



फाइल तस्बिर

कार्यविधिमा भएको भन्दा एक लाख थपेर पुरस्कृत गर्ने निर्णय लिएको हो। 'आजको मन्त्रिपरिषद्को बैठकबाट एसिसी प्रिमियर कप क्रिकेट विजेता प्रतिखेलाडी ६ लाख र अफिसियललाई जनही तीन लाख रुपैयाँ नगद पुरस्कार दिने निर्णय गरिएको छ,' प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सामाजिक सञ्जालमा लेखेका छन्।

> सरकारले अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको गुणस्तर विकासका लागि आवश्यक बजेट विनियोजन गर्ने भएको छ

त्रिवि मैदानको गुणस्तर विकास हुने

मन्त्रिपरिषद्को निर्णयले अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको गुणस्तर विकास गर्ने जनाएको छ। त्यसका लागि आवश्यक बजेट विनियोजन गर्ने निर्णयसमेत भएको छ। 'अन्तर्राष्ट्रिय रंगशालालाई गुणस्तर विकास गर्ने र आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरिएको छ,' सामाजिक सञ्जालमा प्रधानमन्त्री दाहालले लेखेका छन्। कीर्तिपुरको त्रिवि मैदान र मूलपानीको माथिल्लो मैदान अन्तर्राष्ट्रियस्तरका हुन्। मूलपानीले पहिलोपटक एसिसी प्रिमियर कपबाट अन्तर्राष्ट्रिय मान्यता पाएको थियो। यस मैदानमा प्यारापिट छैन। कीर्तिपुरमा भने सामान्यतर्फ १२ हजारमाथि समर्थकले खेल हेर्दै आएका छन्।

प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद्को यस निर्णयले नेपाली क्रिकेट खेलाडीलाई प्रोत्साहन र क्रिकेट खेलको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे। 'मन्त्रिपरिषद्को यस निर्णयले नेपाली क्रिकेट खेलाडीलाई प्रोत्साहन र क्रिकेट खेलको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। क्रिकेटमार्फत नेपालको पहिचान र गौरव बढाउने सम्पूर्ण खेलाडीलाई फेरि एकपटक हृदयदेखि बधाई एवं धन्यवाद व्यक्त गर्दछु।'

६ क्रिकेटरलाई नेपाल प्रहरीको सम्मान

नेपाल प्रहरीले राष्ट्रिय क्रिकेट टोलीमा प्रतिनिधित्व गरेका आफ्ना ६ खेलाडीलाई सम्मान गरेको छ। दीपेन्द्रसिंह ऐरी, कुशल भुर्तेल, आसिफ शेख, ललित राजवंशी, करण केसी र गुल्सन झाले घरेलु प्रतियोगितामा नेपाल पुलिस क्लबबाट प्रतिनिधित्व गर्दै आएका छन्।

दीपेन्द्र, कुशल, आसिफ, ललित जागिरे हुन् भने करण र गुल्सन करारमा खेल्दै आएका छन्। नेपाल प्रहरी खेलकुद समितिका अध्यक्ष प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले नेपाल प्रहरी प्रधान कार्यालयमा खेलाडीलाई नगदसहित सम्मान गरेका हुन्। कुँवरले नेपाल प्रहरीका खेलाडीहरूको मनोबल उच्च गराउन, क्षमता अभिवृद्धि गर्न र वृत्तिविकासका लागि संगठन सदैव क्रियाशील रहेको उल्लेख गरे। सम्मानित ब्याट्समयान कुशलले यो सम्मानले आगामी दिनमा अझ उत्कृष्ट प्रदर्शन गर्न प्रेरित गर्ने विश्वास व्यक्त गरेका थिए।

सातौं खेलमा मनाङको हार शृंखला रोकियो

नयाँ पत्रिका
काठमाडौं, २० वैशाख

विदेशी खेलाडी कोफी टिमोथी कुडोको निर्णायक गोलमा मनाङ मर्स्याङ्दी क्लबले सातौं खेलमा हार शृंखला रोकेको छ। सहिद स्मारक ए डिभिजन लिग २०७९-०८० को पछिल्लो ६ खेलमा मनाङ पराजित भएको थियो। बुधबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मनाङले विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई १-० ले पराजित गरेको हो। खेलको इन्जुरी समयमा अफ्रिकन राष्ट्र टोगोका कोफीले गरेको गोल नै निर्णायक बन्यो। विजय श्रेष्ठले मिलाएको पासलाई कोफीले सहज फिनिसिङ गरे। उनको प्रहार आर्मीका गोलकिपर विकेश कुथूले रोक्न सकेनन्। १४औं खेलमा पाँच जितपछि १८ अंक जोडेको मनाङ छैटौं स्थानमा उक्लिएको छ। चौथो हारपछि समान खेलबाट २० अंक जोडेको आर्मी पाँचौं स्थानमा रह्यो।

■ जितको श्रेय प्रशिक्षक श्रेष्ठलाई

मनाङले मुख्य प्रशिक्षकविना जित निकालेको हो। लगातार ६ हारपछि मुख्य प्रशिक्षक किरण श्रेष्ठले क्लब छाडेका थिए। श्रेष्ठको अनुपस्थितिमा गोलकिपर प्रशिक्षक प्रविन श्रेष्ठले प्राविधिक क्षेत्र सम्हालेका थिए। सहायक प्रशिक्षक प्रविन श्रेष्ठले जितको श्रेय मुख्य प्रशिक्षक किरणलाई नै जाने बताए। 'यो जित हामी किरण श्रेष्ठलाई समर्पित गर्छौं,' उनले भने। 'लगातारको हारपछि खेलाडीमा खिन्नता थियो। प्रशिक्षकले छाडेपछि उहाँकै लागि पनि जित्नुपर्छ भन्ने थियो। खेलाडी पनि किरण दाइका लागि खेल्न तयार भए। मैले पनि १३ खेलमा उहाँकै सिको गरेको थिएँ। उहाँकै कारण जित भयो,' उनले भने। यसअघि कीर्तिमानी आठपटक लिग जितेको मनाङ चर्च ब्वाइज, नेपाल पुलिस, खुमलटार, आर्मी, जावलाखेल र सातदोबाटोसँग लज्जास्पद हार बेहोर्न पुगेको थियो।

जितसँगै मनाङले पहिलो लेगको हारको बदला पनि लियो। पहिलो लेगमा आर्मीले १-० को जित निकालेको थियो। सुदिल राईले ७५औं मिनेटमा निर्णायक गोल गरेका थिए। हारपछि आर्मीका प्रशिक्षक नवीन न्यौपानेले दुवै टोलीले उत्तिकै अवसर सिर्जना गरे पनि मनाङ अन्तिम समयमा सफल भएको बताए। 'दुवै टोलीको खेल बराबर थियो। अवसरसमेत उस्तै पाएका थिए। तर, अन्तिममा मनाङले गोल गऱ्यो,' उनले भने। न्यौपानेले रक्षापंक्ति कमजोर हुँदा गोल बेहोर्न पुगेको बताए। 'मनाङ आज संगठित भएर खेल्यो। हाम्रो मुख्य रक्षक विकास खवास घाइते हुँदा समस्या भयो। उनी नहुँदा धेरै गल्ती पनि भयो,' उनले भने। बुधबार नै भएको अन्य खेलमा चर्च ब्वाइज युनाइटेड र हिमालयन शेर्पाले जित निकाले। चर्चले फ्रेन्ड्सलाई २-१ तथा हिमालयन शेर्पाले सातदोबाटो युथलाई १-० ले हराएका थिए।

■ चर्च ब्वाइजको रोमाञ्चक जित

अन्तिम पाँच मिनेटमा दुई गोल गर्दै चर्च ब्वाइज युनाइटेडले सहिद स्मारक ए डिभिजन लिगमा फ्रेन्ड्स क्लबविरुद्ध २-१ को पुनरागमन जित निकालेको छ। दशरथ रंगशालामा अन्तिम ८६ मिनेटसम्म फ्रेन्ड्सले १-० को अग्रता लिएको थियो। तीन अंकतर्फ अग्रसर भएको फ्रेन्ड्स रक्षापंक्तिको गम्भीर गल्तीका कारण तीन अंक गुमाउन पुग्यो। चर्च ब्वाइजको जितमा अञ्जन विष्ट र आशिष चापागाईंले समान एक गोल गरेका थिए।



> कीर्तिमानी आठपटकको विजेता मनाङ मर्स्याङ्दी क्लबले लगातार ६ खेलको हार शृंखला रोकेको छ

■ हिमालयन शेर्पाको जित

हिमालयन शेर्पाले बुधबार नै भएको खेलमा सातदोबाटो युथ क्लबलाई १-० ले पराजित गरेको छ। पहिलो हाफमा दुवै टोलीले गोलरहित बराबरी खेल्दा दोस्रो हाफमा हिमालयन शेर्पाले अग्रता लिएको थियो। जितपछि १४ खेलबाट १७ अंक जोडेको हिमालयन शेर्पा आठौं स्थानमा उक्लिएको छ। समान खेलबाट २२ अंक जोडेको सातदोबाटो युथ क्लब चौथो स्थानमा झरेको छ। च्यासल रंगशालामा खामिर गिल्सेन कन्दवाले विजयी गोल गरेका थिए। ६५औं मिनेटमा खामिरले पिस्टोन मुटाम्बाको पास सदुपयोग गरेका थिए। लगातार वर्षा हुँदा च्यासल मैदान हिलाम्मे बनेको थियो। जसका कारण दुवै टोलीलाई खेलमा समस्या भएको थियो।

बक्सिङको प्रारम्भिक छनोट सम्पन्न

नयाँ पत्रिका
काठमाडौं, २० वैशाख

लुम्बिनी प्रदेशकी माया केसीलाई पराजित गर्दै महिला ५० केजी तौलसमूहबाट बागमती प्रदेशकी अस्मिता दुवालले १९औं एसियन गेम्सको प्रारम्भिक छनोटमा स्थान बनाएकी छिन्। ५४ केजी तौलसमूहमा सशस्त्र प्रहरी बल एपिएफकी सन्जुमाया थिङलाई पराजित गर्दै त्रिभुवन आर्मी क्लबकी मिनु गुरुङ छनोट भइन्। महिलातर्फ ५७ केजी तौलसमूहमा आर्मीकै चन्द्रकला थापा, ६० केजी तौलमा आर्मीकै वर्षा श्रेष्ठ, ६६ केजी तौलमा आर्मीकै



नीरु गुरुङ, महिला ७५ केजी तौलसमूहमा एपिएफकी मनिता राई छनोट भए।

सातदोबाटोस्थित बक्सिङ हलमा पुरुषतर्फ ५१ केजी तौलसमूहमा आर्मीका सुशील थापा, ५७ केजी तौलसमूहमा बागमतीका बुद्ध ग्याम्जो लामा, ६३.५ केजी तौलसमूहमा बागमती प्रदेशका मौसम रानामगर, ७१ केजी तौलसमूहमा आर्मीका दिपेश लामा छनोट भए। पुरुष ८० केजी तौलसमूहमा आर्मीका दीपक श्रेष्ठ, ९२ केजीमा गण्डकी प्रदेशका दीपक सुनार, ९२ केजीमा आर्मीका आशिष दुवाडी छनोट भए।

चिल्ड्रेन र गोर्खाली सेमिफाइनलमा

बागलुङ/ चिल्ड्रेन लाइफ स्पोर्टस् क्लब र वीर गोर्खाली युवा क्लब जेसिज कप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। बागलुङको बागेचौर खेलमैदानमा भएको खेलसँगै सेमिफाइनल समीकरण पूरा भएको छ। यसअघि श्री मेयर गण र कालीपुल युनाइटेड अन्तिम चारमा पुगेका थिए।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय विराटनगरको

सफाईको सबुत प्रमाण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुको देहाय बमोजिमका आ.व.हरुको कारोबारको छानविन तथा अनुसन्धान गरी आयकर ऐन, २०५८ को दफा १०१(१) बमोजिम संशोधित कर निर्धारण र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ग) र (घ) बमोजिम मू.अ.कर निर्धारण गर्नुपर्ने भएकोले सो प्रयोजनको लागि आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिमको संशोधित करयोग्य आय कायम गरिएको सूचना तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिमको प्रारम्भिक कर निर्धारण आदेश जारी गरिएको पत्रहरु कार्यालयको अभिलेखमा उपलब्ध करदाताको ठेगानामा रजिष्ट्री गरी हुलाक मार्फत पठाइएको, Integrated Tax System (ITS) बाट Message पठाइएको साथै ITS मा उपलब्ध Email Address मा इमेल समेत गरिएको छ। त्यसरी संशोधित करयोग्य आय कायम गर्नु नपर्ने तथा मू.अ.कर निर्धारण गर्नु नपर्ने कुनै कारण भए कार्यालयमा सम्पर्क गरी कर निर्धारण सम्बन्धी सूचना तथा आदेशहरु बुझिलिई सफाईको सबुत प्रमाण यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पेश गर्नुहुन आयकर ऐन, २०५८ को दफा ७९ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३६ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१(२) बमोजिम सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उपर्युक्त बमोजिमको समयावधिभित्र ठोस सबुत प्रमाण पेश नगरेमा आयकर ऐन, २०५८ को दफा १०२ अनुसार संशोधित कर निर्धारणको सूचना र मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) अनुसार अन्तिम कर निर्धारण हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

तपसील :

सि.नं.	करदाताको नाम	स्थायी लेखा नं.	साझेदारहरु	आ.व.	कर निर्धारण भएको
१	अवनीश एग्रीगेट इण्डस्ट्रीज	३०१५३७४३८	१. अशोक कुमार मुरारका २. कृष्ण प्रसाद प्रसाई	२०६१।६२ देखि २०७०।७१ सम्म (दश आ.व.)	आयकर र मू.अ.कर
२	ओम साइबाबा क्रसर उद्योग	३०१३२५८८०	१. अशोक कुमार मुरारका २. अभिषेक कुमार मुरारका ३. कृष्ण प्रसाद प्रसाई	२०६१।६२ देखि २०७०।७१ सम्म (दश आ.व.)	आयकर र मू.अ.कर

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply & Sewerage Management Project
Surkhet

INVITATION FOR BIDS (NCB)

First Date of Publication: 2080/01/21 BS

Federal Water Supply & Sewerage Management Project, Surkhet invites electronic bids under e-Procurement system of PPMO from eligible and qualified bidders for the procurement of following works.

Contract No.	Description of Works	Estimated Amount Without VAT & PS	Cost of bid Document	Bid Security Amount	Last date of bid submission
06/FWSSMP-Surkhet/NCB/WORKS/79-80	Taranga Water Quality Improvement Project, Barahatal RM 4, Surkhet	NRs. 1,65,44,341.39/-	NRs. 3,000/-	NRs. 5,00,000/-	2080/02/21 12:00 Noon

1. A complete set of Bidding Documents need to be purchased from e-Procurement system of PPMO http://www.bolpatra.gov.np/egp only, upon payment of a non-refundable fee of 3,000/- NRs. on below account number before 2080/02/21 12:00 Noon.
   A/C No.: 1000100200010000, Name of the Bank: Rastriya Banijya Bank Ltd., A/C Name: Revenue, Office Code No.: 313016801, Revenue Code No.: 14229.
2. Eligible Bidders may obtain further information from Federal Water Supply & Sewerage Management Project, Surkhet Telephone No.:083-523248, Email: fwssmp.surkhet@gmail.com or may visit PPMO website http://www.bolpatra.gov.np/egp.
3. Bid must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
4. The bid will be opened electronically in the presence of Bidders' representatives, who choose to attend 1:00 PM onwards on the last day of bid submission at Federal Water Supply & Sewerage Management Project, Surkhet.
5. Other related rules and regulations are as per Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 following latest revision and other prevailing laws of Nepal.

Project Chief

Sudurpashchim Provincial Government
Ministry of Social Development
Dhangadhi, Kailali

Invitation for Bids

Date of Publication : 2080/01/21

1. Ministry of Social Development, Dhangadhi, Kailali invites electronic bids from eligible bidders for following bids under National Competitive bidding-two envelope bidding procedures. Only eligible bidders with the following key qualification should participate in this bidding. The bid validity period of all bid shall be 120 days from the last date of bid submissin.

S. N.	Contract Identification Number	Description of Work	Average annual construction turnover of the best 3 year within last 10 years	Minumum work experience of simillar size and nature	Bid Security (NRs)	Bid Document Price (NRs)
1	MoSDSupa/ Works/ 09/2079/080	Construction of Tikapur Sports Academy Buiilding	Nrs. 61.433 Million.	1 Project about Nrs. 73.72 Million without VAT	36,85,000/-	10,000/-

2. Electronic bids must be submitted to **Ministry of Social Development, Dhangadhi, Kailali**, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2080/02/21 (June 4th, 2023). Bids received after this deadline will be rejected.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry of Social Development, Dhangadhi, Kailali, Email: mosdkailali07@gmail.com, Contact No: 091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below .

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : Rastriya Banijya Bank, Dhangadhi Kailali
Name of Office : Ministry of Social Development
Office Code No. : 3500077017
Rajaswa Account no. : 1000100200010000
Rajaswa shirshak No. : 14229

Province Secretary

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com